असार – १

सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन

वर्ष ३०, अङ्क ५ | २०७८, असार १-१५ | पूर्णाङ्क ६९५

प्रकाशक

सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं

फोन नं. ४२००७२८, ४२००७२९, ४२००७५० Ext.२५११ (सम्पादन), २५१४ (छापाखाना), २१३१ (बिक्री)

फ्याक्सः ४२००७४९, पो.व.नं. २०४३८

Email: info@supremecourt.gov.np, **Web:** www.supremecourt.gov.np

सम्पादन तथा प्रकाशन समिति

माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल, सर्वोच्च अदालत - अध्यक्ष
माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल, सर्वोच्च अदालत - सदस्य
मुख्य रजिस्ट्रार श्री लालबहादुर कुँवर, सर्वोच्च अदालत - सदस्य
नायब महान्यायाधिवक्ता श्री पदमप्रसाद पाण्डेय, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय - सदस्य
रजिस्ट्रार श्री निर्मला पौडेल, सर्वोच्च अदालत - सदस्य
अधिवक्ता श्री रूद्रप्रसाद पोखेल, कोषाध्यक्ष, नेपाल बार एसोसिएसन - सदस्य
अधिवक्ता श्री ऋषिराम घिमिरे, सचिव, सर्वोच्च अदालत बार एसोसिएसन - सदस्य
प्रा.डा.विजय सिंह सिजापति, डिन, त्रिभुवन विश्वविद्यालय, कानून संकाय - सदस्य
सहरजिस्ट्रार श्री हरिराज कार्की, सर्वोच्च अदालत - सदस्य सचिव

सम्पादक : श्री ध्रुवकुमार ढकाल

सम्पादन तथा प्रकाशन शाखामा कार्यरत् कर्मचारीहरू

शाखा अधिकृत श्री दिपक पोखरेल
शाखा अधिकृत श्री चन्द्रमणि चापागाइँ
शाखा अधिकृत श्री नरेश कार्की
नायब सुब्बा श्री निरजकुमार ढुंगाना
नायब सुब्बा श्री रूद्र आचार्य
सिनियर प्रुफरिडर श्री रेशम शर्मा
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कम्प्युटर अपरेटर श्री मञ्जु खडका
कार्यालय सहयोगी श्री अच्युत दाहाल

भाषाविद् : श्री रामचन्द्र फुयाल

बिक्री शाखा

नायब सुब्बा श्री निलदेव रिजाल

मुद्रण शाखामा कार्यरत कर्मचारीहरू

मुद्रण अधिकृत श्री कान्छा श्रेष्ठ
मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर हेल्पर श्री तुलसीनारायण महर्जन
नायब सुब्बा श्री शिवहरि अधिकारी
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर बुकबाइन्डर श्री रत्नमाया महर्जन
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सहायक डिजायनर श्री रसना बज्राचार्य
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
सिनियर प्रेसम्यान श्री अर्जुन घिमिरे
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
बुकबाइन्डर श्री धनमाया मानन्धर

विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू

संयुक्त इजलास	९
इजलास नं. २	५
इजलास नं. ४	७
इजलास नं. ५	६
इजलास नं. ६	३
इजलास नं. ७	२
इजलास नं. ८	७
इजलास नं. ९	१२
जम्मा	**५१**

इजलास नं. १०	४
इजलास नं. ११	३
इजलास नं. १२	२
इजलास नं. १३	२
इजलास नं. १४	२
इजलास नं. १५	४
इजलास नं. १६	१
इजलास नं. १७	२
जम्मा	**२०**

कूल जम्मा ५१ + २० = ७१

नेपाल कानून पत्रिका

मा प्रकाशित भएका फैसलाहरू (२०१५ सालदेखि हालसम्म)

हेर्न, पढ्न तथा सुरक्षित गर्न

www.nkp.gov.np

मा जानुहोला ।

खोज्ने तरिका

सर्वप्रथम **www.nkp.gov.np** लगइन गरेपश्चात् गृहपृष्ठमा देखिने **शब्दबाट फैसला खोज्नुहोस्** भन्ने स्थानमा आफूले खोज्न चाहेअनुसारको कुनै शब्द नेपाली युनिकोड फन्टमा टाइप गर्नुहोस् । यसबाट खोजेअनुसारको फैसला प्राप्त गर्न नसकेमा वेबसाइटको दोस्रो शीर्षकमा रहेको **वृहत् खोज** खोलेर विभिन्न किसिमले फैसला खोज्न सकिनेछ । त्यस अतिरिक्त **नेकाप प्रत्येक वर्ष** र **हाम्रो बारेमा** समेत हेर्न सक्नुहुनेछ ।

यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्नेछः

सअ बुलेटिन, २०७..., ... – १ वा २, पृष्ठ ....

(साल) (महिना)

उदाहरणार्थः सअ बुलेटिन, २०७८, असार – १, पृष्ठ १

का.जि.द.नं. ३९।०४९।०५०

सूचना

"<u>नेपाल कानून पत्रिका र सर्वोच्च अदालत बुलेटिन</u>" को **"<u>वार्षिक ग्राहक</u>"** बन्न चाहनेका लागि **<u>२०७६ वैशाख अङ्क</u>**देखि वार्षिक ग्राहक बन्न पाउने गरी सम्पादन तथा प्रकाशन समितिले निर्णय गरेको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

समितिको निर्णयानुसार मूल्य समायोजन भई **<u>नेपाल कानून पत्रिका रू.७५</u>** र **<u>सर्वोच्च अदालत बुलेटिन प्रति अङ्क रू.४०</u>** कायम गरिएकोसमेत सबैलाई जानकारी गराइन्छ।

सर्वोच्च अदालतबाट २०७५ सालमा प्रकाशित **<u>नेपाल कानून पत्रिका अतिरिक्ताङ्क २०७१</u>** सीमित मात्रामा रहेकाले आफ्नो प्रति सुरक्षित गर्न सम्बन्धित सबैको लागि जानकारी गराइन्छ।

ने.का.प.को अतिरिक्ताङ्क २०७२ र २०७३ क्रमशः प्रकाशन हुँदै गरेको पनि जानकारीका लागि अनुरोध छ। साथै सर्वोच्च अदालतबाट नेपाल कानून पत्रिका संवैधानिक इजलास खण्डको छुट्टै प्रकाशन भएको जानकारी गराउन चाहन्छौं। यस वर्ष **<u>वातावरणसँग सम्बन्धित फैसलाहरूको सङ्गालो, २०७६</u>** पनि प्रकाशन भएकाले आफ्नो प्रति बेलैमा सुरक्षित गर्न सम्बन्धित सबैको लागि अनुरोध छ।

मूल्य रू.४०।–

मुद्रकः सर्वोच्च अदालत, छापाखाना

विषयसूची

क्र.सं.	विषय	पक्ष / विपक्ष	पृष्ठ
संयुक्त इजलास			**१ – ५**
१.	भ्रष्टाचार (नक्कली प्रमाणपत्र)	राधाकृष्ण राय वि. नेपाल सरकार	१
२.	उत्प्रेषण / परमादेश	उमेशकुमार लाल कर्णसमेत वि. सञ्चालक समिति, नेपाल खाद्य संस्थान, प्रधान कार्यालय, भद्रकाली प्लाजा काठमाडौंसमेत	२
३.	लागु औषध (खैरो हेरोइन)	नेपाल सरकार वि. कलिम खान	२
४.	परमादेश / प्रतिषेध	यज्ञमणि न्यौपाने वि. युवा अभियान, काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. ३४ हिमशिखर मार्ग शान्तिनगर काठमाडौं	३
५.	उत्प्रेषण	अमितकुमार गुप्ता वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौंसमेत	४
६.	उत्प्रेषण	प्रमिला श्रेष्ठ वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत	५
इजलास नं. २			**५ – ७**
७.	बन्दी प्रत्यक्षीकरण	झविन्द्र घर्ती वि. रविना रूम्बा तामाङसमेत	५
८.	गुठी धर्मलोप	कृष्णदेवी शाक्य वि. देवीप्रसाद बास्तोला	६
इजलास नं. ४			**७ – ११**
९.	शैक्षिक योग्यताको प्रमाणपत्र पेस गरी भ्रष्टाचार गरेको	सुरेन्द्रप्रसाद यादव वि. नेपाल सरकार	७
१०.	उत्प्रेषण	रामनारायण राउत अहिर वि. पर्सा जिल्ला अदालत, वीरगन्जसमेत	८
११.	उत्प्रेषण / परमादेश	कमला पन्त वि. काठमाडौं जिल्ला अदालतसमेत	९
१२.	उत्प्रेषण	वासुदेव पोखरेल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	९
१३.	उत्प्रेषण / परमादेश	विनोदकुमार ओझा वि. लोक सेवा आयोग, उजुरी तथा विभागीय सजाय परामर्श शाखा मुकाम अनामनगरसमेत	१०

१४.	बेरितको नक्सा संशोधनको निर्णय बदर गरी साबिक नक्सा यथावत् कायम गरी चलन चलाई पाऊँ	मोहनबहादुर बस्नेत वि. चन्द्रकुमारी घिमिरे (खत्री)	१०
१५.	उत्प्रेषण	रामनिवास साह वि. शिक्षक सेवा आयोग, सानोठिमी, भक्तपुरसमेत	११
इजलास नं. ५			**११ – १५**
१६.	उत्प्रेषण	माधवप्रसाद जोशी वि. समुन्द्र खड्कासमेत	११
१७.	ज्यान मार्ने उद्योग	नेपाल सरकार वि. गोविन्दबहादुर कटुवाल	१२
१८.	लागु औषध (खैरो हेरोइन)	कपिल गिरीसमेत वि. नेपाल सरकार	१३
१९.	निषेधाज्ञा	बच्ची यादव वि. डम्बर यादव	१४
२०.	नापी दर्ता नामसारी दर्ता फिल्डबुकसमेत बदर गरी हाम्रो नाममा दर्ता गरिपाऊँ	तिलहाङ्ग लिम्बुसमेत वि. नरध्वज लिम्बुसमेत	१४
इजलास नं. ६			**१५ – १८**
२१.	वैदेशिक रोजगार कसुर	नेपाल सरकार वि. रूद्रमान श्रेष्ठ	१५
२२.	लागु औषध (चरेस)	नेपाल सरकार वि. लक्ष्मी ठकुरीसमेत	१६
२३.	कर्तव्य ज्यान	विनोद पंजियार वि. नेपाल सरकार	१७
इजलास नं. ७			**१८ – २०**
२४.	बन्दी प्रत्यक्षीकरण	MURUGAIN SELVAM वि. श्री प्रमुख जिल्ला अधिकारी, बबरमहल, काठमाडौंसमेत	१८
२५.	कर्तव्य ज्यान	चेतबहादुर भुजेल वि. नेपाल सरकार	१८
इजलास नं. ८			**२० – २४**
२६.	हाडनातामा जबरजस्ती करणी	कर्णबहादुर बस्नेत वि. नेपाल सरकार	२०
२७.	आयकर	सुरेश प्रधान वि. खुश्बु इम्पोर्टस, बालाजु	२१
२८.	कर्तव्य ज्यान	नेपाल सरकार वि. नन्दबहादुर रानासमेत	२२
२९.	वैदेशिक रोजगार कसुर	नेपाल सरकार वि. महेन्द्र प्रधानसमेत	२२
३०.	वैदेशिक रोजगार कसुर	नेपाल सरकार वि. महेन्द्र प्रधानसमेत	२३
इजलास नं. ९			**२४ – ३७**
३१.	जबरजस्ती करणी र कर्तव्य ज्यान	नेपाल सरकार वि. हरि खत्री	२४
३२.	कर्तव्य ज्यान	नेपाल सरकार वि. मिङ्मालामु शेर्पा	२५

३३.	कर्तव्य ज्यान	देवनारायण कलवारसमेत वि. नेपाल सरकारसमेत	२६
३४.	कर्तव्य ज्यान	लोकेन भन्ने लोकेन्द्र पाइजा वि. नेपाल सरकार	२८
३५.	ज्यान मार्ने उद्योग र डाँका चोरी उद्योग	नेपाल सरकार वि. शिवनाथ भन्ने विनोद अहिरसमेत	३१
३६.	नाप नक्साबमोजिम दर्ता गरी हक कायम गरिपाऊँ	कालबहादुर खत्री वि. महाशंकर देवकोटा	३२
३७.	फैसला बदर	धनेशराम तुरहा वि. रामानन्द प्रताप सिंहसमेत	३३
३८.	अंश दर्ता	शिवनाथ राउत वि. राउत अहिर	३४
३९.	बैंकिङ कसुर	विष्णु नारायण श्रेष्ठ वि. नेपाल सरकार	३५
४०.	उत्प्रेषण	भिमबहादुर कार्की वि. राष्ट्रिय सतर्कता केन्द्र, सिंहदरबारसमेत	३६
इजलास नं.१०			**३७ - ४१**
४१.	उत्प्रेषण / परमादेश	प्रिफेव कंक्रिट इन्डष्ट्रिज प्रा.लि. वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टंगालसमेत	३७
४२.	उत्प्रेषण / परमादेश	रत्नहरि कायस्थसमेत वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टंगालसमेत	३८
४३.	उत्प्रेषण	निलम निरौला वि. पुनरावेदन अदालत विराटनगरसमेत	३९
४४.	जबरजस्ती करणी	नेपाल सरकार वि. परिवर्तित नाम १०-D-६-१४-Z	४१
इजलास नं.११			**४१ - ४३**
४५.	उत्प्रेषण	सुरेश ढुङ्गाना वि. प्रहरी प्रधान कार्यालय, नक्सालसमेत	४१
४६.	ठगी	किरण जोशी वि. नेपाल सरकार	४२
इजलास नं.१२			**४३ - ४८**
४७.	जबरजस्ती करणी र जबरजस्ती चोरी	नेपाल सरकार वि. रामजी राउत भेडिहरसमेत	४३
४८.	मतगणना बदर पुनः मतगणना	भोजराज झा वि. जिल्ला निर्वाचन कार्यालय, महोत्तरीसमेत	४६
इजलास नं.१३			**४८ - ५१**
४९.	दर्ता बदर दर्ता	किशोरीप्रसाद साहसमेत वि. द्रौपती देवी	४८
५०.	जबरजस्ती करणी	नेपाल सरकार वि. पंकज जनालासमेत	४९

इजलास नं.१४			**५१ - ५४**
५१.	बहुविवाह	नेपाल सरकार वि. कुसुम तामाङ	**५१**
५२.	डाँका चोरी	नेपाल सरकार वि. सुरेश पासवानसमेत	**५२**
इजलास नं.१५			**५४ - ५८**
५३.	बैंकिङ कसुर	प्रदीपकुमार मेहता वि. नेपाल सरकार	**५४**
५४.	उत्प्रेषण	सुरेन्द्रकुमार शर्मासमेत वि. दामोदर आचार्यसमेत	**५५**
५५.	उत्प्रेषण / परमादेश	सनपत यादव वि. जिल्ला प्रहरी कार्यालय, चन्द्रगढी झापासमेत	**५६**
५६.	उत्प्रेषण / परमादेश / निषेधाज्ञा	सूर्यनारायण साह वि. जिल्ला शिक्षा कार्यालय, सिराहासमेत	**५८**
इजलास नं.१६			**५८ - ५९**
५७.	अंश	महरून निसासमेत वि. नसरन निसासमेत	**५८**
इजलास नं.१७			**५९ - ६०**
५८.	जालसाज	मुनेश्वर शाह वि. इसैर साहसमेत	**५९**

संयुक्त इजलास

१

स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री दीपककुमार कार्की, *०७३-CR-०७१४, भ्रष्टाचार (नक्कली प्रमाणपत्र), राधाकृष्ण राय वि. नेपाल सरकार*

राजकीय कृत उच्च माध्यमिक यजुवार मजफ्फपुरबाट एस.एल.सी. दिई प्राप्त प्रमाणपत्र प्रमाणीकरणका लागि उच्च माध्यमिक शिक्षा परिषद् सानोठिमीमार्फत बिहार विद्यालय परीक्षा समिति पटनामा पठाएकोमा Not Verified भनी बेहोरा उल्लेख भई आए पनि माथि उल्लिखित प्रतिवादी राधाकृष्ण रायले अदालतमा बयान गर्दा निवेदननसाथ पेस गरेको दिनाङ्क २-४-२०१६ को राजकीय कृत उच्च विद्यालय मजफ्फरपुरबाट प्रमाणित भएको पत्रमा राधाकृष्ण राय रौल नम्बर ३३६ वर्ष १९८९ था विहार परीक्षा से द्वितीय श्रेणी से पास किया भनी खुलाएको देखिएको छ। साथै दिनाङ्क २-४-२०१६ को राजकीय कृत उच्च विद्यालय मजफ्फरपुरबाट प्रमाणित भएको पत्रमा राधाकृष्ण राय द्वितीय श्रेणी पास गरेको भन्ने उक्त प्रमाणीत बेहोरालाई वादी पक्षले खण्डन नगरेको अवस्था र निज प्रतिवादीले दाबीको कसुर अस्वीकार नै गरेकोमा पदाधिकार समाप्त भएको लामो अवधिपश्चात् पदाधिकारीको प्रमाण पत्र सम्बन्धमा प्रश्न उठेको र पद नै समाप्त भएपश्चात् योग्यताको प्रश्नमा थप प्रमाण बुझ्नसमेत निष्प्रयोजन भएको अवस्थामा खुल्न आएको उपर्युक्त Not Verified भन्ने बेहोराकै आधारमा मात्र विद्यालय व्यवस्थापनको अध्यक्ष पदको पदाधिकार समाप्त गरेका व्यक्तिलाई कसुरदार ठहर गरी सजाय गर्न मिल्ने नदेखिँदा प्रतिवादीले पेस गरेको प्रमाण पत्र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम झुट्ठा विवरण नै हो भन्ने यकिन हुन नआउने।

पदाधिकार समाप्त भएको व्यक्तिलाई दाबीको भ्रष्टाचार कसुरमा सजाय मिल्ने हो, होइन भन्नेतर्फ हेर्दा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४५ मा ***"अवकाश प्राप्त व्यक्तिउपर मुद्दा चलाउन सकिने: कुनै राष्ट्रसेवकले आफू कुनै पदमा बहाल रहेको अवस्थामा सरकारी वा सार्वजनिक सम्पत्ति वा नेपाल सरकारको स्वामित्व भएको संस्थाको सम्पत्ति हिनामिना वा हानि नोक्सानी गरी भ्रष्टाचार गरेको सम्बन्धमा त्यस्तो व्यक्तिले आफ्नो पदबाट अवकाश प्राप्त गरेपछि पनि निजउपर मुद्दा चलाउन यस ऐनमा लेखिएको कुनै कुराले बाधा पुऱ्याएको मानिने छैन"*** भन्ने देखिन्छ । विद्यालय व्यवस्थापन समितिको अध्यक्ष पदमा बहाल रहेको अवस्थामा यी प्रतिवादी राधाकृष्ण रायले सरकारी वा सार्वजनिक सम्पत्ति वा नेपाल सरकारको स्वामित्व भएको संस्थाको सम्पत्ति हिनामिना वा हानि नोक्सानी गरी भ्रष्टाचार गरेको भन्ने प्रश्न प्रस्तुत मुद्दामा नउठेको र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिमको झुट्ठा विवरण पेस गरेको कसुरको सम्बन्धमा पदाधिकार समाप्त भएपछि मात्र अभियोग दायर भएको देखिएकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४५ बमोजिमसमेत निज प्रतिवादीउपर मुद्दा चलाउन नसकिने।

वस्तुत: प्रतिवादीले बयानसाथ पेस गरेको प्रमाणित पत्रबाट प्रतिवादीले SLC पास गरेको भनेकोमा वादी पक्षले खण्डन गरी अभियोग दाबी प्रमाणित गर्न नसकेको, पदाधिकार समाप्त भएपछि मुद्दा चलेकोमा निज प्रतिवादीले कुनै सरकारी *सम्पत्ति हिनामिना वा हानि नोक्सानी गरी भ्रष्टाचार गरेको* नदेखिएको र प्रतिवादीले नेपाल सरकारको सञ्चित कोष वा कुनै उपदान, भत्ता खाएको भन्नेसमेत पनि नदेखिँदा अभियोग दाबीको कसुर ठहर गरी सजाय गर्न मिल्ने नदेखिँदा प्रतिवादी राधाकृष्ण रायलाई कसुरदार ठहर गरी सजाय गरेको विशेष अदालत काठमाडौंको फैसला मिलेको नदेखिने।

तसर्थ, विवेचित आधार, कारण र प्रमाणसमेतबाट प्रतिवादी राधाकृष्ण रायलाई सफाइ

दिनुपर्नेमा अभियोग दाबीबमोजिम प्रतिवादी राधाकृष्ण रायले झुट्टा एवं नक्कली बेहोराको S.L.C.(माध्यमिक) तह पास गरेको शैक्षिक योग्यताको प्रमाणपत्र पेस गरी प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) को कसुर गरेको ठहराई निज प्रतिवादी राधाकृष्ण रायलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम ६(छ) महिना कैद र रू.१०,०००।- (दस हजार) जरिवानासमेत हुने ठहऱ्याएको विशेष अदालत काठमाडौंको मिति २०७३।३।२ को फैसला मिलेको नदेखिँदा उल्टी भई निज पुनरावेदक / प्रतिवादी राधाकृष्ण राय यादवले अभियोग दाबीको कसुरबाट सफाइ पाउने।

इजलास अधिकृत : हर्कबहादुर क्षेत्री

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०७४ साल श्रावण ३१ गते रोज ३ शुभम्।

२

स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री दीपककुमार कार्की, ०७१-WO-०१६९, उत्प्रेषण / परमादेश, उमेशकुमार लाल कर्णसमेत वि. सञ्चालक समिति, नेपाल खाद्य संस्थान, प्रधान कार्यालय, भद्रकाली प्लाजा काठमाडौंसमेत

रिट निवेदकहरू सहभागी भएको विज्ञापन नं.१८/०६६/०६७ को परीक्षाको परीक्षाफल लगभग ५ वर्षसम्म प्रकाशित नगरी परीक्षा रद्द गरिएको र यी रिट निवेदकहरू लगभग ५ वर्षसम्म परीक्षाफल प्रकाशित हुने पर्खाइमा बस्दा निजहरू उमेर हदका कारण अन्य परीक्षामा समेत सहभागी हुन सक्ने अवस्थासमेत गुजार्न गएको देखिन नआएकाले नेपाल खाद्य संस्थानबाट सोही तहको पछि कुनै खुला विज्ञापन प्रकाशित भएमा रद्द भएको विज्ञापन नं.१८/०६६/०६७ को परीक्षामा समावेश हुँदाका उमेर कायम गरी परीक्षामा सहभागी गराउँदा निवेदकहरूलाई पर्न गएको अपूरणीय क्षतिमा कमी आई न्यायिक मनको प्रयोग भएकोसमेत देखिन आएकोले नेपाल खाद्य संस्थानबाट सोही तहको पछि कुनै खुला विज्ञापन प्रकाशित भएमा यी रिट निवेदकहरू सहभागी भएको विज्ञापन नं.१८/०६६/०६७ को परीक्षामा समावेश हुँदाका उमेर कायम गरी परीक्षामा सहभागी गराउनु भनी यो निर्देशनात्मक आदेश जारी हुने।

विज्ञापन नं. १८/०६६/०६७ को परीक्षाको सम्बन्धमा राष्ट्रिय सतर्कता केन्द्रबाट अनुसन्धान भई अख्तियार दुरूपयोग अनुसन्धान आयोगले राष्ट्रिय सतर्कता केन्द्रको प्रतिवेदनलाई समेत आधार मानी आवश्यक निर्णय गर्न लेखी आएपछि नेपाल खाद्य संस्थान (कार्य सञ्चालन तथा कर्मचारी सेवा सर्तसम्बन्धी) विनियमावली, २०६४ को विनियम १८(२) बमोजिम पदपूर्ति समितिको सिफारिसमा सञ्चालक समितिले उक्त परीक्षा रद्द गर्ने निर्णय गर्दै सञ्चालक समितिको मिति २०७३।७।४ को निर्णयबाट सोही पदको पुनः विज्ञापन प्रकाशित गरेउपर यी निवेदकहरूले उजुरी गरेको वा पुनः रिट लेखी ल्याएको नदेखिँदा प्रस्तुत निवेदनको औचित्य नै समाप्त भइसकेकोले रिट निवेदन खारेज हुने।

इजलास अधिकृत:- इश्वरमणि ओझा

कम्प्युटर:- रामशरण तिमिल्सिना

इति संवत् २०७४ साल पौष २३ गते रोज १ शुभम्।

३

स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री पुरूषोत्तम भण्डारी, *०६९-CR-०९३६, लागु औषध (खैरो हेरोइन), नेपाल सरकार वि. कलिम खान*

प्रतिवादी कलिम खानको कोठाको खाटको सिरानीमुनिबाट १६ ग्राम लागु औषध (खैरो हेरोइन) बरामद भएको बरामद पुष्टि हुने गरी अदालतमा आई बकपत्रसमेत गरिदिएको देखिन्छ भने प्रतिवादी कलिम खानको कोठाबाट बरामद भएको पदार्थ लागु औषध (खैरो हेरोइन) हो भन्ने केन्द्रीय प्रहरी विधिविज्ञान प्रयोगशालाको प्रतिवेदनबाट पुष्टि भइरहेको देखिन्छ। प्रतिवादी निराजन श्रेष्ठले अदालतमा बयान गर्दासमेत काम विशेषले कलिम खानको कोठामा गएको अवस्थामा पक्राउ परेको भनी लागु औषध कारोबारीसँग हिमचिम

भएको कुरालाई अप्रत्यक्ष रूपमा स्वीकार गरेको देखिन्छ । यसरी यी प्रतिवादी निराजन श्रेष्ठ सञ्चित लागु औषध व्यवस्थापन गर्ने उद्देश्यले प्रतिवादी कलिम खानको कोठामा गएको अवस्थामा पक्राउ परेको देखिँदा निजलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १७ बमोजिम सजाय हुने गरी गरेको पुनरावेदन अदालत पाटनको फैसलालाई अन्यथा गरिरहनु नपर्ने।

प्रतिवादी कलिम खान आफ्नै कोठाबाट लागु औषधसहित प्रक्राउ परेका छन् भने बरामद लागु औषध बिक्री गर्ने उद्देश्यले पुरिया पुरिया बनाई सञ्चय गरेको देखिन्छ । यसरी प्रतिवादी कलिम खान कोठाबाट पुरिया पुरिया बनाई लागु औषध (खैरो हेरोइन) सञ्चित गरी राखेको अवस्थामा पक्राउ परेको पुनरावेदन अदालतले पनि प्रतिवादी लागु औषध सञ्चयमा संलग्न रहेको कुरालाई स्वीकार गरे पनि निजलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १७ बमोजिम मतियारतर्फ मात्र सजाय गरेको भने मिलेको देखिन आएन । लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४ को कानूनी व्यवस्था हेर्दा लागु औषधसम्बन्धी अपराधमा परिणामको प्रकृतिअनुसार सजायको वर्गीकरण गरी सजायको व्यवस्था गरेको देखिन्छ । प्रतिवादी कलिम खान आफ्नै घर कोठाबाट १६ ग्राम लागु औषध सञ्चयमा संलग्न रहेको देखिँदा निजको उक्त कार्य लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को उपदफा (च) बमोजिमको कसुर अपराधभित्रको देखिन आएकाले सोहीबमोजिम सजाय गर्नुपर्ने देखिने।

अतः प्रतिवादी कलिम खानको हकमा फैसला केही उल्टी भई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४ (१)(छ)(१) बमोजिम कैद वर्ष ५ (पाँच) र जरिवाना रू.१४,०००।- (चौध हजार) हुने गरी फैसला गर्नुपर्नेमा सो नगरेको हदसम्म पुनरावेदन अदालत पाटनको मिति २०६८।७।१ को फैसला केही उल्टी हुन्छ । अन्य प्रतिवादीहरूको हकमा पुनरावेदन अदालत पाटनको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः इश्वरमणि ओझा

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७४ साल आश्विन २५ गते रोज ४ शुभम्।

४

स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री बमकुमार श्रेष्ठ, ०६८-WO-०४३१, परमादेश / प्रतिषेध, यज्ञमणि न्यौपाने वि. युवा अभियान, काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. ३४ हिमशिखर मार्ग शान्तिनगर काठमाडौं

सामान्यतयाः जसको जुन कुरामा हक पुग्दछ उसले आफ्नो हक अधिकारको प्रचलनको लागि अदालत प्रवेश गर्नुपर्ने भन्ने न्यायिक मान्यता रहेको छ । तर कुनै खास व्यक्ति वा व्यक्तिगत हक वा सरोकारमा मात्र सीमित नभई सर्वसाधारण जनता वा कुनै वर्ग क्षेत्र वा समुदायको सामूहिक हक वा सरोकारसँग सम्बन्धित विवाद एवं सामाजिक, आर्थिक रूपले पछाडि परेको वर्ग वा समुदाय जसले आफैँ अदालत प्रवेश गरी आफ्नो हकको प्रचलन गराउन नसक्ने स्थिति भएमा त्यस्तो वर्ग वा समुदायको तर्फबाट उक्त विवादसँग सरोकार वा सम्बन्ध भएको व्यक्तिले सार्वजनिक सरोकारको विवादको रूपमा त्यस्तो विवाद अदालत प्रवेश गराई उपचार माग गर्न सक्ने गरी न्यायिक मान्यताको विकास भएको पाइन्छ। सार्वजनिक सरोकारको विवादको रूपमा त्यस्तो विवाद अदालत प्रवेश गराउन त्यसरी अदालत प्रवेश गर्ने व्यक्तिको उक्त विवादसँग सार्थक सम्बन्ध र तात्विक सरोकार भएको देखिनु पर्दछ। सार्वजनिक सरोकारको विवादको नाममा त्यस्तो विवादसँग कुनै सरोकार तथा सम्बन्ध नै नभएको वा असम्बन्धित व्यक्ति अदालत प्रवेश गर्न पाउने भन्ने नहुने।

रिट निवेदकले निवेदनमा उठाएको विषयवस्तु भ्रष्टाचार नियन्त्रणको प्रयोजनको लागि गरिएको प्रयत्न भएको र सो विषयवस्तुसँग निवेदकको

सार्थक सम्बन्ध तथा तात्विक सरोकार रहेको भन्ने देखाउन नसकेको र त्यस्तो सम्बन्ध रहेको भन्ने स्थापित हुन आएको नदेखिँदा प्रस्तुत रिट निवेदनलाई सार्वजनिक सरोकारको विवादअन्तर्गतको रिट मान्न मिलेन । निवेदकले यस अदालतबाट तोकिएको मिति २०६९/१२/१४ को तारेख गुजारी बसेको र थाम्ने थमाउने म्यादसमेत बाँकी रहेको नदेखिँदा प्रस्तुत रिट निवेदन तामेलीमा राखिदिने ।

इजलास अधिकृत:- दुर्गाप्रसाद खनाल

इति संवत् २०७४ साल मङ्सिर ११ गते रोज २ शुभम्।

५

स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री टंकबहादुर मोक्तान, ०७१-WO-०९५९, उत्प्रेषण, अमितकुमार गुप्ता वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौंसमेत

Asbestos को शब्दिक नेपाली अर्थ अभ्रक हुन्छ । यो एक प्रकारको बहुउपयोग खनिज पदार्थ हो । यो आग्नेय र पत्रे चट्टानको खण्डको रूपमा पाइन्छ । यसलाई पातलो पातलो चिरामा विभाजन गर्न सकिन्छ । यो रंग बिनाको हल्का पहेँलो, हरियो र कालो रंगको हुन्छ । आग्नेय चट्टानमा प्रायः Asbestos (अभ्रक) पाइन्छ । Asbestos उत्पादन विश्वमा सबैभन्दा बढी चीनमा हुन्छ भने सो पनि क्रमशः भारत, क्यानडा, ब्राजिललगायतका देशमा पनि हुने गर्दछ । साधारणतः Asbestos लाई आगोले प्रभाव पर्दैन । Amosite, Chrysolite, Tremolite, Actinolite, Anthophyllite र Crocidolite जस्ता रेसादार खनिज पदार्थलाई नै संयुक्त रूपमा Asbestos भनिन्छ । प्राकृतिक रूपमा पनि पाइन Asbestos का रेसाहरू (fibers) बलियो र Heat र Chemicals ले पनि सजिलै बिगार्न नसक्ने हुँदा अनेकौं रूपमा यसलाई प्रयोग गरिँदै आएको देखिने ।

Basel Convention & Rotterdam Convention का अतिरिक्त विश्व स्वास्थ्य सङ्गठनले बेलाबेलामा Asbestos, Asbestos युक्त वस्तुहरूले मानव स्वास्थ्यमा प्रतिकूल असर गर्ने हुँदा यसको आयात निर्यातमा कडाई गर्न गरेको निर्णयलाई कार्यान्वयन गर्ने उद्देश्यले नेपाल सरकारले यस्ता मानव स्वास्थ्यका लागि हानिकारक र जोखिमपूर्ण वस्तुको आयात र बिक्री वितरणमा प्रतिबन्ध लगाउनुअघि यस्ता वस्तु प्रयोग आयात निर्यातसँगसम्बन्धी निकाय र मन्त्रालयसँग राय परामर्श माग गरेकोमा अधिकांश मन्त्रालयबाट Asbestos, Asbestos युक्त र यिनबाट निर्मित वस्तुहरू एवं सामग्रीहरू मानव स्वास्थ्यका लागि जोखिमपूर्ण र अर्वुद रोग लगाउने पदार्थ भएका कारण यस्ता वस्तुको पैठारी, बिक्री वितरणमा प्रतिबन्ध लगाउन उचित हुने भनी राय प्राप्त हुन आएको कुरा मिसिल संलग्न विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालयको टिप्पणी र आदेशबाट देखिने ।

Asbestos र Asbestos युक्त सामग्रीको सम्पर्कमा बढी आउने व्यक्तिलाई क्यान्सरलगायत रोगहरू लाग्ने प्रवल सम्भावना हुने जोखिम रहन दिँदा वातावरण संरक्षण ऐन, २०५३ को दफा ७ को उपदफा ३ बमोजिम यो सूचना प्रकाशन भएको मितिले १८१ औं दिनदेखि लागु हुने गरी सवारी साधनमा प्रयोग हुने Brake shoe र Clutch Plate को Asbestos Lining बाहेक Asbestos Corrugated / Non-Corrugated Sheet, Tiles, Insulators आदि सबै Asbestos र Asbestos युक्त वस्तुको आयात, बिक्री वितरण र प्रयोग गर्न प्रतिबन्ध लगाइएको नेपाल सरकार, विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालयको मन्त्रिस्तरीय निर्णय मिति २०७१।९।७ को नेपाल राजपत्रमा प्रकाशित सूचनालाई दूषित र दुराग्रहपूर्ण र कानूनको प्रतिकूल हो भन्ने प्रस्ट रूपमा नदेखिएकोले नेपालमा Asbestos लाई प्रतिबन्धित गरेको निर्णय मनासिब नै देखियो । प्रस्तुत रिट निवेदन खारेज हुने ।

यद्यपि विश्वका विभिन्न राष्ट्रमा Asbestos र Asbestos युक्त वस्तुको उत्पादन बिक्री वितरण भइरहेको सन्दर्भसमेतलाई विचार गर्दा Asbestos का माथि उल्लिखित विभिन्न ६ प्रकारमध्ये कुन र कस्तो

प्रकारको Asbestos प्रयोगयोग्य हुन्छ वा कस्तो प्रकारको Asbestos प्रयोग गर्न हुँदैन तथा Asbestos को विकल्प हुन सक्छ वा सक्दैन भन्ने सम्बन्धमा बृहत् र व्यापक अध्ययन गरी सार्वजनिक जवाफदेहिताको दृष्टिले जनमानसलाई प्रस्ट सुसूचित गर्नु गराउनु भनी विपक्षी नेपाल सरकार, विज्ञान प्रविधि तथा वातावरण मन्त्रालयका नाममा निर्देशनात्मक आदेश जारी हुने।

इजलास अधिकृतः इश्वरमणि ओझा

इति संवत् २०७४ साल माघ २५ गते रोज ५ शुभम्।

६

स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री टंकबहादुर मोक्तान, ०७०-WO-०९७८, उत्प्रेषण, प्रमिला श्रेष्ठ वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत

संस्था स्थापना हुँदाको उद्देश्य परिपूर्ति गर्न नसक्ने कम्पनीलाई सरकारी क्षेत्रबाट आर्थिक तथा अन्य सहायता गरेर दीर्घकालसम्म यथावत् कायम राख्न आर्थिक उदारीकरणको वर्तमान युगमा आर्थिक र प्राविधिक दृष्टिकोणले पनि औचित्यपूर्णसमेत देखिन नआएको र NCCN लिमिटेडको सञ्चालक समितिको निर्णयअनुसार कम्पनी खारेज गरी कार्यरत कर्मचारीलाई अवकाश दिने विषयको भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको प्रस्ताव नं. १०/५-०७१/०४/०२ को प्रस्ताव मन्त्रिपरिषद्को मिति २०७१/०४/२२ बैठकमा पेस भई उक्त बैठकले NCCN लिमिटेड खारेज गर्दै कम्पनीमा कार्यरत स्थायी कर्मचारीलाई सेवा सर्त नियमावली, २०३९ मा उल्लिखित सुविधाको अतिरिक्त सेवा अवधिको आधारमा प्रत्येक वर्षको लागि खाइपाई आएको एक महिनाको तलब बराबरको रकम थप सुविधा दिने निर्णय गर्दै नेसनल कन्स्ट्रक्सन कम्पनी नेपाल (NCCN) लिमिटेड खारेज भइसकेको भन्ने प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको लिखित जवाफबाट स्पष्ट देखिन आयो । यसरी आफ्नो उद्देश्य हासिल गर्न नसकी निरन्तर घाटामा गएको सरकारी स्वामित्वमा रहेको कम्पनीलाई बचाई राख्नु उचित नठानी कम्पनीलाई खारेज गर्ने गरी नेपाल सरकार, मन्त्रिपरिषद्बाट कानूनसम्मत निर्णय भएको देखिएबाट त्यस्तो निर्णयबाट निवेदकको संवैधानिक हकमा आघात पुगेको भन्न मिल्ने देखिन नआएकोले रिट निवेदन मागबमोजिमको उत्प्रेषणको आदेश जारी गर्नु मिलेन। प्रस्तुत रिट खारेज हुने।

तसर्थ, रिट निवेदक प्रमिला श्रेष्ठलाई स्वयं कम्पनीले नै नोकरी समायोजन गर्ने सम्बन्धमा अन्य निकायलाई समेत अनुरोध गरी समावेश गराउन गरिएको अनुरोध, निवेदकको नोकरी अवधि र सो नोकरी टुटेको अवस्थामा निजलाई पर्ने असर तथा रोजगारी पाउने हकलाई समेत विचार गरी विपक्षीहरूद्वारा निवेदकलाई अन्य रोजगारको अवसर उपलब्ध गराउँदा न्यायिक मनको आभाष मिल्ने देखिँदा निजको हकमा उचित प्रबन्ध गर्नु गराउनु भनी विपक्षीहरूको नाममा निर्देशनात्मक आदेश जारी हुने।

इजलास अधिकृत:- इश्वरमणि ओझा

इति संवत् २०७४ साल माघ २५ गते रोज ५ शुभम्।

यसमा यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसै प्रकृतिको फैसला भएको छः-

- ०७१-WO-००१७, उत्प्रेषण, आलोकराज पाण्डे वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत
- ०७१-WO-००१८, उत्प्रेषण, सुनिलदेव पन्त वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत
- ०७१-WO-००४८, उत्प्रेषण, शेखरकुमार शर्मा वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत

इजलास नं.२

१

मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ, *०७२-WH-०००२, बन्दीप्रत्यक्षीकरण,*

झविन्द्र घर्ती वि. रविना रूम्बा तामाङसमेत

सिद्धान्ततः बन्दीप्रत्यक्षीकरणको रिट गैरकानूनी थुना विरूद्ध जारी हुने सशक्त र प्रभावकारी उपचार हो । त्यसैले पनि गैरकानूनी थुना विरूद्धको यस्तो आदेश जारी गर्ने अधिकार प्रचलित कानूनले सुरू तहको जिल्ला अदालतदेखि अन्तिम तहको सर्वोच्च अदालतसम्मलाई प्रदान गरेको देखिन्छ । तर यस्तो रिट जारी गर्ने एउटै आधार भनेको गैरकानूनी थुना विरूद्ध मात्र हो । यदि थुना गैरकानूनी नदेखिएमा यस्तो आदेश जारी हुन सक्दैन । आफ्नो छोरीको उज्ज्वल भविष्यका खातिर उचित शिक्षा दीक्षा र स्याहार सम्भार प्रदान गर्ने हेतुले डे बोर्डसका रूपमा विद्यालय भर्ना गरिएकी बालिकालाई बन्दी बनायो भन्ने निराधार र झुट्टा कुरालाई अदालतले मान्यता प्रदान गर्न सक्दैन । यस्तो निराधार कुराले अदालतको मूल्यवान् समय खेर जाने र निवेदक सफाहात र स्वच्छ मनले प्रवेश गरेकोसमेत नदेखिँदा निवेदन मागसँग सहमत हुन सक्ने अवस्था नरहने ।

तसर्थ, काठमाडौं जिल्ला अदालतको फैसलाले छोरीलाई आमासित राख्न पाउने ठहऱ्याएकोमा त्यसउपर पुनरावेदनसमेत नपरी अन्तिम रहेको र निवेदकले छोरीलाई बन्धक बनाएको भेटघाट गर्न नदिएको भनी जिकिर लिए पनि स्कुलको जवाफसमेतबाट सो कुराको तथ्यपरक र विश्वासिलो रूपबाट पुष्टि नभएकोले प्रस्तुत रिट निवेदन आधारहीन देखिँदा खारेज हुने ।

इजलास अधिकृत : गजेन्द्रबहादुर सिंह

कम्प्युटर : प्रेमबहादुर थापा

इति संवत् २०७२ साल भदौ ३ गते रोज ५ शुभम् ।

२

मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री सारदाप्रसाद घिमिरे, *०६८-CI-०३६६, गुठी धर्मलोप, कृष्णदेवी शाक्य वि. देवीप्रसाद बास्तोला*

प्रस्तुत मुद्दामा विवादित साबिक कि.नं. २४ को जग्गा गुठी संस्थानको हक दायित्वअन्तर्गत पर्ने भई गुठी संस्थानले नै बन्दोबस्त र सञ्चालन गरी आएको जग्गा हो भन्ने कुरा मिसिल संलग्न तथ्य एवं प्राप्त प्रमाणबाट नदेखिएको अवस्थामा उक्त जग्गालाई राजगुठीको जग्गा हो भनी मान्न मिल्ने देखिएन । यसैगरी आयस्ताबाट गुठीको पूजा, पर्व इत्यादि काम चलाई बाँकी रहेको शेषसम्म राजगुठीमा बुझाउने गरी गुठी संस्थान ऐन, २०२१ प्रारम्भ हुनुअगावै सरकारी गुठी लगतमा गुठी दर्ता भइसककेको भन्ने पनि नदेखिँदा उक्त जग्गा छुट गुठीअन्तर्गतको जग्गा हो भन्ने पनि नदेखिने ।

पुनरावेदक प्रतिवादीले पेस गरेको प्रस्तुत जग्गाको ११० नं. को लगतलाई हेर्दा उक्त लगतमा मधुवाला र चिपामधु गुठी भन्ने नामकरण भएको देखिन आयो । प्रत्यर्थी वादीले दाबी गरेजस्तो विवादित जग्गा राजगुठी वा छुट गुठीको जग्गा हो भन्ने कुराको ठोस प्रमाण प्रत्यर्थीले पेस गर्न नसकेको र मिसिल संलग्न कागजातबाट पनि विवादित जग्गा सोही ११० नं. को पोता लगतबमोजिमको नै रैकर परिणत भएको जग्गा हो भन्ने देखिएको तर राजगुठी र छुट गुठीअन्तर्गत नपरेको हुँदा यस्तो जग्गालाई दुनियाको निजी गुठी सम्झनुपर्ने कानूनी व्यवस्थाअनुरूप नै साबिक कि.नं २४ को जग्गा निजी गुठीको जग्गा हो भन्ने कुरामा विवाद नरहने ।

विवादित जग्गा दो.हा.नं ११० को लगतबाट भिडी रैकर दर्ता भएको भन्ने कुरा उक्त जग्गाको फिल्डबुक, पोता रसिद, जग्गाधनी प्रमाण पुर्जालगायतका प्रमाणहरूबाट देखिन आयो । दोहा नं. ११० को जग्गा गुठीअन्तर्गतकै जग्गा भएकोले दर्ता गर्दा पनि गुठी जनाएरै दर्ता गर्नुपर्नेमा यी पुनरावेदकहरूले त्यसो नगरी आफूहरू सगोलका नाममा नै दर्ता गरेको देखिन आयो । गुठीको जग्गालाई गुठी जनाई रैकर दर्ता गर्नुपर्नेमा सो नगरेकोसम्म पुनरावेदकहरूको कार्य मनासिब देखिएन । यद्यपि पुनरावेदकहरूले रैकर दर्ता गरेको निजी गुठीबाट अन्य अंशियारहरूको हकमा आघात परे नपरेकोतर्फ विचार गर्दा यसरी गरिएको दर्ताकै आधारमा मात्र अन्य अंशियारहरूको हक जाने

भन्ने हुँदैन। त्यस्तो साबिक गुठियारकै शाखा सन्तानमा जाने हुन्छ। पुर्खाले राखेको गुठी दर्ता हुँदा गुठी उल्लेख नै नगरी प्रतिवादीहरूले दर्ता गराएको कारणबाट मात्र गुठी धर्मलोप गरे भनी वादीले लिएको जिकिर मिल्न आउने हुँदैन। क्वापा-द्यो को पूजा अर्चना गर्न पुर्खाले स्थापना गरेको र हाल पनि हामी सोही जग्गाको आयस्ताबाटै पालैपालो गरी नित्य पूजा सञ्चालन गरिरहेका छौँ भनी प्रतिवादीले लिएको जिकिरलाई वादीले अन्यथा भन्न सकेको छैन। बिर्ता उन्मुलन ऐन, २०१६ ले बिर्ता जग्गालाई रैकरमा परिणत गर्ने व्यवस्था गरेको र यस्तो व्यवस्था भइसकेपछि रैकर परिणत भएको, रैकर परिणत भएदेखि नै जग्गाधनीको महलमा निरन्तर यिनै पुनरावेदकहरूकै नाम लेखिइरहेको देखिएबाट पछि गरिएको हालसाबिकबाट मात्र जग्गाधनीको महलमा यी पुनरावेदकहरूले आफ्नो नाम लेखाएको भन्ने प्रत्यर्थी वादीको जिकिर विश्वसनीय नदेखिने।

प्रत्यर्थी वादी उक्त जग्गाको गुठियारतर्फको हकवाला पनि नभएको र गुठियार पनि नभएको, निजले सो जग्गाको साबिक मोही ज्यानमाया प्रजापतिबाट मोही हक खरिद गरिलिएको र निजको मोही हक अद्यापि स्रेस्तामा कायम भइरहेको देखिएबाट साबिक निजी गुठीको गुठियारका हकदारले नापीको रैकर दर्ता गरेको कार्यलाई निजले चुनौती दिने हकदैयासमेत रहेको हुँदैन। पुनरावेदक प्रतिवादीका पुर्खाहरू साबिक गुठियारले जुन प्रयोजनका लागि सो जग्गा निजी गुठीमा राखेका थिए सो गुठीको दान पत्रमा लेखिएअनुसार निजका हकदारले पालैपालो क्वापा-द्यौ को पूजा आज चलाउँदै आएको भनी जिकिर लिएको र सो तथ्यप्रति वादीको अन्यथा भनाई रहेको समेत नदेखिँदा त्यस्तोमा गुठी धर्मलोप गरेको मान्न पनि नसकिने।

यसरी विवादित कि.नं. २४ मधुवाह र चिपामधु निजी गुठीको जग्गा रहे भएको प्रमाणित भएकोमा प्रतिवादीले प्राप्त गरेको उक्त कि.नं.को जग्गाधनी प्रमाण पुर्जामा सो गुठीको नाम नजनिएकोसमेतको कारणले मात्र यी पुनरावेदकहरूले गुठी धर्मलोप गराएको भन्ने तथ्य स्थापित हुन नआउने।

अत: उपर्युक्त तथ्य एवं प्रमाणसमेतका आधारमा यी पुनरावेदकहरूले निजी गुठीको जग्गा रैकर परिणत गराएबाट गुठी धर्मलोप गराएको ठहऱ्याई पुनरावेदन अदालत पाटनबाट मिति २०६६।१०।१७ मा भएको फैसला मिलेको नहुँदा उल्टी भई वादी दाबी पुग्न नसक्ने।

इजलास अधिकृत: सुभाशचन्द्र दाहाल
कम्प्युटर: कृष्णमाया खतिवडा
इति संवत् २०७५ साल आषाढ २८ गते रोज ५ शुभम्।

यसै लगाउमा निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०६८-CI-०३६७, दर्ता बदर दर्ता, कृष्णदेवी शाक्यसमेत, वि. देवीप्रसाद बास्तोला
- ०६८-CI-०३६८, नामसारी निर्णय बदर, चिनियाकाजी शाक्यसमेत वि. देवीप्रसाद बास्तोला
- ०६८-CI-०३६९, नामसारी निर्णय बदर, कृष्णदेवी शाक्यसमेत वि. देवीप्रसाद बास्तोला

इजलास नं.४

१

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री मीरा खडका, *०७२-CR-१५३०, शैक्षिक योग्यताको प्रमाणपत्र पेस गरी भ्रष्टाचार गरेको, सुरेन्द्रप्रसाद यादव वि. नेपाल सरकार*

विशेष अदालत काठमाडौंबाट उच्च माध्यमिक शिक्षा परिषद्, सानोठिमी, भक्तपुरमार्फत प्रतिवादी सुरेन्द्रप्रसाद यादवको आई. एस्सी. को प्रमाणपत्र सत्यापनको लागि पठाउँदा उक्त परिषद्को च.नं.आ. १४४ मिति २०६९/०९/०६ पत्रसाथ प्राप्त प्रमाणीकरणमा RTR को मूल अभिलेख पानामा

प्रतिवादीको नाम उल्लेख नभएको भनी उल्लेख भई आएको देखियो । सो सम्बन्धमा प्रतिवादी I.SC. परीक्षामा सम्मिलित भई Fail भएको हो ? वा परीक्षामा सम्मिलित नै नभई अभिलेख नै नभएको हो वा निजले उक्त I.SC. परीक्षा उत्तीर्ण गरेको हो ? यकिन गरी प्रमाणीकरण गरी पठाउन भनी विशेष अदालत काठमाडौंबाट उच्च माध्यमिक शिक्षा परिषद्लाई लेखी पठाएकोमा उक्त परिषद्को च.नं. १८०(आ) मिति २०७१/०३/२२ को प्रमाणीकरणसम्बन्धी पत्रमा प्रमाणीकरण टोलीबाट योग ३१२ भई अनुत्तीर्ण भएको बेहोरा रहेको भन्नेसमेत उल्लेख भई आएको देखिन्छ । प्रतिवादीलाई I.SC. को प्रमाणपत्र दिने आधिकारिक निकायबाट नै प्रतिवादी Fail भएको र निजले पेस गरेको मार्कसिट नै गलत भएको भनी प्रमाणीकरण भई आएकोले अन्यथा प्रमाणित नभएसम्म उक्त प्रमाणीकरणलाई प्रमाणको रूपमा ग्रहण गर्नुपर्ने नै देखिने ।

पुनरावेदक प्रतिवादीले व्यक्तिगत रूपमा बिहार विद्यालय परीक्षा समिति, पटनामा गएको र उक्त समितिका उपसचिव ओमप्रकाश सिन्हाले उच्च माध्यमिक शिक्षा परिषद्, सानोठिमी, भक्तपुरको नाममा लेखिदिएको उक्त पत्रलाई आधिकारिक निकायबाट आधिकारिक रूपमा प्राप्त भएको प्रमाणको रूपमा लिन मिल्ने देखिएन । आधिकारिक रूपमा सोधखोज तथा छानबिन भई आधिकारिक रूपमा प्राप्त विवरणभन्दा व्यक्तिगत रूपमा सङ्कलित विवरण फरक भएको अवस्थामा साधिकार निकायबाट प्राप्त विवरणलाई नै प्रमाणमा लिनुपर्ने हुँदा कसैले व्यक्तिगत रूपमा पठाएको चिठीलाई प्रमाणमा लिन मिल्ने नदेखिने ।

अतः माथि विवेचित आधार र कारणहरूबाट प्रतिवादी सुरेन्द्रप्रसाद यादवले I.SC. तहको परीक्षा उत्तीर्ण गरेको भनेको प्रमाणपत्र झुट्टा देखिन आएकोले तत्काल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ को कसुरमा निज प्रतिवादीलाई सोही ऐनको दफा १२ र २९(२) बमोजिम रू.५००।- जरिवाना हुने ठहऱ्याई भएको विशेष अदालत काठमाडौंको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: गीता श्रेष्ठ

कम्प्युटर: अर्जुन पोख्रेल

इति संवत् २०७३ साल चैत्र २८ गते रोज २ शुभम् ।

२

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री अनिलकुमार सिन्हा, *०६९-WO-०३६५, उत्प्रेषण, रामनारायण राउत अहिर वि. पर्सा जिल्ला अदालत, वीरगन्जसमेत*

प्रतिवादीहरूमध्येका यी रिट निवेदकहरू अवध राउत अहिर, अमृका राउत अहिर र विश्वराज यादवको नाउँको म्याद निजको चाचा नाताका रामनारायण राउतलाई बुझाइएको देखिएकोमा निज रामनारायण राउत प्रतिवादीहरूमध्येका अवध राउत अहिर, अमृका राउत अहिर र विश्वराज यादवको बाबुका बिचमा २०४५ सालमा बन्डा भई अलग भिन्न भई बसेको भन्ने बन्डापत्र लिखतबाट देखिएको पर्सा जिल्ला अदालतमा दायर गरिएको दे.नं.१३८५ को अंशदर्ता मुद्दामा मिति २०५६।०१।२८ मा भएको मिलापत्रबाट बंशी राउत र रामनारायण राउतसमेत अलग छुट्टी भिन्न भई बसेको भन्ने कुरा मिति २०५६।०१।२८ को मिलापत्रबाट देखिएको हुँदा उनाउ जाहान परिवारका मानिस निज रामनारायण राउतले बुझिलिएको अवध राउत अहिर, अमृका राउत अहिर र विश्वराज यादवको नाउँमा जारी गरिएको उक्त म्यादलाई रीतपूर्वक तामेल भए गरेको भनी मान्न मिल्ने अवस्थाको देखिएन भने एउटै वतन रहेका प्रतिवादीहरूमध्येका राजवंशी राउतका नाउँमा जारी गरिएको म्यादमा निजको घरद्वार तथा मानिससमेत फेला नपरेको भनी बेपत्ते तामेल गरिएको देखिएबाट निज प्रतिवादीहरूका नाउँमा जारी गरिएको म्यादलाई रीतपूर्वक तामेल भएको भनी मान्न मिल्ने अवस्थाको नदेखिने ।

फौजदारी कसुरमा अभियोग लागेका यी रिट

निवेदकहरूलाई प्रतिवादी कायम गरी दायर गरिएको मुद्दामा निजहरूका नाउँमा जारी गरिएको म्यादलाई रीतपूर्वक तामेल नै नगरी निज प्रतिवादीहरूले म्यादभित्रमा प्रतिवाद गर्न नआएको भन्ने अर्थ गरी निज प्रतिवादीहरूलाई सुनुवाइको मौका नै प्रदान गरिएको नदेखिएकोले विपक्षी पर्सा जिल्ला अदालतबाट मिति २०६७।१२।२३ मा भएको फैसलाले यी रिट निवेदकलाई स्वच्छ सुनुवाइको हकबाट वञ्चित हुनुपरेको देखिन आएबाट उक्त फैसलाले कानूनी मान्यता प्राप्त गर्ने हैसियत राखेको भनी मान्न मिल्ने नदेखिएकोले विपक्षी पर्सा जिल्ला अदालतबाट मिति २०६७।१२।२३ मा भएको उक्त फैसला त्रुटिपूर्ण देखिँदा उत्प्रेषणको आदेशद्वारा बदर हुने नै देखिने।

तसर्थ, माथि विवेचित आधार प्रमाणहरूबाट यी रिट निवेदकहरूउपर विपक्षी पर्सा जिल्ला अदालतमा दायर भएको संवत् २०६६ सालको स.फौ.नं.१६ को कुटपिट अङ्गभङ्ग मुद्दामा विपक्षी पर्सा जिल्ला अदालतबाट मिति २०६७।१२।२३ मा भएको फैसला उत्प्रेषणको आदेशबाट बदर हुने ठहर्छ। उक्त मुद्दामा प्रतिवादीहरू यी रिट निवेदकहरूका नाउँमा कानूनबमोजिमको प्रतिवादको मौका दिई फैसला गर्नु भनी विपक्षी पर्सा जिल्ला अदालतका नाउँमा परमादेशसमेत जारी हुने।

इजलास अधिकृतः सुरथप्रसाद तिमल्सेना

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७५ साल असार २५ गते रोज २ शुभम्।

३

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री अनिलकुमार सिन्हा, *०७३-wo-०६३०, उत्प्रेषण / परमादेश, कमला पन्त वि. काठमाडौं जिल्ला अदालतसमेत*

निवेदिकाको नाउँमा दायर भएको उक्त मुद्दामा निजको वतन भनी उल्लेख गरिएको स्थानमा नै तामेल भएको म्याद रीतपूर्वक तामेल भए गरेको देखिएको छ। त्यसरी म्याद तामेल हुनुलाई अ.बं.११० नं.को रीत नपुगेको भन्न मिल्ने अवस्था देखिँदैन। उक्त म्याद तामेल हुँदाका बखत यी निवेदिकाको घर वतन फेला नपरेको भन्ने कारण उल्लेख गरी बेपत्ते तामेल भई आएको नदेखिएको अवस्थामा रीतपूर्वक घर दैलामा टाँस तामेल भएको म्यादलाई अन्यथा हो भनी जिल्ला अदालत नियमावली, २०५२ को नियम २२ क अनुसार कुनै राष्ट्रिय दैनिक पत्रिकामा उक्त म्याद सार्वजनिक गरी प्रकाशित हुनुपर्ने अवस्थासमेत विद्यमान देखिँदैन। यसका साथै यिनै निवेदिकाउपर विपक्षी कमलचन्द्र थापाले दिएको सम्बन्ध विच्छेद मुद्दामा समेत सोही वतन देखाइएको भन्ने नै देखिन्छ। उक्त सम्बन्ध विच्छेद मुद्दामा यी निवेदिकाका नाउँमा सोही वतनमा तामेल भएको म्याद तथा सोही मुद्दामा भएको फैसलाका सम्बन्धमा भने कुनै विवाद ल्याएको नदेखिने।

निवेदिकाउपर विपक्षी कमलचन्द्र थापाले निजको वास्तविक वतन देखाई दायर गरेको अंश मुद्दामा सोही वतनमा जारी भएको म्याद रीतपूर्वक घरदैलामा तामेल भई सो म्यादभित्र यी निवेदिकाले प्रतिवाद नगरेको कारण उक्त मुद्दामा कानूनबमोजिमको कार्यविधि तथा प्रक्रिया पूरा गरी मिति २०६९।१२।२६मा फैसला भएको देखिएकोले उक्त मुद्दाको तामेली म्याद र फैसलासमेतका काम कारबाहीलाई अन्यथा मान्न मिल्ने अवस्था नदेखिने।

तसर्थ, यी निवेदिकाले जिकिर लिएको उक्त अंशचलन मुद्दामा मिति २०६९।२।१२ र मिति २०६९।११।२८ को म्याद तामेली एवं मिति २०६९।१२।२६ को फैसलालाई उत्प्रेषणको आदेशद्वारा बदर गर्नुपर्ने अवस्था विद्यमान नदेखिएको हुँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : सुरथप्रसाद तिमल्सेना

इति संवत् २०७५ साल असार २५ गते रोज २ शुभम्।

४

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री प्रकाशमान सिंह राउत, *०६६-WO-१०६३,*

उत्प्रेषण, वासुदेव पोखरेल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सधैँ सुरक्षाको जिम्मेवारी निर्वाह गरी विभागीय मर्यादा र अनुशासनमा बस्नुपर्ने प्रहरी अधिकृतले आफू कार्यरत कार्यालयका प्रमुखको स्वीकृति नलिई, बिदा स्वीकृति नगराई ब्यारेक छोडी लामो समयसम्म विनासूचना गैरहाजिर रहेको अवस्थामा निजउपर प्रहरी ऐन तथा नियमावलीअनुरूप भविष्यमा सरकारी नोकरीको निमित्त अयोग्य नठहरिने गरी मिति २०६२।१२।८ मा नोकरीबाट हटाउने गरी कारबाही गर्न प्रहरी महानिरीक्षकबाट भएको निर्णयलाई पुनरावेदन तहबाट मिति २०६६।११।३ मा सदर गरेकोलाई अन्यथा भन्न नमिल्ने ।

अतः उल्लिखित आधार र कारणसमेतबाट मिति २०६२।१२।८ मा प्रहरी महानिरीक्षकबाट भएको निर्णय कानूनसम्मत नै रहेको देखिँदा सदर गरेको पुनरावेदन तहको (माननीय गृह मन्त्रीस्तर) मिति २०६६।११।३ को निर्णय कानूनसम्मत नै रहेको उक्त निर्णयबाट निवेदकको कुनै कानूनी तथा संवैधानिक हक हनन भएकोसमेत नदेखिँदा निवेदन मागबमोजिम आदेश जारी गरिरहन परेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: गीता श्रेष्ठ

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७४ साल जेठ ८ गते रोज २ शुभम् ।

५

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री प्रकाशमान सिंह राउत, *०६६-WO-१३२१, उत्प्रेषण / परमादेश, विनोदकुमार ओझा वि. लोक सेवा आयोग, उजुरी तथा विभागीय सजाय परामर्श शाखा मुकाम अनामनगरसमेत*

निवेदकले सिनियर मेकानिक्स (रा.प.अनं. प्रथम श्रेणी) पदबाट रा.प.तृतीय श्रेणीको पदमा बढुवा गरिपाउँ भन्ने रिट निवेदनमा माग गरेकोमा निवेदन मागबमोजिम निवेदक नेपाल सरकारको मिति २०७०।१।२६ को निर्णयानुसार रा.प.तृतीय श्रेणीको पदमा बढुवा भई पदस्थापनासमेत भइसकेको उपर्युक्त पत्रहरूबाट देखिँदा बढुवा गरिपाउँ भन्ने प्रस्तुत निवेदनको मागका सम्बन्धमा अब थप विचार गरिरहन नपर्ने ।

निवेदकका तर्फबाट उपस्थित विद्वान् अधिवक्ताहरूले निवेदक बढुवा भइसकेको भए तापनि ज्येष्ठता, ग्रेडसमेतको प्रयोजनका लागि व्याख्या हुनुपर्छ भनी गर्नुभएको बहसको सम्बन्धमा रिट निवेदकले ज्येष्ठता कायम गर्ने तथा ग्रेडको विषयमा निवेदनमा कुनै माग गरेको देखिँदैन । निवेदकले रामानन्द चौधरी बढुवा हुनुपर्ने नभई म निवेदकलाई बढुवा गरिपाउँ भन्ने माग गरेको अवस्थामा रिट निवेदकले माग नगरेको विषयमा केन्द्रित भई थप विषयमा व्याख्या गर्नुपर्ने अवस्था प्रस्तुत रिट निवेदनबाट नदेखिने ।

अतः माथि विवेचित आधार र कारणसमेतबाट रिट निवेदक नेपाल सरकार (सचिव स्तर) को मिति २०७०।१।२६ को निर्णयले नेपाल इन्जिनियरिङ सेवा मेकानिकल समूह निर्माण उपकरण सम्भार उपसमूह राजपत्राङ्कित तृतीय श्रेणीको मेकानिकल इन्जिनियर पदमा समायोजन गरी पदस्थापन भई बढुवा भइसकेको देखिँदा निवेदन मागअनुसारको आदेश जारी गर्नुपर्ने अवस्था देखिएन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः गीता श्रेष्ठ

कम्प्युटर: अर्जुन पोख्रेल

इति संवत् २०७४ साल जेठ ८ गते रोज २ शुभम् ।

६

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री प्रकाशमान सिंह राउत, *०७०-CI-०२८६, बेरितको नक्सा संशोधनको निर्णय बदर गरी साबिक नक्सा यथावत् कायम गरी चलन चलाई पाऊँ, मोहनबहादुर बस्नेत वि. चन्द्रकुमारी घिमिरे (खत्री)*

पुनरावेदक वादीले मुद्दा गर्ने प्रयोजनका लागि नापी कार्यालय, धनकुटा नापी अधिकृतलाई मिति २०६९।४।२२ मा हुलाकबाट पठाएको जानकारी

उक्त कार्यालयमा मिति २०६९।३।३२ मा दर्ता भएको देखिन्छ भनी वादीले नापी अधिकृतसमेतलाई प्रतिवादी बनाई मिति २०६९।४।३० मा नै पुनरावेदन अदालत धनकुटामा प्रस्तुत मुद्दाको फिराद दायर गरेको देखिन्छ । यस प्रकार निजामती सेवा ऐन, २०४९ को दफा ५७ को उपदफा २ को उक्त कानूनी व्यवस्थाबमोजिम मुद्दा गर्ने सम्बन्धमा सम्बन्धित कर्मचारीलाई सूचना दिएको २ महिना नाघेपछि मात्र फिराद दायर गर्नुपर्नेमा प्रतिवादीले सूचना प्राप्त गर्नुभन्दा अगावै फिराद दायर भएको देखिँदा कानूनले निर्धारण गरेको कार्यविधिको परिपालना भएको देखिएन। यसका अतिरिक्त यी पुनरावेदक वादीले जुन नक्सा संशोधन निर्णय बदनियत भएको भनी दाबी गरेका छन् सो निर्णय नै पुनरावेदन अदालत धनकुटाबाट समेत सदर हुने ठहरी भएको फैसला अन्तिम भएको देखिँदासमेत वादीको फिराद दाबी औचित्यहीन रहेको देखिँदासमेत पुनरावेदन अदालतबाट प्रस्तुत मुद्दामा भएको फैसलालाई अन्यथा भन्न नमिल्ने।

अतः उल्लिखित आधार एवं कारणबाट वादीको फिराद दाबी खारेज हुने ठहऱ्याई पुनरावेदन अदालत धनकुटाबाट मिति २०७०।१।९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: विमला पौडेल

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७४ साल कार्तिक ७ गते रोज ३ शुभम्।

७

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री प्रकाशमान सिंह राउत, *०७१-WO-०७४७, उत्प्रेषण, रामनिवास साह वि. शिक्षक सेवा आयोग, सानोठिमी, भक्तपुरसमेत*

निवेदकले बढुवा हुनको लागि माग गरेको पदमा नै खुल्ला प्रतियोगितात्मक परीक्षाद्वारा बढुवा भइसकेको भन्ने विपक्षी रामकुमार शर्माको लिखित जवाफबाट देखिन आयो। यसरी निजले माग गरेको पदमा बढुवा भई हाल कार्यरत रहेको भन्ने देखिँदा निजको बढुवासम्बन्धी प्रयोजन पूरा भइसकेकोले शिक्षक सेवा आयोगले विपक्षी रामकुमार शर्मालाई प्रथम श्रेणीको शिक्षक पदमा कार्यसम्पादन मूल्याङ्कनको आधारमा बढुवा हुने गरी गरेको निर्णय तथा पत्राचारलगायतका काम कारबाही सम्बन्धमा थप विवेचना गरिरहन परेन। तसर्थ, रिट निवेदकले माग गरेको पदमा निजको बढुवा भइसकेको अवस्थामा विपक्षी शिक्षा सेवा आयोगबाट भएको बढुवाको नियुक्ति सिफारिस, निर्णय तथा पत्राचारसमेत उत्प्रेषणको आदेशद्वारा बदर गरिपाउँ भन्ने निवेदन जिकिरअनुसार आदेश जारी गर्नुपर्ने औचित्य र प्रयोजन समाप्त भइसकेको देखिन्छ। रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः दीपिका थापा मगर

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७५ साल असोज १४ गते रोज १ शुभम्।

इजलास नं.५

१

मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री पुरूषोत्तम भण्डारी, ०७४-WO-००५६, उत्प्रेषण, माधवप्रसाद जोशी वि. समुन्द्र खड्कासमेत

विपक्षी प्र.प्र.का नक्साल र पार्वती ट्रेडर्सबिच १५,००० सेट रेनसुट आपूर्ति गर्ने गराउने सम्बन्धमा मिति २०७२।९।२९ मा सम्झौता भएको भन्ने कुरामा दुवै पक्षबाट विवाद छैन । सो सम्झौताबमोजिम १५,००० सेटमध्ये १४,१५० सेट रेनसुट पार्वती ट्रेडर्सबाट निवेदकहरूले बुझी लिएको भने कुरामा दुवै पक्षको मुख मिलेकै देखियो । बाँकी ८५० सेट रेनसुट विपक्षी पार्वती ट्रेडर्सले बुझाउन नल्याएको भन्ने निवेदक प्रहरी प्रधान कार्यालयको र सो ८५० सेट आफूले बुझाउन लगेकोमा गुणस्तर नपुगेको बहाना बनाई नबुझेको भन्ने विपक्षी पार्वती ट्रेडर्सको भनाO रही

करार सम्झौताबमोजिम पार्वती ट्रेडर्सले आपूर्ति गर्नुपर्ने सो ८५० सेट रेनसुटका सम्बन्धमा दुवै पक्षका बिच विवाद उत्पन्न भएको देखिन्छ। पार्वती ट्रेडर्स र प्र.प्र.का नक्सालबिच भएको मिति २०७२।९।२९ को करार सम्झौताको दफा १२ अनुसार आपसी सहमतिबाट विवाद समाधान भएको नदेखिँदा मध्यस्थताको माध्यमबाट विवाद समाधान गरिने छ भन्ने सम्झौता पत्रमा नै उल्लेख भएकोले बाँकी रेनसुट ८५० सेटका सम्बन्धमा मध्यस्थताको माध्यमबाट विवाद समाधान गर्नुपर्ने।

मध्यस्थता ऐन, २०५५ को दफा ७ को उपदफा (३) एवं मध्यस्थता (अदालती कार्यविधि) नियमावली, २०५९ को नियम ५ को उपनियम (६) बमोजिम प्रस्तुत निवेदनसँग सम्बन्धित विवाद समाधानार्थ पार्वती ट्रेडर्सका तर्फबाट अधिवक्ता चेतनाथ घिमिरेलाई मध्यस्थ नियुक्तिका लागि अनुरोध गर्दै प्र.प्र.का. नक्सालका तर्फबाट मध्यस्थ नियुक्तिका लागि अधिवक्ता लक्ष्मण थपलिया, अधिवक्ता राजु खत्री र अधिवक्ता मोतीराज पौडेलको नाम प्रस्ताव गरिएको प्र.प्र.का. नक्सालका तर्फबाट मध्यस्थका लागि कसैको नाम प्रस्तुत भएको नपाएको र मध्यस्थता ऐन, २०५५ को दफा ७ को उपदफा (३) एवं मध्यस्थता (अदालती कार्यविधि) नियमावली, २०५९ को नियम ५ को उपनियम (६) बमोजिम विवाद समाधानार्थ पार्वती ट्रेडर्सका तर्फबाट अधिवक्ता चेतनाथ घिमिरेलाई मध्यस्थ नियुक्ति गरिदिएको देखिन्छ। (प्र.प्र.का. नक्साल) बाट मध्यस्थकर्ताको लागि कसैको नाम प्रस्ताव नगरिएकोले मध्यस्थता ऐन, २०५५ बमोजिम (प्र.प्र.का.) ले आफ्नो तर्फबाट मध्यस्थ हुने व्यक्तिको नाम आदेशको जानकारी पाएको मितिले १५ (पन्ध्र) दिनभित्र प्रस्ताव गरेमा निजलाई र कसैलाई पनि प्रस्ताव नगरेमा (प्र.प्र.का.) को तर्फबाट निवेदनमा उल्लिखित अधिवक्ता मोतिराज पौडेललाई मध्यस्थता नियुक्ति गरिदिएको छ" भन्ने मध्यस्थता ऐन, २०५५ को दफा ७ बमोजिम Appointing Authority को अधिकार प्रयोग गरी उच्च अदालत पाटनबाट मिति २०७३।११।१० मा भएको फैसला मध्यस्थता ऐन, २०५५ को दफा ७ को उपदफा ३ बमोजिम मध्यस्थ नियुक्ति गर्ने गरी कानूनअनुरूप भएको आदेशको कार्यान्वयनलाई रोक्नुपर्ने अवस्था नभई कानूनसम्मत रहेको देखिन्छ । तसर्थः निवेदन मागबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्था नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : जयराम श्रेष्ठ

इति संवत् २०७५ साल असार ५ गते रोज ३ शुभम्।

२

मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री बमकुमार श्रेष्ठ, ०७२-CR-०५४१, ज्यान मार्ने उद्योग, नेपाल सरकार वि. गोविन्दबहादुर कटुवाल

पुनरावेदक प्रतिवादी गोविन्दबहादुर कटुवालले आफ्नो श्रीमतीलाई ज्यान मार्ने नियतले बाँसको भाटाले टाउकोमा प्रहार गरी बाँस भाँचिएपछि पुनः सिल्भरको पन्युले हिर्काई टाउको, आँखासमेतमा चोट भएको भनी जाहेरी दरखास्त दिएकोमा पुनरावेदक, प्रतिवादी गोविन्दबहादुरले घरायसी झगडामा कुटेकोसम्म हो । मार्ने मनसाय थिएन भनी गरेको बयान तथा पीडितको घाउ चोटको हकमा घाउ जाँच केस फाराममा काटिएका चोटहरू ३ वटा भएको तथा सो चोटहरू बाँसको लट्ठी (भाटा) र पन्युबाट लागेको र मर्नेसम्म (No Fatal) का चोट नभएको उल्लेख भएको देखिन्छ । वस्तुस्थिति मुचुल्कामा कागज गर्ने विना राईले पीडित ट्युबेलमा घोप्टो परी लडिरहेको देखेपछि हारगुहार गरी मान्छे जम्मा गरी एम्बुलेन्समा पठाएको तथा सोही स्थानको बाटो हुँदै म गइरहेको हुँदा प्रतिवादी गोविन्दबहादुरले देखेकोले ज्यान बचेको भनी उल्लेख गरेको देखिन्छ । तर गोविन्दबहादुरले प्रतिवादीलाई कुटपिट गर्ने कार्यमा अवरोध गरेको कारणले घाइतेको ज्यान बच्न गएको

भन्ने तथ्य उल्लेख गरेको नदेखिएकोले तेस्रो पक्षको उपस्थितिका कारणले ज्यान मर्न नपाएको स्थिति हो भन्न सकिने अवस्था नदेखिने।

पीडित ट्युबेलमा लडिरहेको अवस्थामा प्रतिवादीले कुटपिट गरिरहेकै अवस्था थियो भन्न मिल्ने पनि देखिएन। प्रतिवादी र पीडित पति पत्नी भई घरेलु झगडाका कारणले कुटपिट भएको तथा कुटपिटका चोटहरू मर्नेसम्मका नहुनु र तेस्रो पक्षको हारगुहार कुटपिट भइसकेपछि मात्र भएको देखिँदा प्रस्तुत वारदात ज्यानमार्ने उद्योगको वारदात हो भन्न मिल्ने अवस्था नदेखिने।

प्रस्तुत वारदात अभियोग पत्रमा उल्लिखित वारदात कुटपिटको महलभित्रको देखिँदा प्रस्तुत मुद्दा कुटपिटमा परिणत गरी सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २७ बमोजिम पीडित पक्ष देवी कटुवाललाई झिकाई निजले कुटपिटमा सकार गरे निजलाई वादी पक्ष कायम गरी सोही मुद्दाको मिसिलबाट कानूनबमोजिम कारबाही गर्नु भनी सुरू झापा जिल्ला अदालतको फैसला उल्टी गरी प्रतिवादीले ज्यान मार्ने उद्योगको अभियोग दाबीबाट सफाइ पाउने ठहराएको पुनरावेदन अदालत इलामको फैसला अन्यथा देखिन नआउने।

तसर्थ, पुनरावेदन अदालतबाट मिति २०७१।८।२२।२ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : जयराम श्रेष्ठ

इति संवत् २०७५ साल भदौ ५ गते रोज ३ शुभम्।

३

मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री बमकुमार श्रेष्ठ, ०७१-CR-१४६७, ०७२-CR-१८६१, लागु औषध (खैरो हेरोइन), कपिल गिरी वि. नेपाल सरकार, राजु ठाकुर हजाम वि. नेपाल सरकार

पुनरावेदक राजु ठाकुर हजामका हकमा निजको सँगसाथबाट ६६ ग्राम खैरो हेरोइन बरामद भएको मिति २०६६।६।४ को बरामदी मुचुल्काबाट देखिन्छ। लागु औषध बरामद हुँदा तयार भएको बरामदी मुचुल्काको रोहवरमा बसी प्रतिवादीले सहीछाप गरेको अवस्था देखिन्छ। प्रतिवादीबाट बरामद भएको सामग्री लागु औषध खेरो हेरोइन हो भनी केन्द्रीय प्रहरी विधि-विज्ञान प्रयोगशालाबाट प्राप्त परीक्षण प्रतिवेदन मिसिलमा रहेको देखिन्छ। आफूबाट लागु औषध बरामद भएको कुरालाई स्वीकार गरी निजले प्रहरी र अदालतमा समेत बयान गरेको देखिन्छ। यस्तो अवस्थामा यी प्रतिवादीको भूमिका मतियारकोसम्म रहेछ भनी मान्न मिल्ने अवस्था देखिएन। अतःप्रतिवादी राजु ठाकुर हजामलाई अभियोग दाबीबमोजिम सजाय हुने ठहऱ्याई भएको सुरू अदालतको फैसला सदर गर्ने गरेको पुनरावेदन अदालत हेटौंडाको फैसला मिलेको देखिँदा अन्यथा गरिरहनुपर्ने अवस्था देखिन नआउने।

प्रतिवादी कपिल गिरीले अर्का प्रतिवादी राजु ठाकुर हजामलाई काठमाडौंसम्म पुऱ्याउन निमित्त दिएको भनी निज राजु ठाकुर हजामले यी पुनरावेदक कपिल गिरीलाई अनुसन्धान अधिकारी र अदालतमा समेत बयान गर्दा पोल गरेको देखिन्छ। निज प्रतिवादी राजु ठाकुर हजामले यी पुनरावेदक प्रतिवादी कपिल गिरीलाई झुट्टा पोल गर्नुपर्ने विश्वसनीय आधार, कारण यी पुनरावेदकले खुलाउन सकेको नपाइने।

प्रतिवादीहरू एकआपसमा परिचित व्यक्तिहरू देखिएका छन्। निज दुवै प्रतिवादीका बिच मोबाइलमा वार्तालाप भएको तथ्य कल डिटेलबाट समेत देखिन्छ। आफूसमेत साबित भई प्रतिवादी राजु ठाकुरले यी प्रतिवादीलाई पोल गरेको र सो पोल बरामदी लागु औषधबाट पुष्टि भइरहेको हुँदा सहप्रतिवादी राजु ठाकुर हजामले गरेको पोल यी पुनरावेदक प्रतिवादी कपिल गिरीका विरूद्धमा प्रमाण लाग्ने नै देखिने।

विवेचित आधार, प्रमाण र कारणबाट प्रतिवादीहरूले आरोपित कसुर गरेको ठहर गरी निजहरूलाई अभियोग दाबीबमोजिम सजाय हुने

ठहऱ्याएको मकवानपुर जिल्ला अदालतको मिति २०७०।३।११ को फैसला सदर गर्ने गरेको पुनरावेदन अदालत हेटौंडाको फैसला अन्यथा नदेखिने।

तसर्थ, पुनरावेदन अदालत हेटौंडाबाट मिति २०७१।०७।२५ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत : जयराम श्रेष्ठ

इति संवत् २०७५ साल भदौ ४ गते रोज २ शुभम्।

४

मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री बमकुमार श्रेष्ठ, ०७२-CI-१६२२, निषेधाज्ञा, बच्ची यादव वि. डम्बर यादव

स्वर्गीय जियालालका दुई छोराहरूमा जेठो स्व. जगरनाथी र कान्छा स्व. झवर भएको, झवरका ५ छोराहरू अयोधी यादव, थारू यादव, रामप्रसाद यादव, भोला यादव र बच्ची यादव भएको, अयोधी यादवको एक मात्र छोरा निवेदक डम्बर यादव भएको देखिन्छ। निवेदक र विपक्षीहरू अंशियार नाता भएको देखिए तापनि विवादित कि.नं. ५७३ र ५७४ को जग्गा निवेदकको नाउँमा दर्ता रहेको मिसिल संलग्न जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपिबाट देखिने।

निवेदक र विपक्षीहरूबिच सप्तरी जिल्ला अदालतमा संवत् २०७२ सालको ०७२-CP-२०८१ को अंश दर्ता मुद्दा दायर भई कार्यबाहीयुक्त अवस्थामा चलेको भन्ने देखिँदा उक्त जग्गामा निजहरूले दखल गर्न सक्ने प्रबल आशंकाको स्थिति रहेको मान्नुपर्ने हुन आउने।

विवादित कि.नं. ५७३ र ५७४ को जग्गा निवेदकका नाउँमा दर्ता रहेको कुरा मिसिलसाथ रहेको जग्गाधनी दर्ता प्रमाण पत्रको प्रतिलिपिबाट देखिएकोले उक्त कि.नं. ५७३ र ५७४ को जग्गामा अनधिकृत रूपमा प्रवेश नगर्नु उक्त जग्गा भोग गर्नबाट निवेदकलाई वञ्चित नगर्नु नगराउनु भनी नागरिक अधिकार ऐन, २०१२ को दफा १७(२) बमोजिम विपक्षीहरूका नाउँमा निषेधाज्ञाको आदेश जारी हुने ठहऱ्याई पुनरावेदन अदालत राजविराजबाट मिति २०७२।३।६ मा भएको आदेश मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : जगतबहादुर पौडेल

इति संवत् २०७५ साल मङ्सिर २ गते रोज १ शुभम्।

५

मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री टंकबहादुर मोक्तान, ०७२-CI-२०२८, नापी दर्ता नामसारी दर्ता फिल्डबुकसमेत बदर गरी हाम्रो नाममा दर्ता गरिपाऊँ, तिलहाङ्ग लिम्बुसमेत वि. नरध्वज लिम्बुसमेत

पुनरावेदक वादीको पिता धनबहादुर र विवादित जग्गादाता जसरानीका पति जुनीलाल सहोदर दाजु भाइ नाताको देखिन्छ। धनबहादुर र जुनीलाल लिम्बुसमेतको बिचमा मिति २०३४।१२।१३ मा भएको बन्डा लिखतसमेतको आधारमा विवादित कि.नं. १३१ र ६२४ को जग्गा जुनीलालको अंश भागमा परेको भन्ने उल्लेख गरेको र सो जग्गा २०४१ सालमा जुनीलालको श्रीमती जसरानीको नाममा नापी दर्ता भएको देखिने।

जसरानीको नाममा भएको नापी दर्ता बदर गरिपाउँ भन्ने दाबी गरी वादीको पिता धनबहादुरले नापी दर्ता बदर मुद्दा दिई नापी दर्ता बदर हुने ठहरी मिति २०४५।८।१ मा फैसला भएको देखिए तापनि व्यावहारिक कारण देखाउँदै सो विवादित जग्गा जसरानीकै हो भनी गाउँ समाजले सो फैसला कार्यान्वयन गर्न नदिएको कारणले धनबहादुरले सो फैसला कार्यान्वयन गराउन नसकी फैसला कार्यान्वयन नगराई जसरानीको दर्ता भोगलाई स्वीकार गरी उक्त जग्गा जसरानीकै नाममा दर्ता कायम रही विवादित कि.नं.१३१ को जग्गा जसरानीले प्रत्यर्थी प्रतिवादी निरबहादुर लिम्बुलाई मिति २०५५।११।१४ मा र.नं. ८९६ को राजीनामाको लिखतद्वारा बिक्री गरेको र जसरानीको शेषपछि निजको छोराहरूले सो कि.नं.६२४ को जग्गालाई मिति २०६२।७।२५ नामसारी गरी अंशबन्डा गरी जग्गाधनी प्रमाण पुर्जा

लिएको देखिन आउने।

जग्गाधनी पुर्जा नै जग्गाको स्वामित्वको सर्वमान्य अभिलेख हो । त्यो अभिलेखमा जग्गाधनी जनिएका व्यक्तिबाहेक अरूबाट जग्गाधनी हकको हस्तान्तरणलगायतका हकहरू उपभोग गर्न मिल्दैन । प्रत्यर्थी प्रतिवादीको आमा जसरानीको नाममा विवादित जग्गा दर्ता भई उसले तिरो तिरी निरन्तर रूपमा भोग गरी हक कायम रहेको कि.नं. १३१ को जग्गालाई आफ्नो जीवनकालमा नै नीरबहादुर लिम्बुलाई राजीनामाको लिखत पास गरी दिएको र निजको शेषपछि निजको छोराहरूले सो कि.नं.६२४ को जग्गालाई नामसारी गरी अंशबन्डा गरी जग्गाधनी प्रमाण पुर्जा दिनुलाई गैरकानूनी कार्य भएको हो भनी मान्न नमिल्ने।

प्रतिवादीको नाममा गइसकेको जग्गाको यति लामो समयपछि नामसारी निर्णयसमेत बदर गर्न न्याय तथा कानूनको दृष्टिले समेत न्यायसङ्गत नदेखिएको हुँदा वादी दाबी नपुग्ने ठहऱ्याएको सुरु ताप्लेजुङ जिल्ला अदालतको फैसलालाई सदर गर्ने गरेको पुनरावेदन अदालत इलामको फैसला मनासिब नै देखिएकोले यस अदालतबाट मिति २०७३।२।१३ मा मुद्दा दोहोऱ्याई हेर्न निस्सा प्रदान गर्न लिएका आधार, कारणहरूसँग सहमत हुन नसकिने।

तसर्थः विवेचित आधार, कारणहरूसमेतबाट वादी दाबी पुग्न सक्दैन भनी सुरू ताप्लेजुङ जिल्ला अदालतबाट भएको मिति २०६९।२।३१ को फैसला सदर गरेको पुनरावेदन अदालत इलामको मिति २०७०।३।१८ को फैसला मनासिब नै देखिएकोले सदर हुने।

इजलास अधिकृत : नारदप्रसाद भट्टराई

इति संवत् २०७५ साल मङ्सिर २५ गते रोज ३ शुभम्।

- यसमा यसै लगाउको ०७२-CI-२०२७, राजीनामा पास दर्ता बदर दर्ता, तिलहाङ लिम्बुसमेत वि. नीरबहादुर लिम्बु भएको मुद्दामा पनि यसै प्रकृतिको फैसला भएको छ।

इजलास नं.६

१

मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ, *०७२-CR-०४४७, वैदेशिक रोजगार कसुर, नेपाल सरकार वि. रूद्रमान श्रेष्ठ*

यसमा प्रतिवादी रूद्रमान श्रेष्ठले अनुसन्धान अधिकारी र वैदेशिक रोजगार न्यायाधिकरणमा गरेको बयानमा जाहेरवालाहरूसँग कागज गरी घर खर्च र व्यापार व्यवसायको लागि रकम लिएको हो भनी स्वीकार गरेको देखिए पनि वैदेशिक रोजगारमा लगाइदिने भनी रकम लिएको होइन भनी जिकिर लिएको पाइन्छ। उक्त जिकिरको समर्थनमा प्रतिवादीले दुईजना साक्षी उपस्थित गराई बकपत्र गराएको पनि देखिन आउँछ। जाहेरवालामध्येका सुरज महर्जनले प्रतिवादीले आफ्नो रकम दिएकोले आफूले बुझिलिएको हुँदा निज विरूद्धको उजुरी फिर्ता गरिपाउँ भनी वैदेशिक रोजगार विभागमा निवेदन दिई सनाखतसमेत गरको देखिन्छ। सोही कारणबाट निजको हकमा बिगो दाबीसमेत नलिई अभियोग पत्र पेस भएको देखिन्छ। साथै सुरू वैदेशिक रोजगार न्यायाधिकरणबाट निज जाहेरवालालाई बकपत्रको लागि अ.बं.११५ नं. बमोजिम झिकाउने आदेश भई निजका नाममा जारी भएको म्याद आफैँले बुझिलिएर पनि हाजिर हुन आएको देखिँदैन । यसरी पीडित भनिएका सम्बन्धित जाहेरवाला नै अदालतमा उपस्थित भई जाहेरीको समर्थनमा बकपत्र गर्न सकेको नपाइँदा निजको हकमा अभियोग दाबी पुष्टि हुन सकेको नदेखिने।

जाहेरवाला सोमनाथ श्रेष्ठले वैदेशिक रोजगारको लागि इजरायल पठाइदिने भन्ने प्रतिवादीले आफूसँग रकम लिई रोजगारीमा नपठाएको भनी मौकामा दिएको जाहेरीको समर्थन गर्दै अदालतसमक्ष बकपत्र गरेको देखिन्छ । तर प्रतिवादीको आमा चेतकुमारी श्रेष्ठका नाममा रहेको जग्गा दृष्टिबन्धक

राखी जाहेरवालाले रू.५,००,०००।- लिएको हो भन्ने तथ्यलाई बकपत्रमा स्वीकार गरेको देखिन्छ । साथै उक्त दृष्टिबन्धकको लिखतको प्रतिलिपिसमेत मिसिल सामेल रहेको देखिन्छ । प्रतिवादीले सोही कारोबारबापत कागज भएको हो, के कसरी वैदेशिक रोजगारको विषय उल्लेख गरे आफूलाई थाहा भएन भन्नेसमेत जिकिर लिएको पाइन्छ । यस प्रकार जाहेरवाला सोमनाथ श्रेष्ठ तथा निजका परिवारका सदस्यसँग प्रतिवादीको लेनदेन कारोबार हुने गरेको देखिएको स्थितिमा प्रतिवादीको बयान जिकिर विश्वसनीय नै देखिन आएकोले प्रतिवादीले वैदेशिक रोजगार ठगीको कसुर गरेको भन्ने पुष्टि हुन नआउने।

तसर्थ, वादी पक्षले अभियोग दाबी पुष्टि गर्न नसकेको भन्नेसमेत आधारमा अभियोग दाबी पुग्न नसक्ने ठहऱ्याएको सुरू वैदेशिक रोजगार न्यायाधिकरण काठमाडौंको मिति २०७१।१२।३ को फैसला मनासिब देखिँदा सदर हुने।

इजलास अधिकृत: महेन्द्रप्रसाद भट्टराई
कम्प्युटर: संजय जैसवाल
इति संवत् २०७४ साल माघ १८ गते रोज ३ शुभम्।

२

मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ, *०७२-CR-११०२, लागु औषध (चरेस), नेपाल सरकार वि. लक्ष्मी ठकुरीसमेत*

प्रतिवादीमध्येको लक्ष्मी ठकुरी लागु औषध सेवन गर्ने व्यक्ति नभएको र बरामद भएको लागु औषध ल्याई राख्नमा निजको कुनै संलग्नता रहेको भन्ने देखिएन । आफ्नो लोग्ने प्रतिवादीमध्येका राजेन्द्र ठकुरी लागु औषधको अम्मली भएको र निजैले उक्त लागु औषध लुकाएर राखेको होला भन्ने निजको बयान जिकिर विश्वसनीय नै देखिन आएको हुँदा निज प्रतिवादीको कसुरमा संलग्नता नदेखिएको भनी सफाइ दिने गरेको सुरूको सदर गरेको पुनरावदेन अदालतको फैसला मनासिब नै देखिने।

अर्का प्रतिवादी राजेन्द्र ठकुरीको हकमा विचार गर्दा निज प्रतिवादीले आफू लागु औषधको सेवनकर्ता भएको र सेवन प्रयोजनकै लागि रू. १७००।- उक्त बरामद भएको लागु औषध गाउँबाट खरिद गरी ल्याई फिल्टरभित्र लुकाएर राखेको हो भन्ने तथ्यलाई स्वीकारै गरेको देखिन्छ। उक्त बरामदी गर्ने प्रतिवेदकसमेत रहेका प्र.ना.नि.मानबहादुर विष्ट, प्र.ह. भविराम प्रधान, प्र.ज. सितालक्ष्मी श्रेष्ठ र प्र.ज. दिनेशकुमार यादवसमेतले ३४ वटा पोकामा ३५० ग्राम चरेस फिल्टरभित्र लुकाएको अवस्थामा बरामद गरेको हो भन्ने बकपत्र गरेको देखिँदा बरामदी बेहोरा समर्थित हुन आएको पाइन्छ। सेवन मात्र गर्ने व्यक्तिले ३५० ग्राम चरेसलाई ३४ वटा पोका बनाई पानीको फिल्टरभित्र लुकाएर राख्नुपर्ने कुनै कारण देखिन्न। यसबाट प्रतिवादीमध्येको राजेन्द्र ठकुरीले लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४क बमोजिम सेवनसमेत गर्नको लागि उक्त लागु औषध खरिद गरी सञ्चयसमेत गरी राखेको तथ्य शंकारहित तवरमा पुष्टि भएको देखिएकोले निजलाई अभियोग माग दाबीअनुसार लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४ (१) को देहाय खण्ड (घ) (२) बमोजिम सञ्चयमा पनि सजाय गर्नुपर्नेमा सेवनमा मात्र कसुरदार ठहर गरेको सुरूको सदर फैसला सदर गरेको पुनरावेदन अदालतको फैसला सो हदसम्म मिलेको देखिएन। बरामद भएको लागु औषधको प्रकृति र परिमाण तथा प्रतिवादीको लागुऔषध सेवन गर्ने बानी बेहोरासमेतलाई दृष्टिगत गर्दा प्रतिवादी राजेन्द्र ठकुरीलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४ (१) को देहाय खण्ड (घ) (२) बमोजिम एक महिना कैद र रू.१०००।- जरिवाना गर्नु न्यायोचित हुने।

तसर्थ, उल्लिखित तथ्य प्रमाण र कानूनी व्यवस्थासमेतको विवेचित आधारमा प्रतिवादीमध्येको लक्ष्मी ठकुरीलाई सफाइ दिने गरेको फैसला मनासिब देखिए पनि अर्का प्रतिवादी राजेन्द्र ठकुरीका हकमा सेवनसम्मको कसुर ठहऱ्याई सजाय गर्ने गरेको सुरूको

फैसला सदर गरेको पुनरावेदन अदालत पाटनको मिति २०७१।१२।८ को फैसला सो हदसम्म मिलेको नदेखिँदा केही उल्टी भई निज प्रतिवादी राजेन्द्र ठकुरीलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४क. को कसुरमा सोही दफा १४ (१) को देहाय खण्ड (घ) (२) बमोजिम एक (१) महिना कैद र रू. १०००।- (एक हजार रूपैयाँ) जरिवाना हुने।

इजलास अधिकृत: महेन्द्रप्रसाद भट्टराई

कम्प्युटर: संजय जैसवाल

इति संवत् २०७४ साल माघ १८ गते रोज ५ शुभम्।

३

मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ, *०७३-CR-११७१, कर्तव्य ज्यान, विनोद पंजियार वि. नेपाल सरकार*

मिसिल संलग्न रहेको घटनास्थल तथा लासजाँच मुचुल्का हेर्दा मृतक र प्रतिवादी (लोग्ने) कै घरको आँगनमा सारीले छोपेर राखिएको मृतकको लासको मुख अर्ध खुल्ला, साइडमा अलिकति जिब्रो टोकेको अवस्थामा रहेको देखिनुका साथै बायाँ साइडको तलतिरको ओठ केही सुन्निएको र बायाँतर्फ कालो घाउ लागेको, बायाँ साइडमा रगत मिसिएको तरल पदार्थ निस्की गालामा लागी सुकेको र घाँटी सामान्य रूपले सुन्निएको भन्ने देखिन्छ। मृतकको पोष्टमार्टम रिपोर्टमा घाँटी थिची नाकमुख कपडाले छोपी स्वास रोकिन गएको कारण मृत्यु भएको भन्ने उल्लेख भएको देखिँदा मृतक मन्जुदेवी पंजियारको मृत्यु कर्तव्यबाट भएको तथ्यमा विवाद नदेखिने।

घटना वारदात हुँदा परिवारको सदस्य केटाकेटी खाना खाई सुतेको देखिँदा यी प्रतिवादी र मृतक मात्र भएको अवस्थामा मृतकलाई बाहिरको अन्य व्यक्तिले मार्न सक्ने अवस्था पनि देखिँदैन। विनोद पंजियारले अनुसन्धानमा गरेको साबिती बयानलाई घटनास्थल लासजाँच मुचुल्का तथा शव परीक्षण प्रतिवेदनबाट समेत समर्थित भई मृतक मन्जुदेवी पंजियारलाई कर्तव्य गरी मार्नमा यी प्रतिवादीको हात रहेको पुष्टि हुन्छ। साथै प्रतिवादीले अनुसन्धानमा गरेको बयानमा आमालाई दाजुको घरमा अघिल्लो दिन नै पठाई मृतकलाई मार्ने योजना बनाएको देखिएको, मृतकलाई घाँटीमा प्रहार गरी मुख र नाक आफ्नो हातले थिची त्यसपछि सारीले थुनेको भनेको र लास जाँच मुचुल्कामा तलको ओठ केही सुन्निएको, बायाँतर्फ कालो घाउ लागेको, बायाँ साइडमा रगत मिसिएको जस्तो तरल पदार्थ निस्केर गालामा लागी सुकेको, घाँटी सामान्य भई सुन्निएको र पोते मालाको डाम लागेको भन्ने उल्लेख भएको देखिन्छ। साथै शव परीक्षण प्रतिवेदन हेर्दा मृत्युको कारणमा घाँटी थिची नाक मुखमा कपडाले छोपी श्वास रोकिन गएको कारणले मृत्यु भएको भन्ने उल्लेख भएको देखिँदा प्रस्तुत मुद्दामा यी प्रतिवादीले आफ्नो श्रीमती मन्जुदेवीलाई परपुरूषसँग लागेको शङ्का गरी घाँटी थिची नाक मुख छोपी कर्तव्य गरी मारेको पुष्टि हुन आएकोले सुरू महोत्तरी जिल्ला अदालतले प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहराई गरेको फैसलालाई सदर गरेको पुनरावेदन अदालत जनकपुरको फैसला मनासिब नै देखिने।

पुनरावेदन अदालत जनकपुरले प्रतिवादीलाई मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम १४ वर्ष कैदको सजाय गर्न पेस गरेको राय सम्बन्धमा विचार गर्दा प्रतिवादी दाङमा स्कुलमा काम गर्ने भएको घरमा श्रीमतीको चरित्रसम्बन्धी विषयमा मृतकसँग वादविवाद भएको भन्ने देखिएको, आमालाई अन्यत्र पठाई घरमा नाबालक छोराछोरी रहेकै अवस्थामा पूर्वरिसइवी लिई तयारीका साथ जानी जानी घाँटी थिची श्रीमतीलाई मार्ने कार्य गरेको भन्ने निजको अनुसन्धानको साबिती बयान, लास जाँच मुचुल्का तथा मृतकको शव परीक्षण प्रतिवेदनसमेतका कागज प्रमाणबाट पुष्टि हुन आएको स्थितिमा अभियोग दाबीबमोजिम हुने सजायमा घटाई कम सजाय गर्न उल्लिखित आधार, कारणबाट उचित नदेखिँदा मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम १४

वर्ष मात्र कैदको सजाय गर्न व्यक्त गरेको पुनरावेदन अदालत जनकपुरको रायसँग सहमत हुन नसकिने ।

उपर्युक्त तथ्य एवं विवेचित आधार प्रमाणबाट प्रतिवादी विनोद पंजियारलाई सुरू महोत्तरी जिल्ला अदालतले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गरेको फैसलालाई सदर गरेको पुनरावेदन अदालत जनकपुरको मिति २०७३/५/१५ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: महेन्द्रप्रसाद भट्टराई

कम्प्युटर: संजय जैसवाल

इति संवत् २०७४ साल भदौ ११ गते रोज १ शुभम् ।

इजलास नं.७

१

मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री पुरूषोत्तम भण्डारी, *०७६-WH-०१७७, बन्दीप्रत्यक्षीकरण, MURUGAIN SELVAM वि. श्री प्रमुख जिल्ला अधिकारी, बबरमहल, काठमाडौंसमेत*

रिट निवेदक MURUGAIN SELVAN ले दिएको ०७४-WO-०४३२ को परमादेशको निवेदनमा यस अदालतबाट मिति २०७४।१२।५ मा जारी भएको निर्देशात्मक आदेश कार्यान्वयन नगरी गैरकानूनी रूपमा थुनामा रहनु परेकोले बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाउँ भन्ने रिट निवेदकको जिकिर रहेकोमा उक्त ०७४-WO-०४३२ को सक्कल मिसिल हेर्दा रिट निवेदनमा उल्लेख भएबमोजिमको निर्देशनात्मक आदेश जारी भएको नदेखिई, उक्त रिट निवेदन खारेज हुने ठहरी मिति २०७४।१२।५ मा फैसला भएको देखिने ।

अत: रिट निवेदकले झुट्ठा बेहोरा उल्लेख गरी सफा हात नलिई प्रस्तुत रिट निवेदन गर्न आएको देखिएको तथा निवेदकलाई लागेको जरिवाना तिर्न नसकेबाट जरिवानाबापत ४(चार) वर्ष कैद ठेकिएको देखिएको तथा जरिवानाबापत ठेकिएको कैदमा सहुलियत दिन मिल्ने कानूनी व्यवस्वथा रहेकोसमेत नदेखिएबाट निवेदकलाई कानूनबमोजिम फैसला भई फैसलाअनुसार लागेको कैद र जरिवानाबापत थुनामा रहेको देखिँदा गैरकानूनी थुना नदेखिएबाट बन्दीप्रत्यक्षीकरणको रिट जारी हुनुपर्ने अवस्था देखिन आएन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : अरूणकुमार कोइराला

कम्प्युटर : हर्क माया राई

इति संवत् २०७६ साल माघ ६ गते रोज २ शुभम् ।

२

मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री हरिप्रसाद फुयाल, *०७५-CR-२४५८, कर्तव्य ज्यान, चेतबहादुर भुजेल वि. नेपाल सरकार*

प्रस्तुत मुद्दामा, जाहेरवाला मनबहादुर माकिम मगरले दिएको किटानी जाहेरी दरखास्त र अदालतमा गरेको बकपत्र तथा यी प्रतिवादीले मेरो श्रीमती सुनिता भुजेललाई बञ्चरो तथा खुर्पाले हानी कर्तव्य गरी म आफैँले मारेको हुँ भनी कसुरमा पूर्णत: साबिती भई गरेको बयानसमेतबाट मृतक सुनिता भुजेलको मृत्यु सामान्य कालगतिले नभई कर्तव्यबाट भएको देखिन्छ । यसमा पिँढीको दुईवटा खम्बाको बिचमा रगत जस्तो रातो पदार्थ लागेको बञ्चरो रहेको, उत्तानो अवस्थामा सुनिता भुजेलको लास रहेको, लासको छातीमा खुर्पा रहेको, विस्तारामा रगत जमी ताल परेको र भित्तामा समेत रगत लागी सुकेको, मृतक लासको बायाँ कानको बिच भागमा डेढ इन्च काटिएको घाउ, बायाँ आँखीभौमाथि डेढ इन्च काटेको घाउ, घाँटीको बायाँ भागबाट ८ इन्च लम्बाई भएको श्वासनलीसहित काटिई पछाडिको भागमा हड्डी र छाला मात्र बाँकी रहेको, घटनास्थलमा फेला परेको बञ्चरो तथा खुर्पासमेतका हतियार प्रहरीले बरामद गरी लगेको भन्नेसमेत बेहोराको घटनास्थल तथा लास जाँच मुचुल्का, मृतकको पोष्टमोर्टम रिपोर्टको external examination मा incised wound over left side

of forehead. 4x3cm^2 wound at left eye brow. Incised wound over the left cheek 1x2cm^2. 3x2cm^2 incised wound involving left pinna extending across the Troyes. Chop wound 16x3cm^2 over anterior lateral aspect of mid neck 3 cm from the steroid angle of with cut through of trachea and blood vessels of neck भन्ने उल्लेख भएको देखिन्छ । साथै मृतकको शव परीक्षण प्रतिवेदन हेर्दा, Sharp force injury to neck भन्नेसमेतको बेहोराको शव परीक्षण प्रतिवेदनसमेतले यी प्रतिवादीले मेरो श्रीमती सुनिता भुजेललाई बञ्चरो तथा खुर्पाले हानी कर्तव्य गरी म आफैँले मारेको हुँ भनी कसुरमा पूर्णत: साबिती भई गरेको बयानलाई समर्थन गरेको देखिन आयो । उल्लिखित तथ्यबाट यी प्रतिवादीले मनसायसाथ मृतक आफ्नो श्रीमतीलाई बञ्चरो तथा खुर्पाले प्रहार गरी सोही चोटका कारण मृतकको मृत्यु भएको देखिन आयो।

प्रतिवादीले यस अदालतमा पुनरावेदन गर्दा वारदातका समयमा आफ्नो मानसिक सन्तुलन गुमेका कारणले वारदात घटना भएको हो, अभियोग मागदाबीबाट सफाइ पाउँ भनी जिकिर लिएको देखिन्छ। सो जिकिरतर्फ हेर्दा, प्रमाण ऐन, २०३१ को दफा २७ मा ***"सजाय कमी वा घटी हुने वा रिहाई पाउने कुराको जिकिर प्रतिवादीले पुर्‍याउनुपर्छ"*** भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ । यी प्रतिवादी मानसिक सन्तुलन गुमाएका मानिस हुन् भन्ने कुनै प्रमाण पेस गर्न सकेको देखिँदैन । आफ्नो मानसिक सन्तुलन नभएको भनी अधिकारप्राप्त अधिकारीसमक्ष र अदालतमा बयान गर्दा आफ्नो बेहोरा खुलाई जिकिर लिन सकेको पनि देखिँदैन। साथै प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा सवाल जवाफ २ नं. र सवाल जवाफ १४ नं. मा आफ्नो मानसिक अवस्था ठिक रहेको र हालसम्म कुनै रोगको औषधी सेवन नगरेको साथै हालसम्म आफूलाई कुनै मानसिक बिरामी भएको थाहा नभएको उल्लेख गरेको देखिन्छ । यसरी अनुसन्धानको क्रममा नउठेको र नखुलेको कुरामा यस अदालतमा पुनरावेदन गर्दाको क्रममा मात्र जिकिर लिएको भन्ने देखिन आयो। यसरी मिसिल संलग्न प्रमाण कागजले समर्थन र पुष्टि नगरेको कुरामा पुनरावेदन गर्दा उठाएको जिकिरसम्मलाई कानूनसङ्गत भन्न नसकिने। तसर्थ, आफू मानसिक असन्तुलन भएको व्यक्ति हो भनी लिएको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. हेर्दा ***"धार भएको वा नभएको जोखिमी हतियार गैह्रले हानी, रोपी, घोची ज्यान मारेमा जतिजना भई हतियार छाडेको छ उती जना ज्यान मारा ठहर्छ। सर्वस्वसहित जन्मकैदको सजाय गर्नुपर्छ"*** भन्ने उल्लेख भएको देखिने।

उक्त कानूनी व्यवस्थालाई विचार गर्दा, उल्लिखित कानूनी व्यवस्था प्रयोग हुन ज्यान मार्ने मनसाय (mens rea) हुन जरूरी छ । प्रतिवादीले मृतक सुनिता भुजेललाई ज्यान मार्ने मनसायले बञ्चरो तथा खुर्पा जस्तो धारिलो हतियारले कञ्चट तथा घाँटीमा एकपटक प्रहार गरिसकेपछि पुनः अर्को पटक प्रहार गरी कर्तव्य गरेको देखिएकोले निज प्रतिवादीले ज्यानसम्बन्धी महलको १३(१) नं. को कसुर गरेको देखिने।

यसरी प्रस्तुत मुद्दामा प्रतिवादीले आफूले मानसिक असन्तुलनको कारणले सुनिता भुजेललाई बञ्चरो तथा खुर्पा प्रहार गरी मारेको भनी पुनरावेदन जिकिर लिएकोमा उक्त कुरा प्रमाणित गर्ने कुनै पनि प्रमाण पेस गर्न सकेको छैन । मानसिक रोग लागेको मानिसले औषधी सेवन गर्ने गरेको हुन्छ र उक्त औषधीहरू पसलमा डाक्टर एवं अस्पतालको prescription बिना खरिद गर्न पाइँदैन सो अवस्थामा प्रतिवादीले मानसिक रोगको आधिकारिक कागजात पेस गर्नसमेत सकेको छैन। सरजमिनका मानिसहरूले पनि सुनिता भुजेललाई बञ्चरो तथा खुर्पाले हानी

मारेको बखत मानसिक असन्तुलन भएको कुरा स्पष्ट रूपमा खुलाइदिन सकेको अवस्था देखिँदैन । निजले अदालतमा गरेको बयानसमेतलाई दृष्टिगत गर्दा निज मानसिक रूपले असन्तुलित रहेभएको भन्न सकिने अवस्थाको देखिँदैन । यसरी मनसायपूर्ण तरिकाबाट प्रतिवादी चेतबहादुर भुजेलले आफ्नो श्रीमतीलाई बञ्चरोले हानी सख्त घाइते बनाई पुनः खुर्पा प्रहार गरी कर्तव्य गरी मारेको देखिने ।

अतः माथि उल्लिखित आधार, कारण र प्रमाणबाट प्रतिवादी चेतबहादुर भुजेलले आफ्नो श्रीमती सुनिता भुजेललाई बञ्चरोले हानी सख्त घाइते बनाई पुनः खुर्पा प्रहार गरी कर्तव्य गरी मारेको देखिँदा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सजाय गर्ने गरी भएको फैसलालाई सदर गर्ने गरी उच्च अदालत पोखराको मिति २०७५।०९।१६ को फैसला मनासिब देखिँदा सदर हुने ।

इजलास अधिकृत : लक्ष्मी राना

कम्प्युटर : समी नेपाली

इति संवत् २०७७ साल आषाढ १६ गते रोज ३ शुभम् ।

इजलास नं.८

१

मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री टंकबहादुर मोक्तान, *०७३-CR-००१८, हाडनातामा जबरजस्ती करणी, कर्णबहादुर बस्नेत वि. नेपाल सरकार*

जाहेरवाली, पीडित ए (नाम परिवर्तित) र मौकामा कागज गर्ने रेश्मा बस्नेतले अदालतमा आई बकपत्र गर्दा मौकामा गरेको कागजलाई पूर्णरूपमा समर्थन गरी प्रतिवादीले १३ वर्षकी छोरी पीडित ए (नाम परिवर्तित) लाई जबरजस्ती करणी गरेको हो भनी किटानीसाथ बकपत्र गरिदिएको देखिन्छ । पीडित कन्या र प्रतिवादी कर्णबहादुर बस्नेत बाबुछोरी नाताका मानिस हुन् भन्ने कुरामा तथा पीडित बालिकाको उमेर केवल १३ वर्ष हो भन्ने तथ्यमा समेत विवाद देखिँदैन । आफ्नो छोरी नाताकी अवोध बालिकाउपर प्रतिवादीले पाशविक कार्य नगरेको भए निज प्रतिवादीका छोरीले, पत्नीले तथा भाइ बुहारीसमेतले निजउपर किटानी पोल गर्नुपर्ने अवस्था नै थिएन । पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदनबाट निजको स्तनमा दाँतले टोकेका दागहरू देखिएको, hymen rapture भएको पाइएबाट प्रहरीसमक्ष प्रतिवादीले गरेको साबिती बयान तथा पीडित स्वयंले प्रहरी अनुसन्धानको क्रममा गरेको कागज र बकपत्र तथ्ययुक्त रूपमा समर्थित भएको पाइयो । बरामद भएका कपडा, तेल तताएर हालिएको बटुकासमेतका दशी प्रमाणहरूबाट समेत घटनाक्रम विवरण सिलसिलेवार तवरबाट प्रमाणित भएको देखिने ।

प्रतिवादी कर्णबहादुर बस्नेतले सुरू अदालतमा बयान गर्दा उक्त वारदात मिति र समयमा आफू घटनास्थलमा नभई अन्यत्र दिक्तेल हाटडाँडामा रहेको आफ्नै कोठामा थिएँ भनी Alibi को जिकिर लिएको देखिन्छ । पट्टु वि.क. (परिवर्तित नाम) को जाहेरीले नेपाल सरकार विरूद्ध वासुदेव सावद भएको जबरजस्ती करणी मुद्दा (ने.का.प. २०७४, भाग ५९, अङ्क ९, नि.नं. ९८७९) मा **"वारदातको दिन आफूलाई सो वारदातमा नभई अन्य ठाउँमा छु भनी देखाउने व्यक्तिले त्यस ठाउँमा भएको सबुत गुजार्नुपर्ने"** भनी सिद्धान्त प्रतिपादन भएको पाइन्छ । प्रस्तुत मुद्दामा प्रतिवादी कर्णबहादुर बस्नेतले अदालतसमक्ष बयान गर्दा कसुरमा इन्कार रही वारदात मिति समयमा आफू घरमा नभई अन्यत्र रहेको भनी Alibi को जिकिर लिए पनि प्रतिवादीले सो कुरा विश्वसनीय प्रमाण प्रस्तुत गरी प्रमाणित गर्न सकेको पाइएन । मिसिल संलग्न अन्य कागज प्रमाणबाट उक्त प्रतिवादीको Alibi जिकिर खण्डित भइरहेको देखिने ।

यसरी जाहेरवालीको किटानी जाहेरी, पीडितले गरेको कागज, रेश्मा बस्नेतको कागज एवं निजहरूले अदालतमा गरेको बकपत्र र स्वयं प्रतिवादीले मौकामा गरेको साबिती बयानका साथै पीडितको शारीरिक

परीक्षण रिपोर्टसमेतबाट प्रतिवादीले आफ्नै छोरी वर्ष १३ की पीडित ए (नाम परिवर्तित) लाई जबरजस्ती करणी गरेको कुरा शंकारहित तवरबाट पुष्टि हुन आएको अवस्थामा प्रमाणको उचित मूल्याङ्कन गरी सुरू खोटाङ जिल्ला अदालतबाट यी प्रतिवादीलाई सजाय गर्ने गरी भएको फैसला सदर हुने ठहऱ्याई पुनरावेदन अदालत राजविराजबाट मिति २०७२/०२/३२ मा भएको फैसला मनासिब देखिने।

अत: विवेचित आधार र कारणहरूसमेतबाट यी प्रतिवादीले आफ्नै छोरीलाई जबरजस्ती करणी गरेको कसुर पुष्टि हुन आएको देखिँदा निज प्रतिवादी कर्णबहादुर बस्नेतलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(२) नं. बमोजिम ८ (आठ) वर्ष कैद तथा उक्त जबरजस्ती करणीका महलको २ नं. तथा हाडनाता करणी गर्नेको महलको १ नं.बमोजिम थप १० (दश) वर्ष गरी कुल १८ (अठार) वर्ष कैद र जबरजस्ती करणीको महलको १० नं. बमोजिम पीडितलाई प्रतिवादीबाट रू.१,००,०००।- (एक लाख) क्षतिपूर्ति भराइदिनेसमेत ठहर गरी सुरू खोटाङ जिल्ला अदालतबाट मिति २०७१/०२/१८ मा भएको फैसला सदर हुने ठहऱ्याई पुनरावेदन अदालत राजविराजबाट मिति २०७२/०२/३२ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: लोकबहादुर हमाल

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७४ साल कात्तिक ३० गते रोज ५ शुभम्।

२

मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री प्रकाशकुमार ढुङ्गाना, *०७०-RB-००१५, आयकर (२०६२।०६३), सुरेश प्रधान वि. खुश्बु इम्पोर्टस, बालाजु*

प्रस्तुत विवादमा प्रत्यर्थी प्रतिष्ठानले प्रमाण कागजात पेस गर्न नसकेको कारण देखाई ठुला करदाता कार्यालय र आन्तरिक राजस्व विभागले संशोधित कर निर्धारण आदेशलाई मान्यता दिएको पाइन्छ। आयकर ऐन, २०५८ बमोजिम आयको गणना गर्दा खर्च छुट पाउने कुरा प्रमाण, कागज, भरपाईलगायतका कुराबाट पुष्टि गर्ने दायित्व प्रत्यर्थी प्रतिष्ठानकै देखिन्छ। ठुला करदाता कार्यालयले आयकर ऐन, २०५८ को दफा १०१ (६) बमोजिम आफ्नो खर्च पुष्टि गर्न १५ दिनको म्याद दिई सूचना दिएकै देखिन्छ। उक्त म्यादभित्र प्रत्यर्थीले थप प्रमाण पेस गर्न नसकेपछि संशोधित कर निर्धारण आदेशबमोजिमको अङ्क कायम गरी आयकर ऐन, २०५८ को दफा १०२ बमोजिमको सूचना जारी गरेको पाइन्छ। आफूले छुट पाउनुपर्ने भनेको खर्चको प्रमाण तथा खाता वही पेस गर्नु प्रत्यर्थीको कर्तव्य हो छुट पाउनु पर्छ भन्नु मात्रले छुट नपाउने।

प्रत्यर्थीले प्रशासकीय पुनरावलोकनको लागि र राजस्व न्यायाधिकरणमा पुनरावेदनपत्र दर्ता गर्दासमेत थप प्रमाण कागजात केही पेस गर्न सकेको कुरा मिसिलमा देखिँदैन। छुट भएका प्रमाण पुनरावेदनपत्रसँग पेस गरेको भएपनि त्यसलाई हेरी मूल्याङ्कन गर्न सकिने हुन्थ्यो। राजस्व न्यायाधिकरणले आफ्नो फैसलाको ठहर खण्डमा बहसको क्रममा "बिल भरपाईलगायतका कागजातहरू पेस भएको" भनी केही शीर्षकको खर्चलाई छुट दिने गरेको कुरा विना लिखित आधार प्रमाण मिल्ने देखिँदैन। बहसको क्रममा प्रेषित मौखिक प्रमाणले लिखित प्रमाणको मान्यता प्राप्त गर्न सक्तैन। प्रत्यर्थीले मिति २०६४।५।१३ मा ठुला करदाता कार्यालयमा प्रेषित जवाफमा "कर निर्धारणमा औंल्याएका रकमका सम्बन्धमा कर परीक्षणकै समय प्रमाणहरू पेस गरिसकेको" भनी भनेको देखिँदा पुनरावेदनपत्रसाथ प्रमाण कागजात पेस गर्न नसक्नेले बहसको क्रममा पेस गरेको भनी भन्नु पत्यारलाग्दो नदेखिँदा राजस्व न्यायाधिकरणको उक्त फैसला मिलेको देखिँदैन। खर्च कटौती छुट दिने गरी भएको राजस्व न्यायाधिकरणको मिति २०६७।२।२ को फैसला विना लिखित प्रमाण कागजातको अभावमा सो हदसम्म मिलेको नदेखिँदा उल्टी भई ठुला करदाता कार्यालय ललितपुरको मिति २०६४।५।१६ को निर्णयलाई सदर गर्ने गरेको

आन्तरिक राजस्व विभागका महानिर्देशकले मिति २०६५।४।३१ मा गरेको निर्णय सदर हुने।

फैसला तयार गर्न सहयोग पुऱ्याउने कर्मचारीको नाम: ऋतबहादुर पुलामी मगर

कम्प्युटर : चन्दनकुमार मण्डल

इति संवत् २०७६ साल वैशाख ३१ गते रोज ३ शुभम्।

३

मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री हरिप्रसाद फुयाल, *०७१-CR-००७९, कर्तव्य ज्यान, नेपाल सरकार वि. नन्दबहादुर रानासमेत*

प्रतिवादीहरूउपर किटानी जाहेरी भएपनि स्वयं जाहेरवाला शिव थापा अदालतमा उपस्थित भई गरेको बकपत्र गर्दा वारदातमा को-को संलग्न थिए मलाई थाहा भएन भनी उल्लेख गरेको, प्रतिवादीहरूलाई बकपत्रमा किटानीसाथ पोल गर्न सकेको नदेखिएको, जाहेरवाला शिव थापा प्रत्यक्षदर्शी नभएको, सो किटानी जाहेरी अन्य तथ्ययुक्त सबुद प्रमाणबाट समेत पुष्टि हुन नसकेको, प्रतिवादीहरूले अधिकारप्राप्त अधिकारी तथा सुरू अदालतमा बयान कागज गर्दा अभियोग दाबीबमोजिमको आरोपित कसुर गरेकोमा पूर्णतया इन्कार रही बयान कागज गरेको, मौकामा कागज गर्ने मानिसहरू आसा तामाङ, विरबहादुर सारू, चेलीमाया थापा, अमृता अधिकारी, शम्भुलाल श्रेष्ठले प्रतिवादीहरूले मृतक चुनबहादुर थापालाई कुटपिटसमेत गरेका हुन् भनी अदालतमा आई गरेको बकपत्रमा उल्लेख गरेको नदेखिएको, प्रतिवादीहरूका साक्षी पदमबहादुर थापा मगर, अमृता अधिकारी, बुद्धिसरा सारू, चेलीमाया थापा, देउबहादुर वि.क., श्रीमाया आलेसमेतले बकपत्र गर्दा यी प्रतिवादीहरूले मृतक चुनबहादुर थापालाई कुटपिटसमेत गरेका होइनन् भनी बकपत्र गरिदिएकोसमेतका मिसिल संलग्न प्रमाणहरूबाट वादीको अभियोग दाबी पुष्टि भएको नदेखिँदा निज प्रतिवादीहरूलाई शंकाको आधारमा मात्र ज्यान जस्तो अपराधमा सजाय गर्नु न्यायसङ्गत देखिँदैन। प्रमाण ऐन, २०३१ को दफा २५ अनुसार फौजदारी मुद्दामा कसुर प्रमाणित गर्ने भार वादीको हुने छ भन्ने स्पष्ट व्यवस्था हुँदाहुँदै प्रतिवादीहरूले चुनबहादुर थापालाई कुटपिटसम्म गरेको भन्नेसम्मको तथ्य पनि मिसिल संलग्न प्रमाणबाट नदेखिएको र वादी पक्षबाट सोको तथ्ययुक्त प्रमाण पेस गरी पुष्टि गराउन नसकेको अवस्था विद्यमान भएको कारण र आधारबाट प्रतिवादीहरू नन्दबहादुर राना, सुरज छिनाल, रमेश श्रेष्ठ, अशोक राना, सुरज थापा तथा प्रकाश थापाउपरको अभियोग दाबी पुग्न सक्ने नदेखिने।

अत: विवेचित आधारबाट प्रतिवादी सन्तोष थापाको उमेरको सम्बन्धमा स्थानीय पञ्जिकाधिकारीको कार्यालय भिरकोट तनहुँबाट जारी जन्मदर्ताको प्रमाणपत्रबाट प्रमाणित भएर आएको, अर्को प्रतिवादी सुमन थापाले मुक्का प्रहार गरेको भन्ने प्रमाणबाट पुष्टि हुन नसकेको र अन्य प्रतिवादीहरू नन्दबहादुर राना, सुरज छिनाल, रमेश श्रेष्ठ, अशोक राना, सुरज थापा तथा प्रकाश थापाको संलग्नता देखिने प्रमाण नहुँदा प्रतिवादी सन्तोष थापालाई बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(२) अनुसार ६ महिना कैद सजाय हुने, प्रतिवादी सन्तोष थापाको आपराधिक कार्यमा मतियारसम्मको कसुरमा ज्यानसम्बन्धी महलको १७(३) नं.अनुसार ३ वर्ष कैद हुने र अन्य प्रतिवादीहरू नन्दबहादुर राना, सुरज छिनाल, रमेश श्रेष्ठ, अशोक राना, सुरज थापा, प्रकाश थापालाई अभियोग दाबीबाट सफाइ दिने गरी पुनरावेदन अदालत पोखराबाट मिति २०७०/१२/१८ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : कृष्णप्रसाद अधिकारी

कम्प्युटर : चन्दनकुमार मण्डल

इति संवत् २०७६ साल आषाढ २ गते रोज २ शुभम्।

४

मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री कुमार रेग्मी, *०७४-CR-१००५, वैदेशिक रोजगार कसुर, नेपाल सरकार वि. महेन्द्र प्रधानसमेत*

जाहेरवाला साजन श्रेष्ठले प्रतिवादीमध्ये राजेन्द्र विलास न्यौपानेलाई अष्ट्रेलियाको क्रुजमा काम गर्न जानको लगि रू.५०,०००।– निजको नाउँमा माछापुच्छ्रे बैङ्कमा जम्मा गरिदिएको भने तापनि उक्त रकम के कुन प्रयोजनको लागि बैङ्क दाखेला भएको हो खुल्न सकेको देखिँदैन । जाहेरवालाले वैदेशिक रोजगारको प्रयोजनको लागि प्रतिवादीलाई रकम दिएको हुँ भनी जाहेरी दिएकोमा सो रकम दिएको कुनै कागजात पेस हुन सकेको देखिँदैन । जाहेरवालाले बैङ्क जम्मा गरिदिएको रकम वैदेशिक रोजगारीकै प्रयोजनको लागि थियो भन्ने ठोस प्रमाण पेस हुन सकेको देखिँदैन । यसरी जाहेरवालालाई दिएको चेक के कुन सिलसिला र प्रयोजनको लागि दिएको हो कहीँ खुल्न आएको नदेखिनुका साथै विनिमय अधिकारपत्र ऐन, २०३४ बमोजिम बाउन्स गराएको पनि नदेखिने ।

अर्का प्रतिवादीहरू राजेन्द्र विलास न्यौपाने तथा तेजप्रसाद खरेलको हकमा विचार गर्दा जाहेरवालाले निजहरूलाई वैदेशिक रोजगारमा जानको लागि रकम दिएको भन्ने दाबी रहेको देखिँदैन । मूल आरोपित व्यक्तिले पोलसम्म गरेको अवस्थामा निजउपरको कसुर शंकारहित तवरबाट पुष्टि हुन आएको नदेखिँदा निजहरूउपरको अभियोग दाबी प्रमाणित हुन सक्ने अवस्था नदेखिने ।

यसरी प्रतिवादीहरूउपरको अभियोग दाबी शंकारहित रूपमा पुष्टि गराउन सकेको नदेखिँदा प्रतिवादीहरू महेन्द्र प्रधान, राजेन्द्र विलास न्यौपाने तथा तेजप्रसाद खरेलले आरोपित कसुरबाट सफाइ पाउने ठहराई भएको वैदेशिक रोजगार न्यायाधिकरणको मिति २०७३।११।३० को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: तीर्थराज भट्टराई

कम्प्युटर : विपिन कुमार महासेठ

इति संवत् २०७६ साल जेठ १ गते रोज ४ शुभम् ।

- यसमा समान प्रकृतिका ०७४-CR-१०६१, १०७३, ०९९७, वैदेशिक रोजगार कसुर, नेपाल सरकार वि. रविनदास श्रेष्ठ भएको मुद्दाको फैसला यसै प्रकृतिको रहेको ।

५

मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री कुमार रेग्मी, ०७४-CR-१००६, ०६७१, वैदेशिक रोजगार कसुर, नेपाल सरकार वि. महेन्द्र प्रधानसमेत

जाहेरी दरखास्तमा प्रतिवादीलाई किटानी गरी वैदेशिक रोजगारको लागि अष्ट्रेलियाको क्रुजमा पठाइदिने भनी रकम बुझी लिई भारतको मुम्बईमा पुऱ्याई अलपत्र पारेको भनी किटानी जाहेरी दिएको र सो जाहेरीका साथमा पासपोर्टलगायतका कागजातहरू पेस गरेको देखिन्छ । जाहेरवालाहरूले उक्त जाहेरी बेहोरालाई समर्थन गर्दै यी प्रतिवादी महेन्द्र प्रधानले रकम बुझाएको केही समयपछि भारतको कलकत्तामा लगी सिपसम्बन्धी तालिमसमेत दिलाएका थिए भनी न्यायाधिकरणमा उपस्थित भई बकपत्र गरेको देखिन्छ । प्रतिवादीमध्येका तेजप्रसाद खरेलका नाउँमा Ocean Employment Network Pvt. Ltd. नामको कम्पनी रहेको भनी प्रतिवादी महेन्द्र प्रधानले जिकिर लिएको भए तापनि महेन्द्र प्रधानले जाहेरवालाहरूलाई कागज गरिदिएको मिति २०७१।१२।२५ भन्दा अघि अर्थात् मिति २०७०।२।१६ गते नै उक्त कम्पनी अर्कै सञ्चालक बकस खत्रीका नाउँमा कायम रहेको देखिने ।

यसरी यी प्रतिवादी महेन्द्र प्रधानले वैदेशिक रोजगारको व्यवसाय सञ्चालन गर्ने अनुमति नलिई जाहेरवालाहरू उर्मिला लामा तामाङ र मिङ्गमार तामाङलाई वैदेशिक रोजगारमा अष्ट्रेलिया क्रुजमा काममा पठाइदिन्छु भनी झुट्टा आश्वासन दिई रकमसमेत लिएको कार्य वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० विपरीतको कसुर भएको तथ्य पुष्टि भएको अवस्थामा आरोपित कसुर नगरेको हुँदा अभियोग दाबीबाट सफाइ पाउँ भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

अर्का प्रतिवादी तेजप्रसाद खरेलको

हकमा विचार गर्दा निजउपर किटानी जाहेरी परेको देखिँदैन । प्रतिवादी महेन्द्र प्रधानले बयानको क्रममा जाहेरवालाहरूबाट लिएको रकम निजलाई बुझाएको भनी पोल गरे तापनि सोलाई थप प्रमाणहरूबाट पुष्टि गराउन सकेको देखिँदैन । प्रतिवादी महेन्द्र प्रधानले जाहेरवालाहरूबाट वैदेशिक रोजगारको लागि मिति २०७१।१२।२५ मा कागज गरी रकम बुझिलिएको देखिइरहेको अवस्थामा शंकारहित प्रमाणको अभावमा अर्का प्रतिवादी महेन्द्र प्रधानले पोल गरेको आधारमा मात्र यी प्रतिवादी तेजप्रसाद खरेलको आरोपित कसुरमा संलग्नता रहेको मान्न नमिल्ने ।

तसर्थ, प्रतिवादी महेन्द्र प्रधानले वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० को कसुरमा ऐ. दफा ४३ बमोजिम एक वर्ष छ महिना कैद र रू. एक लाख पचास हजार जरिवाना हुने र जाहेरवालाहरूलाई हर्जनासहितको बिगो प्रतिवादी महेन्द्र प्रधानबाट भराई लिन पाउने र अर्का प्रतिवादी तेजप्रसाद खरेलले आरोपित कसुरबाट सफाइ पाउने ठहराई भएको वैदेशिक रोजगार न्यायाधिकरणको मिति २०७३।११।२४ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: तीर्थराज भट्टराई

इति संवत् २०७६ साल जेठ १ गते रोज ४ शुभम् ।

- यसमा समान प्रकृतिको ०७४-CR-१०७२, वैदेशिक रोजगार कसुर, नेपाल सरकार वि. देवबहादुर गुरूङसमेत भएको मुद्दाको फैसला यसै प्रकृतिको रहेको ।

इजलास नं.९

१

मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री पुरूषोत्तम भण्डारी, *०७५-RC-००९३, जबरजस्ती करणी र कर्तव्य ज्यान, नेपाल सरकार वि. हरि खत्री*

प्रतिवादी अम्मर भन्ने हरि खत्रीले करणी गरेको कुरा घरमा गई भनिदिन्छु भनेकीले मुख थुनी घाँटी थिची मारेको हो भनी बयान गरेको देखिन्छ । प्रतिवादीको उक्त भनाइ करणीपश्चात् टाउकोमा पुर्‍याएको चोट (Rape followed by head injury) को कारणले मृत्यु भएको भन्ने शव परीक्षण प्रतिवेदनले पुष्टि गरेको छ । जाहेरी बेहोरालाई समर्थन हुने गरी प्रतिवादीले नै वारदात घटाएको हो भनी जाहेरवालाले अदालतमा उपस्थित भई बकपत्र गरिदिएको देखिन्छ । घटनास्थल तथा लास बरामद भएको स्थानसमेत प्रतिवादीले देखाई दिएको पाइन्छ । वस्तुस्थिति मुचुल्काका मानिस पार्वती क्षेत्रीले प्रतिवादीले मृतकलाई जबरजस्ती करणी गरी मारेको हो र निजले नै मृतकलाई गाडेको ठाउँ देखाई दिएको हो भनी अदालतमा बकपत्र गरेबाट उक्त कुराको पुष्टि हुन आएको छ । यसरी निज प्रतिवादीले जबरजस्ती करणी गरी मारेको हो भनी कसुरमा साबित भई गरेको बयान, जाहेरी दरखास्त, घटनास्थल लासजाँच मुचुल्का, शव परीक्षण प्रतिवेदन, जाहेरवाला तथा वादीका साक्षीले अदालतमा गरेको बकपत्रसमेतका उल्लिखित मिसिल संलग्न प्रमाणहरूबाट प्रतिवादीले मृतकलाई जबरजस्ती करणी गरेपश्चात् कर्तव्य गरी मारेको हो भन्ने शंकारहित तवरले पुष्टि हुने ।

प्रतिवादीबाट भएको उक्त कार्य (Criminal Act) सम्बन्धमा कानूनी व्यवस्था हेर्दा, मुलुकी ऐन, जबरजस्ती करणीको (१) नं. अनुसार **सोह्र वर्षभन्दा कम उमेरकी बालिकालाई निजको मन्जुरी लिई वा नलिई करणी गरेमा जबरजस्ती करणी गरेको ठहर्ने** र सोही महलको ३(१) नं. मा **दश वर्षभन्दा मुनिकी बालिकालाई जबरजस्ती करणी गर्नेलाई दशदेखि पन्ध्र वर्षसम्म कैद सजाय हुने** कानूनी व्यवस्था गरिएको देखिन्छ । प्रतिवादीले सात वर्षकी नाबालिकलाई जङ्गलको एकान्त ठाउँमा लगी जबरजस्ती करणी गरेकोले निजले गरेको उक्त कार्य मुलुकी ऐन, जबरजस्ती करणीको १ नं. विपरीत ३(१) नं. अन्तर्गतको जबरजस्ती करणीको कसुर देखिने ।

त्यसै गरी मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. मा **लाठा ढुङ्गा र साधारण सानातिना हातहतियारले कुटी, हानी, रोपी, घोची वा अरू ज्यान मर्ने गैह्र कुरा गरी ज्यान मारेमा एकै जनाले मात्र सो काम गरी ज्यान मारेमा सोही एक जना ज्यानमारा ठहरिने र त्यास्तालाई सर्वस्वसहित जन्मकैद गर्नुपर्ने** कानूनी व्यवस्था गरिएको छ । प्रतिवादीले मृतकलाई मुख थुनी घाँटी थिची टाउकोमा चोट पुर्‍याई करणीबाट पीडित नाबालिकलाई मारी उक्त ज्यानसम्बन्धी महलको १ नं. तथा १३(३) नं. अन्तर्गतको कर्तव्य ज्यानको कसुर गरेको देखिने।

प्रतिवादीले मुलुकी ऐन, जबरजस्ती करणीको १ नं. विपरीत ३(१) नं. अन्तर्गतको जबरजस्ती करणीको कसुर तथा ज्यानसम्बन्धी महलको १ नं. तथा १३(३) नं. बमोजिमको कर्तव्य ज्यानसम्बन्धी कसुर गरेको पुष्टि हुन आएकोले निज प्रतिवादी अम्मर भन्ने हरी खत्रीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने र जबरजस्ती करणीको महलको ३(१) नं. अनुसार थप १२ वर्ष कैद सजायसमेत हुने ठहर गरेको उच्च अदालत तुलसीपुर, बुटवल इजलासको फैसला मिलेकै देखिने।

प्रतिवादी अम्मर भन्ने हरि खत्रीलाई सर्वस्वसहित जन्मकैद हुने ठहर भए पनि मुलुकी अपराध (संहित) ऐन, २०७४ को दफा ४० को उपदफा (२) मा **"कानूनमा कुनै कसुरबापत सर्वस्वको सजाय हुने रहेछ भने यो ऐन प्रारम्भ भएपछि त्यस्तो कसुरमा सजाय गर्दा सर्वस्व हुने गरी सजाय गरिने छैन"** भन्ने कानूनी प्रावधान रहेको र केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९ को उपदफा (२)(ख) मा **"..कुनै फौजदारी कसुरको सजाय मुलुकी अपराध संहितामा लेखिएभन्दा बढी रहेछ भने मुलुकी अपराध संहितामा लेखिएको हदसम्म मात्र सजाय हुने छ"** भन्ने कानूनी व्यवस्था रहेकोले निज प्रतिवादीलाई सर्वस्वको सजाय गर्न कानूनत: नमिल्ने भई जन्मकैद सजाय गर्नुपर्ने देखिने।

अत: माथि विवेचित आधार, कारणसमेतबाट प्रतिवादी अम्मर भन्ने हरि खत्रीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद र जबरजस्ती करणीको ३(१) नं. अनुसार थप १२ वर्ष कैद सजायसमेत हुने ठहर्‍याएको सुरू रूपन्देही जिल्ला अदालतको फैसला सदर गरी उच्च अदालत तुलसीपुर, बुटवल इजलासबाट मिति २०७५।१।२७ मा भएको फैसला मिलेकै देखिँदा साधक सदर हुने ठहर्छ । साथै निज प्रतिवादीलाई कर्तव्य ज्यानतर्फ सर्वस्वसहित जन्मकैद हुने ठहर भए पनि **मुलुकी अपराध (संहिता) ऐन, २०७४ को दफा ४० को उपदफा (२)** तथा **केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९ को उपदफा (२)(ख)** बमोजिम सर्वस्वको सजाय गर्न नमिल्ने हुँदा जन्मकैद हुने।

इजलास अधिकृत:- दिपेन्द्र थापा मगर

कम्प्युटर: संजय जैसवाल

इति संवत् २०७५ साल फाल्गुन ६ गते रोज २ शुभम्।

२

मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री पुरूषोत्तम भण्डारी, *०७५-RC-०१०६, कर्तव्य ज्यान, नेपाल सरकार वि. मिङमालामु शेर्पा*

प्रस्तुत मुद्दामा प्रतिवादी मिङमालामु शेर्पाले वारदात कसुर गर्दाका अवस्थामा देख्ने प्रत्यक्षदर्शी नभए तापनि प्रतिवादीले सिलसिलेवार ढङ्गले घटना वारदातका सम्बन्धमा अधिकारप्राप्त अधिकारीसमक्ष गरिदिएको बयान मिसिल संलग्न वस्तुगत र परिस्थितिजन्य प्रमाणबाट समर्थित भइरहेको पाइन्छ। प्रतिवादी मिङमालामु शेर्पाले आफ्नो पति रोजगारीका लागि विदेशमा रहेको अवस्थामा देवर नाताका तेम्बा शेर्पासँग अवैध यौनसम्बन्ध राखी बच्चा जन्माएको र सो कुरा अरूले जानकारी पाएमा आफ्नो बेइज्जती हुन्छ भन्ने ठानी नवजातको मुखमा झारपातको बुजो

लगाई मारेर गाडेको हो भनी गरेको साबिती बयानलाई निजले शौचालयमा बच्चा जन्माई मारी गाडेको भनी लेखाएको सनाखत कागज, बच्चाको मुखमा झारपातको बुजो रहेको देखिएको भन्ने घटनास्थल मुचुल्का, जिउँदो बच्चा जन्माएर मारकोमा विश्वास लाग्छ भनी वादीका साक्षी पेडोमा शेर्पाले अदालतमा गरेको बकपत्रसमेतबाट समर्थित भइरहेको देखिएकोले प्रतिवादीले अभियोग दाबीबमोजिमको कसुर गरेको पुष्टि हुने।

प्रतिवादीले आफ्नो पति रोजगारीमा रहेको अवस्थामा देवर नाताका तेम्बा शेर्पासँगको अवैध यौन सम्बन्धबाट जन्माएको नवजात शिशुका सम्बन्धमा कसैलाई थाहा जानकारी नहोस् भनी झारपातको बुजोले मुख थुनी टाउकोमा चोटसमेत पुर्‍याई कर्तव्य गरी मारेको पुष्टि हुन आएकोले निज प्रतिवादी मिङ्मालामु शेर्पालाई अभियोग दाबीबमोजिम कसुर ठहर गरी मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नम्बर बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर गरी उच्च अदालत विराटनगर, ओखलढुङ्गा अस्थायी इजलासबाट भएको फैसला मिलेकै देखिने।

निज प्रतिवादी मिङमालामु शेर्पालाई सर्वस्वसहित जन्मकैद हुने ठहर भए तापनि मुलुकी अपराध (संहिता) ऐन, २०७४ को दफा ४० को उपदफा (२) मा "कानूनमा कुनै कसुरबापत सर्वस्वको सजाय हुने रहेछ भने यो ऐन प्रारम्भ भएपछि त्यस्तो कसुरमा सजाय गर्दा सर्वस्व हुने गरी सजाय गरिने छैन" भन्ने कानूनी प्रावधान रहेको र केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९ को उपदफा (२)ख मा "..कुनै फौजदारी कसुरको सजाय मुलुकी अपराध संहितामा लेखिएभन्दा बढी रहेछ भने मुलुकी अपराध संहितामा लेखिएको हदसम्म मात्र सजाय हुने छ" भन्ने कानूनी व्यवस्था रहेकोले निज प्रतिवादीलाई सर्वस्वको सजाय गर्न कानूनत: नमिल्ने भई जन्मकैद सजाय गर्नुपर्ने देखिने।

प्रतिवादी मिङमालामु शेर्पालले आफ्नो पति वैदेशिक रोजगारीमा गएको अवस्थामा परपुरूषसँगको अवैध करणी सम्बन्धबाट जन्मेको शिशुका बारेमा समाजलाई थाहा जानकारी नहोस् भनी लोकलज्जाको कारण नवजात शिशु मारिएको देखिन्छ । तसर्थ, प्रतिवादी मिङमालामु शेर्पा कसुर गर्दाको अवस्थामा २६ वर्षको युवा उमेरको रहेकोले समाजमा पुनर्स्थापित भई जीवन जिउने सम्भावना रहेको, सामाजिक लोकलज्जाबाट बच्नको लागि कसुर गरेको, नाबालक सन्तानको अभिभावकत्व वहन गर्नुपर्ने, नामसम्म लेख्न सक्ने सामान्य साक्षर रहेकोसमेतका कारण एवम् सर्वोच्च अदालतबाट प्रतिपादित ने.का.प.२०६६, अङ्क ९, नि.न. ८२२० सिद्धान्तबाट प्रतिवादी मिङमालामु शेर्पालाई फैसला हुँदा ठहरिएको कैद सजाय गर्दा चर्को पर्ने देखिँदा अ.बं.१८८ नं. बमोजिम ५ वर्ष कैद सजाय गर्न प्रस्ताव गरेको रायसमेत मिलेकै देखिने।

अतः माथि विवेचना गरिएको आधार, कारण तथा न्यायिक सिद्धान्तसमेतबाट प्रतिवादी मिङमालामु शेर्पालाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३ को देहाय ३ नम्बरबमोजिम सर्वस्वसहित जन्मकैद हुनेसमेत ठहर गरेको सुरू ओखलढुङ्गा जिल्ला अदालतको फैसला सदर गरी उच्च अदालत विराटनगर, अस्थायी इजलास ओखलढुङ्गाबाट मिति २०७४।२।१० मा भएको फैसला मिलेकै देखिँदा साधक सदर हुने।

इजलास अधिकृतः- दिपेन्द्र थापा मगर

कम्प्युटर: संजय जैसवाल

इति संवत् २०७५ साल फागुन ६ गते रोज २ शुभम्।

३

मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री पुरूषोत्तम भण्डारी, *०७१-CR-०६३२, कर्तव्य ज्यान, देवनारायण कलवारसमेत वि. नेपाल सरकारसमेत*

प्रतिवादीहरू रामविलास नायक र देवनारायण कलवारको अधिकारप्राप्त अधिकारीसमक्षको

साबिती बयान, बरामद दसीको परीक्षण प्रतिवेदन तथा जाहेरवालालगायत वादीका साक्षीहरूको बकपत्रसमेतका उल्लिखित मिसिल संलग्न प्रमाणबाट प्रतिवादी रामविलास नायक, देवनारायण कलवार र तौलन भन्ने हरिराम लोधले सपाटु यादवलाई गोली प्रहार गरी कर्तव्य गरी मारेको हो भन्ने पुष्टि हुन आउने।

प्रस्तुत मुद्दामा प्रतिवादीहरूले एकैसाथ गोली हानेको र मृतकको टाउकोमा गोली लागेको भन्ने देखिन आएको छ। मिसिल संलग्न सबुद प्रमाणबाट यी प्रतिवादीहरू तीनजनामध्ये कसको गोलीको प्रहारबाट मृतक मारिएको हो भन्ने यकिन हुन सकेको अवस्था छैन । तसर्थ पुनरावेदन अदालत बुटवलबाट प्रतिवादीहरू रामविलास नायक, देवनारायण कलवार र तौलन भन्ने हरिराम लोधलाई सो ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जनही जन्मकैदको सजाय हुने ठहर गरेको मिलेकै देखिने।

अन्य प्रतिवादीहरू **सोहन भन्ने राजाराम प्रसाद बढई र प्रवेश कुर्मी** (प्रवेश सलिम, तसलिमसमेत) **भन्ने गोविन्द कुर्मीको हकमा विचार गर्दा,** अधिकारप्राप्त अधिकारीसमक्ष प्रतिवादी राजारामप्रसाद बढईले सपाटुले स्थानीय मानिसको अगाडि लठ्ठी प्रहार गरेको पूर्वरिसइवीसमेत रहेकाले मृतक सपाटु यादवलाई मार्ने योजना बनाई सहप्रतिवादीहरूसमेतको सहयोगमा बाटोमा ढुकी बसी गोली प्रहार गरी निज सपाटु यादवलाई कर्तव्य गरी मारेको हो भनी कसुर गरेकोमा साबित भई बयान गरेको देखिन्छ। प्रतिवादीहरू राजारामप्रसाद बढई र गोविन्द कुर्मी अन्य प्रतिवादीहरूसँगै वारदातस्थलमा उपस्थित रहेको र मृतकलाई अगाडिपट्टिबाट बाटो छेकी कट्टा पेस्तोल ताकेको भन्ने रामविलास नायक र देवनारायण कलवारले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयानबाटै देखिएको छ। यसबाट प्रतिवादीहरू राजाराम प्रसाद बढई र गोविन्द कुर्मीले मृतक सपाटु यादवलाई कर्तव्य गरी मार्नमा अन्य प्रतिवादीहरूलाई सहयोग पुऱ्याएको भन्ने देखिन आयो। प्रतिवादीहरू राजाराम प्रसाद बढई र गोविन्द कुर्मीसँग पेस्तोल तथा गोली रहेको र बरामद भएको भन्ने देखिन नआए तापनि निजहरूले वारदातस्थलमा मौकामा उपस्थित भई मृतकलाई भाग्न उम्कन नपाउने गरी घेरा हाल्ने, बाटो छेक्ने काम गरी मृतकलाई मार्न संयोग पारिदिने कसुर गरेकोसम्म देखिँदा पुनरावेदन अदालत बुटवलबाट प्रतिवादीहरू राजारामप्रसाद बढई र गोविन्द कुर्मीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७(२) नं. बमोजिम जनही ५ वर्ष कैद सजाय हुने ठहर गरेकोसमेत मिलेकै देखिने।

प्रतिवादी राजेन्द्र पासीको अधिकारप्राप्त अधिकारीसमक्षको साबिती बयान प्रतिवादीहरू रामविलास नायक, देवनारायण कलवार र राजाराम प्रसाद बढईले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको साबिती बयान, मार्न प्रयोग भएको पेस्तोलसहित सहप्रतिवादी पक्राउ परेको र वारदातस्थलबाट बरामद भएको गोलीको खोकासमेतका वस्तुगत प्रमाणहरूबाट समर्थित भएको पाइन्छ । तसर्थ निज प्रतिवादी राजेन्द्र पासी र अन्य प्रतिवादीहरू रामविलास नायक, देवनारायण कलवार र राजारामप्रसाद बढईले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान, जाहेरवालाको बकपत्रसमेतका मिसिल संलग्न प्रमाणहरूबाट प्रतिवादी राजेन्द्र पासीले मृतक सपाटु यादव कहाँ जान्छ भनी खबर सङ्कलन गर्ने कार्य गरेको र अन्य प्रतिवादीहरूसँग वारदतस्थलमा गई मत सल्लाहमा पसेको देखिन आएकोले निज प्रतिवादी राजेन्द्र पासीलाई १७(३) बमोजिम २ वर्ष ६ महिना कैद हुने ठहऱ्याएको हदसम्म सुरू फैसला सदर गरेको पुनरावेदन अदालतको इन्साफ पनि मिलेकै देखिने।

अत: माथि विवेचित आधार प्रमाणसमेतबाट प्रतिवादीहरू देवनारायण कलवार, रामविलास नायक र तौलन भन्ने हरिराम लोधलाई ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम जनही सर्वस्वसहित

जन्मकैदको सजाय हुने र प्रतिवादीहरू सोहन भन्ने राजाराम प्रसाद बढई र प्रवेश कुर्मी भन्ने गोविन्द कुर्मीलाई ज्यानसम्बन्धी महलको १७(१) नं. बमोजिम जनही दश वर्ष कैद हुने ठहराएको हदसम्म सुरू रूपन्देही जिल्ला अदालतको मिति २०६९।३।१२ को फैसला केही उल्टी गरी प्रतिवादीहरू देवनारायण कलवार, रामविलास नायक र तौलन भन्ने हरिराम लोधलाई ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जनही जन्मकैद हुने र प्रतिवादीहरू राजारामप्रसाद बढई तथा गोविन्द कुर्मीलाई ज्यानसम्बन्धी महलको १७(२) नं. बमोजिम जनही ५ (पाँच) वर्ष कैद हुने ठहर गरी प्रतिवादी राजेन्द्र पासीको हकमा ज्यानसम्बन्धी महलको १७(३) नं. बमोजिम २ वर्ष ६ महिना कैद सजाय हुने ठहऱ्याएको सुरू फैसला सदर गरेको पुनरावेदन अदालत बुटवलको मिति २०७१।२।७ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः- दिपेन्द्र थापा मगर

कम्प्युटर: संजय जैसवाल

इति संवत् २०७५ साल चैत्र ४ गते रोज २ शुभम्।

४

मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री पुरूषोत्तम भण्डारी, ०७२-CR-२०६०, ०७४-RC-०१५१, कर्तव्य ज्यान, लोकेन भन्ने लोकेन्द्र पाइजा वि. नेपाल सरकार

अधिकारप्राप्त अधिकारी समक्ष गरिदिएको बयान हेर्दा, मृतकले केहि महिनाअघि मोबाइल चोरीसम्बन्धी विवादमा मेरो टाउकोमा हसियाले हानेकोमा टाउकोमा ८ वटा टाँका लगाइएको छ, मृतकसँग मेरो पूर्वरिसइवी थियो । वारदातको दिन निजले हो-हल्ला गरेको र घरको छानामा ढुङ्गा हानेको कारण यसलाई ठिक पार्नुपर्छ भन्ने सोची लखेट्दै गएर भाइसमेत भई मैले निजलाई ढुङ्गाले हानेकोमा निज मर्यो भनी मृतककै ट्र्याकसुटले मृतकको घाँटी बेरी तान्दै भिरबाट फालिदिएको हो। उक्त वारदातमा हामी २ जनाको मात्र संलग्नता छ भनी आफ्नो बयान बेहोरा उल्लेख गरिदिएको देखिन्छ । १८.६ किलोग्रामको ढुङ्गा बरामद भएको भन्ने मिति २०७२/३/२३ को बरामदी मुचुल्का रहेको देखिन्छ भने सो बरामदित ढुङ्गा नै मृतकलाई मार्न प्रयोग भएको ढुङ्गा हो भनी प्रतिवादी ज्ञानप्रसाद पाइजाले अनुसन्धानको क्रममा बयानसमेत गरिदिएको देखिन्छ। निजले अदालतसमक्ष गरिदिएको बयानमा पनि कसुरमा साबिती रही आफूले मृतक जगतबहादुर पुनलाई ढुङ्गाले छातीमा हानेर मारेर फालेको हो । मृतक र मेरो रिसइबीका कारण मृतकलाई मैले एक्लै मारेको हो, भाइ लोकेन्द्र पाइजाले मृतकलाई हानेकै होइन भन्नेसमेत उल्लेख गरी आफू कसुरदार रहेको र भाइ लोकेन्द्र पाइजा भने निर्दोष रहेको भनी बयान बेहोरा लेखाइदिएको पाइन्छ। यसरी प्रतिवादी ज्ञानप्रसाद पाइजा निजले अधिकारप्राप्त अधिकारीसमक्षको बयानमा आफू र भाइसमेत भई मृतक जगतबहादुर पुनलाई कर्तव्य गरी मारेको भनी तथा अदालतसमक्ष भने आफूले मात्र मृतक जगतबहादुर पुनलाई कर्तव्य गरी मारेको भनी कसुरमा साबिती रहेको देखिने।

प्रतिवादी लोकेन्द्र पाइजाले गरिदिएको बयान, मोबाइल चोरीको विषयलाई लिएर प्रतिवादी ज्ञानप्रसाद पाइजा र मृतकको बिचमा पूर्वरिसइवी रहेको भन्नेसमेत बुझिएका मानिसहरूसमेतले गरिदिएको बकपत्र, घटनास्थल तथा लास जाँच मुचुल्का एवं बरामदी मुचुल्कासमेतबाट मृतकको मृत्यु प्राकृतिक नभई कर्तव्यबाट भएको भन्ने देखिने।

प्रस्तुत मुद्दाको सुरू तथा सुरू सदर गरेको पुनरावेदन रोहको फैसलामा प्रतिवादीहरू ज्ञानप्रसाद पाइजा र लोकेन्द्र पाइजासमेत भई मृतकको हत्या गरेको तथा प्रतिवादीहरूमध्ये यसैले हानेको चोटका कारण मृत्यु भएको भन्ने कुरा खुल्न नआएबाट प्रतिवादीहरू दुवै जनालाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जन्मकैद हुने भनी उल्लेख भएको पाइन्छ । धेरैजना संलग्न रहेको अपराधमा प्रत्येक अभियुक्तहरूको भूमिकामा दुर्लभै मात्र समानता हुने

हुन्छ । निजहरूको भूमिका मुख्य अभियुक्त र सहायक अभियुक्तको रूपमा पनि हुनसक्छ भने उही भूमिकामा रहेको अवस्थामा समेत निजहरूको भूमिकाको गाम्भीर्य फरकफरक रहन सक्छ । प्रत्येक अभियुक्तलाई निजहरूको भूमिकाको गाम्भीर्यसमेतलाई विचार गरी भिन्नता गर्न सकिने हदसम्म विभिन्नता गर्नुपर्ने हुन्छ र सोहीबमोजिम निजहरूले अपराधको जिम्मेवारी पनि वहन गर्नुपर्ने हुन्छ । कसुरमा प्रत्येक प्रतिवादीको भूमिकाको विवेचना नगरी समग्रमा फौजदारी कसुरको जिम्मेवारी वहन गर्नु गराउनु फौजदारी न्यायको मान्य सिद्धान्तभित्र पर्दैन । हरेक प्रतिवादीको आपराधिक कार्यको भूमिकाको मूल्याङ्कन गरी प्रत्येकउपरको वास्तविक जिम्मेवारी पहिल्याउनुपर्छ । अतः अदालत अपराध गर्नेलाई कसुरको मात्राअनुसार सजाय दिलाउनेतर्फ सधैँ सचेत रहिरहनु (ने.का.प.२०६९, अङ्क १, नि.नं. ८७५८, पृ. ८५) प्रतिपादन भएको सिद्धान्तसमेतबाट प्रस्तुत मुद्दामा मृतक जगतबहादुर पुनलाई कर्तव्य गरी मार्ने कार्यमा प्रतिवादीहरू ज्ञानप्रसाद पाइजा र लोकेन्द्र पाइजाको के कस्तो आपराधिक भूमिका रहेको छ विवेचना गरी निर्णयमा पुग्नु अपरिहार्य देखिने ।

मृतक जगतबहादुर पुनको हत्या गर्नमा प्रतिवादीहरूको संलग्नता र भूमिका सम्बन्धमा हेर्दा, प्रतिवादी ज्ञानप्रसाद पाइजाले अधिकारप्राप्त अधिकारीसमक्ष तथा अदालतसमक्ष बयान गर्दा मृतकको हत्या गरेको कसुरमा साबिती रहेको तथा निजकै भाइ सहप्रतिवादी लोकेन्द्र पाइजाले समेत मृतकलाई मार्नमा दाजु ज्ञानप्रसाद पाइजाको हात रहेको भनी खुलाइदिएको देखिन्छ । प्रतिवादी ज्ञानप्रसाद पाइजा स्वयंको बयान, सहप्रतिवादीको बयान, बुझिएका मानिसहरूले गरिदिएको बकपत्रसमेतबाट मोबाइल चोरीको विषयलाई लिएर प्रतिवादी ज्ञानप्रसाद पाइजा र मृतकको बिचमा पहिला विवाद भई कुटपिटसमेत भएको हुँदा निजहरूका बिचमा पूर्वरिसइवी रहेको भन्ने खुलेको छ । लासको घाँटीमा निलो ट्र्याक बेरिएको अवस्थामा रहेको भन्ने घटनास्थल मुचुल्काबाट देखिन्छ । मृतकलाई ढुङ्गाले हानी मारी ट्र्याक सुटले घाँटीमा बाँधी घटनास्थलबाट तानी भिरमा खसालेको हुँ भनी अदालतमा समेत साबित भई प्रतिवादी ज्ञानप्रसाद पाइजाले गरेको बयान लासको घाँटीमा बेरिएको अवस्थामा निलो ट्र्याक रहेबाट पनि पुष्टि हुन आएको छ । निज प्रतिवादीले अदालतमा समेत मृतकलाई मारी भिरबाट खसालेको भनी गरेको साबिती बयान प्रमाण ऐन, २०३१ को दफा ९ बमोजिम प्रमाणमा लिन मिल्ने ।

प्रस्तुत मुद्दामा प्रतिवादी ज्ञानप्रसाद पाइजाकै कर्तव्यबाट मृतकको मृत्यु भएको पुष्टि हुन आउँछ । यस अवस्थामा प्रतिवादी ज्ञानप्रसाद पाइजालाई तत्कालीन कानूनी व्यवस्था उल्लिखित १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुनेमा मौजुदा कानूनी व्यवस्था, मुलुकी अपराध संहिता, २०७४ को दफा ४०(२) बमोजिम जन्मकैदको सजाय नै हुने हुँदा निजलाई उल्लिखित १३(३) नं. बमोजिम जन्मकैद सजाय गर्ने गरी भएको सुरु फैसला सदर गर्ने गरी पुनरावेदन अदालत बागलुङबाट मिति २०७२/११/११ मा भएको साधक जाहेरी फैसला प्रतिवादी स्याना भन्ने ज्ञानप्रसाद पाइजालाई जन्मकैद सजाय गर्ने गरेको हदसम्म मिलेकै देखिँदा परिवर्तन गरिरहन नपर्ने ।

जाहेरवाला प्रेमबहादुर पुनले अदालतसमक्ष गरिदिएको बकपत्रमा, पहिलेको रिसइवीले गर्दा प्रतिवादीहरू लोकेन्द्र पाइजा र ज्ञानप्रसाद पाइजा एकआपसमा मिलेर मृतकलाई मारेका हुन् भनी बेहोरा उल्लेख गरिदिएको तथा एक जनाले मात्र यो अपराध गर्न सम्भव थिएन भनी वादीका साक्षीहरूले अदालतसमक्ष बकपत्र गरिदिए तापनि यी प्रतिवादी लोकेन्द्र पाइजाको भूमिका यो यस्तो थियो भनी उक्त बकपत्रले स्पष्ट गर्न सकेको पाइँदैन । मौखिक प्रमाण प्रत्यक्ष भए मात्र त्यसलाई उच्च स्तरको प्रमाणको रूपमा लिनुपर्ने हुन्छ । सुनेको कुरा, सम्भावनाको कुरा, विश्वास लागेको कुरा जस्ता अप्रत्यक्ष कथनले तबसम्म

निश्चयात्मक प्रमाणको रूप लिन सक्दैन जबसम्म अन्य प्रमाणबाट सो कथन समर्थित हुँदैन। यस सन्दर्भमा, "... शंकाको भरमा गरिएको अभिव्यक्तिलाई न्यायको रोहमा विश्वास गरिहाल्न नमिल्ने" (ने.का.प.२०६८, अङ्क २, नि.नं. ८५६८, पृ. ३५१) भन्ने सिद्धान्तसमेत प्रतिपादन भएको पाइन्छ। प्रस्तुत मुद्दामा यी प्रतिवादी लोकेन्द्र पाइजाले समेत मृतकलाई कुनै चोट छोडी सोही चोटसमेतका कारण मृतकको मृत्यु भएको भन्ने कुनै वस्तुनिष्ठ प्रमाण मिसिल संलग्न छैन। यसरी मृतक जगतबहादुर पुनको हत्या गर्न चोट छोड्ने कार्यमा प्रतिवादी लोकेन्द्र पाइजासमेतको संलग्नता रहेको विश्वास लाग्छ भन्ने साक्षीका कथन शंकारहित देखिँदैन भने शंकाको सुविधा अभियुक्तले पाउने।

प्रस्तुत मुद्दाको वारदात एकान्तस्थल रातको समयमा घटेकोले त्यस्तो ठाउँमा अन्य व्यक्तिको उपस्थिति हुन सक्ने सम्भावना न्यून हुँदा प्रत्यक्षदर्शी साक्षीको उपस्थिति नहुनु स्वाभाविकै देखिन्छ । प्रतिवादी लोकेन्द्र पाइजाले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा, दाइ ज्ञानप्रसाद पाइजाले नै मृतकलाई कुटपिट गरेको हो, मैले कुटेको होइन भनी बेहोरा लेखाइदिएको पाइन्छ भने अदालतसमक्षको बयानबाट पनि निज पुनरावेदक वारदात स्थलमा उपस्थित रहेको भन्ने उल्लेख भएको देखिन्छ । निज प्रतिवादी लोकेन्द्र पाइजाकै साक्षी तुलबहादुर पुनले मृतकले घरको छानामा ढुङ्गा हानेको हुँदा ज्ञानप्रसाद पाइजाले मृतकलाई लखेट्दै गएको र निजहरूका बिचमा झगडा भएको अवस्थामा लोकेन्द्र पाइजा छुट्टाउन गएको भनी बकपत्र गरिदिएको पाइन्छ । यसबाट पुनरावेदक प्रतिवादी लोकेन्द्र पाइजासमेत वारदातस्थलमा उपस्थित रहेको प्रमाणित हुने।

प्रतिवादी लोकेन्द्र पाइजा वारदातस्थलमा उपस्थित रहेको देखिए तापनि निजको मृतकलाई मार्नेसम्मको कुनै पूर्वरिसइवी रहेको तथा यी समेतले मृतकलाई चोट छाडेको भने मिसिलबाट खुल्न सकेको देखिँदैन । प्रस्तुत मुद्दामा मृतकले प्रतिवादीहरूको घरको छानामा ढुंगाले हानेकोमा प्रतिवादीहरूले मृतकलाई लखेटेको तथा प्रतिवादीहरू दुवैजना वारदातस्थलमा उपस्थित रहेको भन्ने देखिएको छ भने प्रतिवादी ज्ञानप्रसाद पाइजा मुख्य कसुरदार रहेको पुष्टि भएको अवस्था छ । यी पुनरावेदक प्रतिवादी लोकेन्द्र पाइजाले अदालतसमक्ष गरिदिएको बयानमा, "...दाजु ज्ञानप्रसाद अर्को बाटो गयो । म पनि अलि परसम्म पुगेँ दाइले मृतकलाई हानेर लडाएको रहेछ..." भनी बेहोरा उल्लेख गरिदिएको पाइन्छ । यी पुनरावेदकले वारदातपछि वारदातको सम्बन्धमा कहीँकतै सूचना उजुर गरेको देखिँदैन भने मिसिलबाट निज वारदात स्थलमा उपस्थित हुनुपर्नाको अन्य वस्तुनिष्ठ कारण खुल्न पनि सकेको नदेखिने।

यस अवस्थामा यी पुनरावेदकले मृतकलाई मार्नका लागि समातेको वा मृतकउपर प्रहार गरेको पुष्टि हुन नसके तापनि यी समेत मृतकको ज्यान मार्नालाई मतलबमा पसेको र मृतकको पछाडि दौडँदा मृतकलाई भाग्न उम्कन अवरोध भई प्रतिवादी ज्ञानप्रसाद पाइजाले मृतकलाई मार्नमा यी पुनरावेदकबाट संयोग पारिदिनेसम्मको कार्य भएको देखिन्छ। साबिक मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १७(२) नं. मा, मार्ने संयोग पारिदिनेलाई पाँच वर्ष कैद गर्नुपर्ने व्यवस्था रहेको छ । प्रस्तुत मुद्दामा यी पुनरावेदक प्रतिवादी लोकेन भन्ने लोकेन्द्र पाइजाले वारदात स्थलमा गई मृतक र दाजुबिच भइरहेको झगडामा मार्ने कार्यलाई संयोग पारिदिने कार्यसम्मको कसुर गरेको पुष्टि भएको यस अवस्थामा निज प्रतिवादी लोकेन भन्ने लोकेन्द्र पाइजालाई उल्लिखित १७(२) नं. बमोजिम पाँच वर्ष कैद गर्नुपर्ने देखिन आउने।

तसर्थ, उल्लिखित आधार र कारणबाट प्रतिवादी स्याना भन्ने ज्ञानप्रसाद पाइजा र लोकेन भन्ने लोकेन्द्र पाइजालाई साबिक मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जन्मकैद सजाय गर्ने गरी सुरू पर्वत जिल्ला अदालतबाट मिति २०७२/०७/१६

मा भएको फैसला सदर गर्ने गरी पुनरावेदन अदालत बागलुङबाट मिति २०७२/११/११ मा भएको साधक जाहेरी फैसला प्रतिवादी स्याना भन्ने ज्ञानप्रसाद पाइजालाई जन्मकैद सजाय गर्ने गरेको हदसम्म मिलेकै देखिँदा सदर हुन्छ । अर्का प्रतिवादी लोकेन भन्ने लोकेन्द्र पाइजालाई समेत सोही १३(३) नं. बमोजिम सजाय गर्ने गरी भएको सुरू फैसला सदर गरेको हदसम्म उल्लिखित पुनरावेदन अदालत बागलुङको फैसला मिलेको नदेखिँदा केही उल्टी भई निज प्रतिवादी लोकेन भन्ने लोकेन्द्र पाइजालाई ऐ. ऐन, ऐ. महलको १७(२) नं. बमोजिम ५ (पाँच) वर्ष कैद हुने ।

इजलास अधिकृत: वसन्तप्रसाद मैनाली

इति संवत् २०७६ साल मङ्सिर ५ गते रोज ५ शुभम् ।

५

मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री टंकबहादुर मोक्तान, *०७०-CR-००१२, ज्यान मार्ने उद्योग र डाँका चोरी उद्योग, नेपाल सरकार वि. शिवनाथ भन्ने विनोद अहिरसमेत*

मौकामा पक्राउ परेका सहप्रतिवादी शिवनाथ भन्ने विनोद अहिर र अन्य प्रतिवादी सोविन्द्र राजभर, सुरेन्द्र यादवले समेत प्रतिवादी डाक्टर भन्ने महेश्वर यादव घरअगाडि पालीमा मान्छे हेर्न बसेको भन्ने देखिन्छ । स्वयं प्रतिवादी महेश्वर यादवले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दासमेत आफूले साथमा खुकुरी लिइ घरबाहिर पालीमा मान्छे हेर्न बसेको भनी बयान गरेको देखियो । प्रतिवादीहरूको मौकाको बयानबाट पिस्तोल साथमा रहेका प्रतिवादीहरू शिवनाथ भन्ने विनोद अहिर, घनश्याम यादव, मोचु भन्ने रामऔतार यादव नै घरभित्र पसेको र अन्य प्रतिवादीहरू मान्छे आउँछन् कि भनी बाहिर बसेको भन्ने देखिएको छ । अनुसन्धान तहकिकातको सिलसिलामा सङ्कलित सबुत र अदालतबाट परीक्षण भएका प्रमाणहरूबाट डाक्टर भन्ने महेश्वर यादव, सुरेन्द्र यादव, सोविन्द्र यादव घरभित्र प्रवेश गरी गोली फायर गरेको भन्ने तथ्य पुष्टि हुन नआउने ।

कसुरमा धेरैजना संलग्न भएको अवस्थामा हरेक अभियुक्तहरूको अलग अलग भूमिका हुन्छ । एक कसुर गर्दा प्रचलित कानूनबमोजिम अपराध ठहरिने अर्को कसुरसमेत भएको हुन सक्छ । एकै कसुरमा समेत कुनै व्यक्तिले एकभन्दा बढी कसुर गर्ने र संलग्न रहेका अन्य व्यक्तिहरूले एउटै मात्र कसुर गरेको हुन सक्छ । एउटै कसुरमा कसैले मुख्य भूमिका, कसैको सहयोगी वा मतियारको भूमिका निभाएको हुन सक्छ । न्याय निरूपण गर्दा अदालतले हरेक कसुरदारले निभाएको भूमिकाको गाम्भीर्यलाई विचार गरी सबुत प्रमाणबाट भिन्नता गर्न सकिने हदसम्म भिन्नता गरी निजहरूले गरेको कसुरको मात्राअनुसार सजाय गर्नुपर्ने हुन्छ । कसुरदारले नगरेको कार्यको लागि जिम्मेवार बनाई सजाय गर्नु न्यायोचित नहुने ।

वस्तुतः प्रतिवादीहरू भेट भई विक्रम जैसवालको पसलमा डाँका गर्ने पूर्वयोजना बनाई हातहतियारसमेत लिई गई रूपैयाँ माग गर्दा दिन इन्कार गरेपछि गोली फाइरिङसमेत गरेको, गोली फायरिङको कारण विक्रम जैसवाल, सुनिता जैसवाल, कृष्ण चौहानसमेत घाइते भएको, घाइतेमध्येका विक्रम जैसवाल र सुनिता जैसवालको अवस्था मर्न सक्नेसम्मको देखिएको, डाँका चोरी गरी धनमाल लगेका भन्ने पीडितहरूको कथनसमेत नरहेको, डाँका गर्ने उद्देश्यले गए पनि पीडितहरूको हार गुहारले गर्दा चोरी गर्न नपाएको भन्ने देखिने ।

वारदातको प्रकृति हेर्दा डाँका चोरी गर्ने पूर्वयोजना बनाई आफ्नो हक नपुग्ने अर्काको हकको सम्पत्ति आफूले लिन खानको लागि बेइमानीको नियतले ६ जनाको समूह भई कामको बाँडफाँटसमेत गरी पिस्तोल जस्तो जोखिमी हातहतियार लिई फायरिङसमेत गरी हक पुग्नेलाई घाइते बनाई जोर जबरजस्ती गरेको देखिन्छ । सङ्कलित सबुत प्रमाणहरूबाट प्रतिवादीहरू डाक्टर भन्ने महेश्वर यादव, सुरेन्द्र यादव र सोविन्द्र यादव साथमा खुकुरी लिई घरबाहिर मानिस हेरी बसेको भन्ने देखियो ।

पीडितहरूलाई लागेको घा चोट गोलीबाट लागेको भन्ने देखिएको छ। गोली प्रहार गर्ने कार्यमा घरबाहिर बसेका यी प्रतिवादीहरूको संलग्नता नरहने र घाइतेहरूले निज प्रतिवादीहरू घरभित्र पसी गोली चलाएको भनी किटान गर्न नसकेको अवस्थामा यी प्रतिवादीहरू डाक्टर भन्ने महेश्वर यादव, सुरेन्द्र यादव र सोविन्द्र यादवलाई ज्यान मार्ने उद्योगको कसुरबाट सफाइ दिइ चोरी गर्ने मत सल्लाह गरी डाँका चोरी गर्न गएको देखिएको र हारगुहार गरेकोले धनमाल चोरी गर्न नपाएको भन्नेसम्म देखियो। प्रतिवादीहरूले डाँका उद्योगको वारदातसम्म गरेको देखिएको अवस्थामा डाँका चोरीको उद्योगतर्फ चोरीको १७ नं. बमोजिम यी प्रतिवादीहरूलाई समेत ३ वर्ष कैदको सजाय गर्ने गरेको पुनरावेदन अदालत बुटवलको फैसला अन्यथा नदेखिने।

अतः प्रतिवादीहरू शिवनाथ भन्ने विनोद अहिर, डाक्टर भन्ने महेश्वर यादव, सोविन्द्र राजभर, सुरेन्द्र यादवलाई ज्यानसम्बन्धी महलको १५ नं. बमोजिम ७ वर्ष कैद हुने ठहऱ्याएको सुरू रूपन्देही जिल्ला अदालतको मिति २०६७।३।८ को फैसला प्रतिवादी डाक्टर भन्ने महेश्वर यादव, सोविन्द्र राजभर, सुरेन्द्र यादवको हकमा सम्म केही उल्टी गरी ज्यान मार्ने उद्योगको कसुरबाट सफाइ दिई निज प्रतिवादीहरूलाई चोरीको १७ नं. बमोजिम ३ वर्ष कैदको सजाय गर्ने गरेको पुनरावेदन अदालत बुटवलको मिति २०६९।२।३२ को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृतः मदन पराजुली

इति संवत् २०७६ साल कार्तिक ४ गते रोज २ शुभम्।

६

मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या. श्री टंकबहादुर मोक्तान, ०७१-CI-१२३५, नाप नक्साबमोजिम दर्ता गरी हक कायम गरिपाऊँ, कालबहादुर खत्री वि. महाशंकर देवकोटा

वादीले आफ्नो हक भोगको प्रमाणको रूपमा १९९६ सालको दा. खा. मोठ र २०४९ सालको नामसारीलाई अघि सारेको पाइन्छ। ती प्रमाणहरूबाट राहादेउ दुई कित्ता गरी ।२।१० जग्गा वादीको नाममा नामसारी भई आएको सो २०४९ सालको नामसारीको प्रमाणित प्रतिलिपिबाट देखिन आएको छ। सो प्रतिलिपि मुलुकी ऐन, अदालती बन्दोबस्तको ७८ नं. बमोजिम प्रतिवादीलाई सनाखत गराउँदा निजले किर्ते भनी बयान दाबी लिए तापनि सो कुराको पुष्टि प्रमाणद्वारा गराउन सकेको पाइँदैन भने २०५९ सालमा मालपोत कार्यालय जली कागजात नष्ट भएको अवस्थालाई विचार गर्दा अड्डाबाट प्रमाणित भएको प्रतिलिपिलाई अन्यथा भन्न मिल्ने अवस्था पनि देखिन नआउने।

मिसिल संलग्न जुम्ला जिल्ला अदालतबाट भएको सर्जमिन मुचुल्का हेर्दा विवादित जग्गा न.नं. ४ मा जनिएकोमा उक्त जग्गा गुठीको हक भोगसमेत देखाउँदै बखतबहादुर महतले बेहोरा लेखाएकोमा हस्तबहादुर थापासमेतका अरू चार जना व्यक्तिहरूले सोलाई समर्थन गरेको देखिन्छ भने न.नं. ४ जनिएको उक्त जग्गा वादी महाशंकर देवकोटाको भोग चलनमा रहेको छ भन्ने बेहोरा जानकी देवकोटा (हमाल) ले लेखाएको देखिन्छ र उक्त बेहोरालाई पृथ्वीबहादुर थापासमेतका छ जना व्यक्तिहरूले समर्थन गरी कागज गरिदिएको देखिन्छ। उनै बखतबहादुर महतले नापीमा वादीको नाममा भएको नाप नक्साउपर मालपोत कार्यालयमा उजुरी दिएका कारण हक कायमतर्फ प्रस्तुत मुद्दाको उठान भएकोमा निज बखतबहादुर महत प्रतिवादीको साक्षीको रूपमा अदालतमा उपस्थित भएका तर बकपत्र गर्न नसकेको अवस्था देखिएकाले निजको सर्जमिन बेहोरा तथा बकपत्रको बिचमा रिक्तता देखिने।

विवादित कि.नं.३३८ को जग्गा वादी महाशंकर देवकोटाको नाममा मिति २०५३।६।२० मा नापी भएको कुरा मिसिल संलग्न फिल्डबुक (नापी फाराम नं.१ क्षेत्रीय किताब) बाट देखिन्छ। त्यस्तै मिसिल संलग्न सुरू अदालतबाट मिति २०६८।४।१५ मा भएको नक्सा मुचुल्कामा विवादित कि.नं. ३३८ को जग्गा न.नं. ४ मा अङ्कित गरेको देखिन्छ। सुरू अदालतमा यिनै पक्ष विपक्ष भएको दे.नं.४९।९८ को

नामसारी बदर मुद्दाको मिसिल संलग्न प्रमाणस्वरूप पेस भएको मिति २०४५।१०।१२ मा भएको नक्सा मुचुल्काको छायाँप्रति हेर्दा हालको यसै विवादित जग्गाको ठिक पूर्वपट्टिको न.नं. ३ को जग्गा विवादित देखाइएको र सो विवादित जग्गाको ठिक पश्चिमतर्फ रेहेको न.नं. २ को जग्गा प्रस्तुत मुद्दाका वादी महाशंकर देवकोटाको भनी उल्लेख भएको पाइन्छ। उक्त २०४५ सालमा अदालतबाट भएको नक्सामा उल्लिखित सो न.नं. २ को जग्गा र हालको न.नं. ४ को विवादित जग्गाको आकृति प्रकृति दुरूस्त तवरले मिले भिडेको देखिनुको अतिरिक्त आसपासका अन्य जग्गाहरूको अवस्थिति र आकार प्रकार पनि समान देखिई साँध सँधियारहरूसमेत मिल्न भिड्न आएको अवस्था रहेको छ। यसरी मिति २०४५।१०।१२ मा भएको नक्सा मुचुल्काको न.नं.२ को जग्गा र यस मुद्दामा भएको नक्सा मुचुल्काको न.नं. ४ एउटै जग्गा देखिई उक्त न.नं.२ को जग्गा महाशंकर देवकोटाको हो, निजको भोगमा छ भन्ने उल्लेख भएको पाइनुले विवादित कि.नं.३३८को जग्गा महाशंकर देवकोटाको हो भन्ने तथ्य पुष्टि हुन आउँछ भने उक्त विवादित कि.नं.३३८ को जग्गा पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिरबमोजिम चन्दननाथ भैरवनाथ गुठीको जग्गा देखिने, पुष्टि हुने दर्ता, स्रेस्ता, भोग आदि कुनै प्रत्यक्ष आधार प्रमाण पुनरावेदकले पेस गर्न सकेको देखिएन। तसर्थ, वादी दाबीको कि.नं. ३३८ (न.नं. ४) को जग्गा वादीकै हक भोगभित्रको पुष्टि हुन आएकोले वादी दाबीबमोजिम सो जग्गाको दर्ता स्रेस्ता एवं नाप नक्साअनुसार वादीको नाममा दर्ता हक कायम हुने ठहऱ्याई जुम्ला जिल्ला अदालतबाट भएको फैसला सदर हुने ठहऱ्याएको पुनरावेदन अदालत जुम्लाको फैसला अन्यथा देखिन नआउने।

अत: विवेचित तथ्य, आधार, कारणसमेतबाट कि.नं.३३८ (न.नं. ४) को जग्गा वादीको फिराद दाबीबमोजिम वादीको नाममा दर्ता हक कायम हुने ठहऱ्याएको सुरू जुम्ला जिल्ला अदालतको फैसला सदर गर्ने गरी पुनरावेदन अदालत जुम्लाबाट मिति २०६९।६।१ मा भएको फैसला मिलेकै हुँदा सदर हुने।

इजलास अधिकृत: कृति थापा

कम्प्युटर: हर्क माया राई

इति संवत् २०७५ साल फाल्गुन २१ गते रोज ३ शुभम्।

- यसमा यसै लगाउको ०७१-CI-१२३६, १२३७, नापी बदर दर्ता हक कायम गरिपाउँ, कालबहादुर खत्री वि. महाशंकर देवकोटा भएको मुद्दाको फैसला यसै प्रकृतिको रहेको।

७

मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना, ०६७-CI-०८३४, ०८३५, फैसला बदर, *धनेशराम तुरहा वि. रामानन्द प्रताप सिंहसमेत*

वस्तुतः उक्त कि.नं. ११६ को जग्गाको सम्बन्धमा आफू जग्गाधनी ज्ञानचनको छोरा भएको भनी राजकुमार तुरहाले २०५२ सालमा नै सो जग्गाको जग्गाधनी पुर्जाको प्रतिलिपि राखी प्रतिवादी रासलाल सिंहले मोहीबापत जग्गा कमाइरहेको भन्ने लेखी कुतबाली भराई मोही निष्कासन गरिपाउँ भनी उल्लेख गरेको पाइन्छ। सो मुद्दामा प्रतिउत्तर फिराउँदा प्रत्यर्थी वादी रासलाल सिंहले राजकुमार भारतीय भएको र जग्गाधनीको छोरा नभएको भनी उल्लेख गरेको पाइयो। तर सो उल्लेखले मात्र राजकुमार तुरहा वास्तविक जग्गाधनीको छोरा हो होइन भन्ने पुष्टि हुने होइन। सो मुद्दा दिने राजकुमार जग्गाधनी ज्ञानचनका छोरा नै होइन भनी पुनरावेदक प्रतिवादीमध्येका धनेशराम तुरहाले दाबीसम्म लिएको देखिँदैन। राजकुमार निजको वास्तविक दाजु नभएको भए निजले सो कुराको दाबी लिने अवस्था थियो। साथै अर्का पुनरावेदक प्रतिवादी जित्यानन्द सिंहले समेत राजकुमार तुरहा जग्गाधनी ज्ञानचनका छोरा होइनन् भनी पुष्टि गर्ने खम्बिर प्रमाण पेस गर्न सकेको देखिँदैन। त्यसकारण राजकुमार तुरहा जग्गाधनी ज्ञानचन तुरहाका छोरा होइनन् भनी भन्न नमिल्ने।

ज्ञानचनको छोरा भनी राजकुमारले

ज्ञानचनका नाममा रहेको जग्गाको धनी पुर्जाको प्रतिलिपि राखी भूमिसुधार कार्यालय सिरहामा आई मुद्दा गरिरहेको स्थिति छ। सो मुद्दामा भएको निर्णयलाई प्रस्तुत मुद्दाका पुनरावेदक प्रतिवादीहरू धनेशराम तुरहा तथा जित्यानन्द सिंहले अन्यथा भनी कहीँ मुद्दा दिई बदर गरेकोसमेत नदेखिएको अवस्थामा प्रत्यर्थी वादी रासलाल सिंहलाई जग्गाधनीले २०५२ सालमा पत्याइसकेको भन्ने मान्नुपर्ने देखिने।

अर्कोतर्फ मोही सुरती सिंहको छोरा रासलाल भएकोमा विवाद देखिएन । पुनरावेदक प्रतिवादी जित्यानन्द सिंह मोही सुरती सिंहका नाति नाताका व्यक्ति भएको भन्नेमा समेत विवाद देखिएन । भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६ (१) मा २०६३ सालभन्दा अगाडि मोहीको हक जग्गाधनीले पत्याएमा नातिले समेत पाउने भन्ने व्यवस्था रहे भएको देखिँदैन । नातिमा मोही सर्न सक्ने भनी २०६३ सालमा भूमिसम्बन्धी ऐन, २०२१ मा भएको संशोधनबाट व्यवस्था गरिएको देखिन्छ । संशोधनपश्चात् पनि प्राथमिकता क्रममा नातिभन्दा छोरो नै अगाडि रहेको देखिन्छ। गा.वि.स. लक्ष्मीपुर पतारी सिरहाको मिति २०५९।३।३२ को सिफारिस पत्रमा समेत कि.नं. ११६ को जग्गाको मृतक सुरती सिंहको नाममा रहेको मोही निजका छोरा रासलाल सिंह र त्रिभुवनका छोरा जित्यानन्द सिंहको नाउँमा नामसारीका लागि सिफारिस भएको देखिएको हुँदा रासलालले सो जग्गाको मोहीको हैसियतले जोतभोग गरेको देखिने।

वादीलाई २०५२ सालमा नै जग्गाधनी ज्ञानचनका जेठा छोरा राजकुमारले मोही पत्याइसकेको अवस्थामा पुनरावेदक जित्यानन्दले आफ्नो नाममा समेत मोही कायम गराउनको लागि गाउँ विकास समितिबाट सिफारिस लिएको देखिन्छ। एउटै जग्गामा एकभन्दा बढी व्यक्तिलाई मोही पत्याउन सक्ने भन्ने कानूनी व्यवस्थासमेत नभएको अवस्थामा गाउँ विकास समितिले रासलाल सिंह र जित्यानन्द सिंहका नाममा मोही नामसारीका लागि सिफारिस गरेको भन्ने आधारमा जित्यानन्दका नाममा उक्त जग्गाको मोही नामसारी हुने भनी भूमिसुधार कार्यालय, सिरहाले गरेको निर्णयबाट प्रत्यार्थी रासलालको मोही हकमा असर पर्न गएको देखिँदा भूमिसुधार कार्यालयबाट पुनरावेदक जित्यानन्दको नाउँमा मोही नामसारी हुने गरी मिति २०५९।८।५ मा भएको निर्णय बदर गरी उक्त कि.नं.११६ को जग्गा रासलाल सिंह दनुवारका नाममा मोही कायम हुने ठहर गरी पुनरावेदन अदालत राजविराजबाट भएको फैसलालाई अन्यथा भन्न नमिल्ने।

तसर्थ, उपर्युक्त तथ्य प्रमाण एवं कानूनी आधारहरूबाट पुनरावेदक प्रतिवादी जित्यानन्द सिंहको नाउँमा उक्त कि. नं. ११६ को जग्गाको मोही नामसारी हुने गरी मिति २०५९।८।५ मा भूमिसुधार कार्यालय सिरहाबाट भएको निर्णय मिलेकै देखिँदा वादी दाबी नपुग्ने ठह-याई सो कार्यालयबाट मिति २०६२।१०।११ मा भएको निर्णय मिलेको देखिन आएन । अतः सो भूमिसुधार कार्यालयबाट मिति २०६२।१०।११ मा वादी दाबी नपुग्ने ठहर गरेको फैसला उल्टी गरी दाबीबमोजिम मिति २०५९।८।५ को मोही नामसारी निर्णय बदर भई कि.नं. ११६ को जग्गामा वादी रासलाल सिं दनुवारको नाउँमा मोही हक कायम हुने ठहर गरेको पुनरावेदन अदालत राजविराजको मिति २०६६।९।१३ को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृतः टेकराज जोशी

कम्प्युटर: कृष्णमाया खतिवडा

इति संवत् २०७६ साल भदौ २४ गते रोज ३ शुभम्।

८

मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना, *०७०-CI-०५२९, अंश दर्ता, शिवनाथ राउत वि. राउत अहिर*

वादीका अंशियारबाट आफूले राजीनामा गरी लिएको जग्गा आफ्नी बहिनी वादी देवनाथ अहिरका

भाइ शिवनाथ राउतकी पत्नी देवरती देवीलाई बकसपत्रको लिखत गरिदिएको छ । बकस गरिदिएको उक्त कि.नं. ९३ जग्गाको हकको स्रोत मूल रूपमा पैतृक रहेको देखिन्छ । लिखतमा बकसपत्र भनी बेहोरा उल्लेख भए पनि उक्त तथ्य प्रमाणबाट घुमाउरो तवरले निजी पार्ने कार्य भएको देखिँदा प्रतिवादी देवरती देवीले माइती कपिलदेवबाट बकस पाएको कि.नं.९३ को जग्गा साबिकमा पैतृक सम्पत्ति रहेको र घुमेर अंशियारकै नाममा प्राप्त भएको देखिँदा सो जग्गा बिक्री गरी खरिद गरेको कि.नं.१११, ११२, ११३, ११४ का जग्गाहरू स्वत: पैतृक नै हुने देखिने ।

वस्तुत: कि.नं ९३ को जग्गाको मूल स्रोत वादीको समेत अंश हक लाग्ने पैतृक नै रहेको भन्ने देखिन्छ । २०३७ सालमा पुनरावेदकका दाजु कपिलदेवले राजीनामाबाट जग्गा प्राप्त गरी ६ महिनापछि नै आफ्नी बहिनी पुनरावेदकलाई हालैदेखिको बकपत्रको लिखतबाट सोही जग्गा हक हस्तान्तरण गरी सोही अंशियारभित्रकै व्यक्तिको नाममा फिर्ता गरिएको भन्ने देखियो । सो कि.नं ९३ को जग्गा लामो समयसम्म सगोलमै भोग, प्रयोग भएकोमा २०५१ सालमा बिक्री गरी सोही बिक्री गरेको रकमबाट विवादित जग्गा खरिद भएको देखिँदा सारमा यी कि.नं.का जग्गाहरू पैतृक सम्पत्ति बेची खरिद गरेकै मान्नुपर्ने ।

वादी दाबीका कि.नं १११, ११२, ११३, ११४ का जग्गा सुगिया तेलिनबाट र.नं. २६५६ मिति २०५१।९।६ मा राजीनामाको लिखत पारित गरी देवरती देवीका नाममा आएको देखिन्छ । मुद्दामा फिराद परेको अघिल्लो दिन मिति २०६७।२।८ लाई मानो छुट्टिएको मिति कायम गरेको छ । उक्त जग्गा जग्गा एकासगोलमा रहेको अवस्थामा राजीनामाको लिखतबाट खरिद गरी आएको देखिने ।

सबै अंशियार एकासगोलमा रहेको अवस्थामा खरिद गरिएको जग्गामा सबै अंशियारको समान हक लाग्ने हुन्छ । त्यस्तो सम्पत्ति जुनसुकै अंशियारको नाममा रहे पनि निजी एकलौटी भन्न मिल्दैन । आफ्नो ज्ञान, सिप वा प्रयासबाट निजी आर्जन गरेको वा कसैबाट दान, बकस पाएको वा कसैको अपुताली परी प्राप्त भएको भन्ने पक्का प्रमाण नपुगेसम्म कुनै एक अंशियारको मात्र हक लाग्ने ठहऱ्याउन न्यायोचित नहुने ।

विवेचित आधार प्रमाणबाट प्रतिवादी देवरती देवीका नाम दर्ताको कि.नं. १११, ११२, ११३ र ११४ को जग्गा निजी आर्जनको भएको प्रमाणबाट पुष्टि भएको नदेखिएको, उल्लिखित कित्ता जग्गा आफूले माइतीबाट बकस पाएको कि.नं. ९३ को जग्गा बिक्री गरी प्राप्त रकमबाट खरिद गरेको भन्ने जिकिर लिए पनि वादीसमेतको अंश हक लाग्ने पैतृक सम्पत्ति वादीका समान अंशियार दाजुबाट पुनरावेदक देवरती देवीका माइती दाजु कपिलदेवले लिई बकसपत्रको माध्यमबाट आफ्नी बहिनीलाई फिर्तासम्म गरेको, साबिकमा अंश हक लाग्ने पैतृक सम्पत्ति देखिएको अवस्थामा सो कि.नं.९३ को बकस सम्पत्ति बिक्री गरी उल्लिखित जग्गाहरू सगोलको आर्जनबाटै खरिद गरेको देखिँदा बन्डा लाग्ने ठहऱ्याई सो सम्पत्तिबाट समेत ६ खण्डको १ खण्ड अंशहक वादीले छुट्याई लिन पाउने ठहऱ्याएको पुनरावेदन अदालत हेटौंडाको फैसला अन्यथा नदेखिने ।

अतः प्रतिवादी देवरती देवीका नाम दर्ताको कि.नं. १११, ११२, ११३ र ११४ को जग्गाहरूबाट समेत वादीले ६ खण्डको १ खण्ड अंश पाउने ठहऱ्याई मिति २०७०।२।२६ मा पुनरावेदन अदालत हेटौंडाले गरेको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः मदन पराजुली

कम्प्युटर: देविमाया खतिवडा (देविना)

इति संवत् २०७६ साल कार्तिक ५ गते रोज ३ शुभम् ।

९

मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री सुष्मालता माथेमा, ०७०-RB-००१०, बैंकिङ

कसुर, विष्णु नारायण श्रेष्ठ वि. नेपाल सरकार

प्रस्तुत मुद्दाको अभियोग पत्र दायर हुँदा प्रचलित बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ३(ग) मा भएको कानूनी व्यवस्था र यस सम्बन्धमा सर्वोच्च अदालतबाट प्रतिपादन भएको न्यायिक सिद्धान्तसमेतलाई विचार गरी प्रस्तुत विवादको निरूपण गर्नुपर्ने देखिने।

तत्काल प्रचलित बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ३(ग) मा प्रस्तुत शब्दावलीलाई हेर्दा "आफूले काटेको चेकलाई खाम्ने रकम आफ्नो खातामा नभएको जानीजानी चेक काटी भुक्तानी लिन दिन" हुँदैन भन्ने उल्लेख भएकोले बैंकिङ प्रणालीलाई असर पार्ने गरी काटिएको चेकअनुसार भुक्तान गर्नुपर्ने रकम खातामा नभए तापनि लिए दिएको हुनुपर्ने हुन्छ। अर्थात् सो कसुरले पूर्णता पाउन "लिने दिने" कार्य सम्पन्न भएको हुनुपर्ने देखिन्छ। प्रस्तुत मुद्दामा उक्त कानूनी व्यवस्थाअनुसार खातामा जम्मा नै नभएको रकम जानी जानी चेक काटी भुक्तानी लिए दिएको कार्य भएको नदेखिने।

चेक अनादर भएको अवस्थामा विनिमेय अधिकार पत्र ऐन, २०३४ को दफा १०७क मा पनि कानूनी उपचारको व्यवस्था रहेको पाइन्छ। अतः तत्काल बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ३ (ग) को कानूनी व्यवस्थाअनुसार प्रस्तुत विवाद बैंकिङ कसुरअन्तर्गत पर्ने देखिन नआउने।

तसर्थ, उल्लिखित आधार, कारण तथा यस अदालतबाट प्रतिपादित न्यायिक सिद्धान्तसमेतबाट प्रस्तुत कसुर तत्काल प्रचलित बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ बमोजिम सजाय गरिपाउँ भनी अभियोग पत्र दर्ता हुन सक्ने नै नदेखिँदा पुनरावेदक प्रतिवादी विष्णु नारायण श्रेष्ठलाई उक्त ऐनको दफा ३ (ग) को कसुर गरेको भनी सोही ऐनको दफा १५(१) नं. बमोजिम रू.४०००।– जरिवाना हुने ठहर्‍याएको पुनरावेदन अदालत पाटनको मिति २०६९।४।९ को फैसला मिलेको नदेखिँदा उल्टी भई निज प्रतिवादीउपरको अभियोगपत्र नै खारेज हुने।

इजलास अधिकृतः नारदप्रसाद भट्टराई
कम्प्युटर : देवीमाया खतिवडा
इति संवत् २०७६ साल कात्तिक २५ गते रोज २ शुभम्।

- यसमा यसै लगाउको ०७४-CR-१४५२, बैंकिङ कसुर, विष्णु नारायण श्रेष्ठ वि. नेपाल सरकार भएको मुद्दाको फैसला यसै प्रकृतिको रहेको।

१०

मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री हरिप्रसाद फुयाल, *०७१-WO-०२४६, उत्प्रेषण, भिमबहादुर कार्की वि. राष्ट्रिय सतर्कता केन्द्र, सिंहदरबारसमेत*

सार्वजनिक सम्पत्तिको अतिक्रमण तथा हिनामिनाको विषयलाई लिएर परेको उजुरीमाथि राष्ट्रिय सतर्कता केन्द्रले प्रारम्भिक अनुसन्धान तथा छानबिन गरी प्राप्त प्रमाणहरूबाट निवेदकले कि.नं. ३३५ को सार्वजनिक जग्गामा अतिक्रमण गरी टहरा बनाई भाडामा लगाई व्यक्तिगत लाभ लिएको पुष्टि भएको अवस्थामा सार्वजनिक सम्पत्तिको संरक्षण गर्ने प्रयोजनका लागि सम्बन्धित अख्तियारप्राप्त निकायलाई जानकारी गराइएको र सरकारी जग्गामा गैरकानूनी रूपमा टहरा बनाई भाडा असुल गरेको कार्य आफैँमा कानूनविपरीत हुँदा राष्ट्रिय सतर्कता केन्द्रले आवश्यक जाँचबुझ गरी गरेको निर्णयलाई अन्यथा भन्नुपर्ने अवस्था नदेखिने।

निवेदकको हकभोगको कि.नं. १९९ को कि. नं. २९ को जग्गाको हाल नयाँ नापीमा कि. नं. ३३५ मा भिड्ने जग्गाको हदसम्म निवेदकको भाउजू तथा कि.नं. १९९ को साबिक जग्गाधनी युएन महर्जन कार्की लिने र दिने जग्गाधनी चतुरानन्द वैद्यसमेतबिच जग्गा खरिद गर्ने सहमति भई मालपोत कार्यालय, चाबहिलबाट मिति २०६६।११।४ मा पास गरेको करारनामालाई नै उक्त विवादित कि.नं. ३३५ को जग्गाको एक मात्र स्रोत मानी आएको देखिन्छ। उक्त

करारनामामा उल्लिखित प्रथम सर्तको बेहोराबाट दिने जग्गाधनी भनिएका पक्ष चतुरानन्दको नाममा नै हाल साबिक तथा स्रेस्ता अद्यावधिक गर्न बाँकी रहेको साबिक कि.नं. २९ सँग भिड्ने हदसम्मको जग्गा अर्को पक्ष युएन महर्जन कार्कीले खरिद गरी लिन मन्जुर गरेको भन्ने देखिन आउँछ। यस अवस्थामा कि. नं. ३३५ मा कि. नं. २९ समेतको जग्गा मिसिएको भन्ने आधारबाट निवेदकले चतुरानन्द वैद्यसँग दर्ता नै नभएको जग्गा करारनामा गरी भोग गरेको भन्ने निवेदन बेहोराबाट नै देखिन आएकोले आफ्नो निर्विवाद हकभोग नै नरहेको सम्पत्तिलाई मूल विषयवस्तु बनाई करार गरेको अवस्थामा उक्त करारनामालाई कानूनबमोजिम भएको करार मान्न पनि नसकिने । फेरि, निवेदकले उक्त टहरा बनाएको जग्गाको यकिन क्षेत्रफल खुल्ने अन्य विवादरहित स्रोत तथा जग्गाधनी प्रमाणपुर्जाजस्ता कुनै प्रमाण पेस गर्न सकेको पनि देखिएन। यसरी निवेदकको निर्विवाद हक स्वामित्व स्थापित रहेको भन्ने पुष्टि हुन नआएको विवादित कि. नं. ३३५ को जग्गामा बनेको घर टहरासमेतलाई निवेदकको वैधताप्राप्त सम्पत्ति मानी निवेदन मागबमोजिमको आदेश जारी गर्न मिल्ने नदेखिने।

अतः विवेचित तथ्य, कानूनी व्यवस्था र आधार प्रमाणबाट समेत निवेदकले निजको हक भोगमा रहेको कि.नं. १९९ को जग्गामा विवादित कि.नं.३३५ को ०-७-०-० सार्वजनिक जग्गा मिसाई स्थानीय निकायमा नक्सा पास नै नगरी टहरा निर्माण गरी भाडासमेत उठाई सार्वजनिक सम्पत्तिबाट गैरकानूनी लाभ लिएको विषयमा सार्वजनिक सम्पत्तिको संरक्षण गर्ने उद्देश्यबाट भएका निर्णयहरू गैरकानूनी देखिन नआएको हुँदा उत्प्रेषणको आदेश जारी गरिरहन परेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः हेमा पाण्डे

इति संवत् २०७६ साल पुस २४ गते रोज ५ शुभम्।

इजलास नं.१०

१

मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या. श्री बमकुमार श्रेष्ठ, *०६९-WO-०४८८, उत्प्रेषण / परमादेश, प्रिफेव कंक्रिट इन्डष्ट्रिज प्रा.लि. वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टंगालसमेत*

विपक्षी अख्तियार दुरूपयोग अनुसन्धान आयोगले मिति २०६९/६/१८ मा भक्तपुर जिल्ला, साबिक दिव्यश्वरी १ (ग) र बालकोट वडा नं. ९ बिचमा रहेको हनुमन्ते खोला किनारमा रहेको निवेदकको "ब्लक फेक्ट्री हटाई हनुमन्ते खोलालाई साबिककै स्थानबाट बग्न दिई पुलको संरक्षण गर्ने व्यवस्था मिलाउन जिल्ला प्रशासन कार्यालयलाई लेखी पठाउने गरी निर्णय भएको पाइयो । मिसिल संलग्न कागज प्रमाणबाट विपक्षी आयोगले प्रत्यायोजन गरेको अधिकारको प्रयोग गरी आयोगका सचिवले उल्लिखित मिति २०६९/६/१८ मा विवादित निर्णय गरेको देखिन्छ। सचिवले गरेको उक्त निर्णय "अनुचित कार्य" सम्बन्धी त्रुटि सच्याउन गरिएको निर्णय हो भन्ने कुरा स्पष्ट नै छ। नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२० बमोजिम अनुचित कार्य सम्बन्धमा निर्णय गर्न आयोगले आफ्नो सचिवलाई अधिकार प्रत्यायोजन गर्न तथा आयोगका सचिवले सो अधिकार प्रयोग गर्न पाउने देखिँदैन । यस सम्बन्धमा यस अदालतबाट निवेदक श्यामसुन्दर यादवसमेत विरूद्ध विपक्षी अख्तियार दुरूपयोग अनुसन्धान आयोगसमेत भएको (०६७-WS-००३५) निवेदनका सन्दर्भमा मिति २०७५-०८-०५ मा व्याख्या र विवेचना भई सिद्धान्त कायम भइसकेको देखिन्छ । यसरी प्रतिपादित सिद्धान्तसमेतका दृष्टिले हेर्दा विपक्षी अख्तियार दुरुपयोग अनुसन्धान आयोगका सचिवले गरेको मिति २०६९/६/१८ को निर्णयमा स्पष्टतः अधिकारक्षेत्रात्मक त्रुटि रहेको देखिन आयो। तसर्थ आफ्नो अधिकार नै नभएको विषयमा

आयोगका सचिवले निर्णय गरेको र उक्त निर्णय तत्काल प्रचलित नेपालको अन्तिरम संविधान, २०६३ को धारा १२० प्रतिकूल देखिने।

मालपोत ऐन, २०३४ को दफा २४ बमोजिम सरकारी वा सार्वजनिक जग्गा कुनै व्यक्तिको नाममा दर्ता गरिएको रहेछ भने पनि त्यसले मान्यता पाउँदैन, त्यस प्रकारको दर्ता बदर हुन्छ। सरकारी वा सार्वजनिक सम्पत्ति अनधिकृत रूपमा व्यक्तिको उपयोगमा ल्याउन हुँदैन । सरकारी वा सार्वजनिक सम्पत्तिको संरक्षण हुनु पर्दछ । कुनै बहानाबाजी गरेर सार्वजनिक वा सरकारी सम्पत्ति हडप्ने कार्य स्वीकार्य हुँदैन । तर यसलाई नियमन गर्ने कानूनी प्रक्रिया पनि निर्धारित छन्। सम्बन्धित व्यक्तिलाई बुझ्ने / प्रतिवादको मौका दिने, तथ्य र प्रमाणहरूको सङ्कलन र न्यायोचित मूल्याङ्कन गर्ने, निर्णय गर्न कानूनले अधिकार प्रदान गरेका अधिकारीले निर्णय गर्नेलगायतका कुराहरूको पालना गरिनु पर्दछ । प्रस्तुत विवादमा सार्वजनिक सम्पत्ति (खोलाले बहाव परिवर्तन गर्दा उकास भएको जग्गासमेत) निजी प्रयोजनमा ल्याएको र पुल / बाटोसमेतमा असर पर्ने अवस्था रहेकोसम्बन्धी प्रश्नहरू पनि उठाइएका देखिन्छन्। यस पक्षमा राज्यका कानूनी अख्तियारप्राप्त सम्बद्ध निकाय तथा पदाधिकारीहरूको तत्काल ध्यानाकर्षण पनि हुनु पर्दछ । तर यसको तात्पर्य सार्वजनिक सम्पत्तिउपर अतिक्रमण भएको छ भन्ने कुराको आडमा अधिकारक्षेत्र नै नभएको निकाय वा पदाधिकारीले गरेको निर्णयलाई मान्यता दिन मिल्ने नदेखिने।

अतः विपक्षीमध्येको अख्तियार दुरूपयोग अनुसन्धान आयोगका सचिवले गरेको मिति २०६९/६/१८ को निर्णय प्राकृतिक न्यायको सिद्धान्त प्रतिकूल तथा अधिकारक्षेत्रात्मक त्रुटि गरी भएको देखिँदा आयोगको मिति २०६९/६/१८ को विवादित निर्णय र सोबमोजिम भए गरिएका काम कारबाहीसमेत उत्प्रेषणको आदेशले बदर हुने ठहर्छ । अब यसमा हनुमन्ते खोलाको बहाव परिवर्तन भएको वा अन्य कुनै तवरबाट सार्वजनिक वा सरकारी जग्गालाई निजी प्रयोगमा ल्याइएको छ वा छैन भन्ने हेरी, यकिन गरी मालपोत ऐन, २०३४ को दफा २४ समेतलाई दृष्टिगत गरी आवश्यक निर्णय गर्नु भनी विपक्षीमध्येको मालपोत कार्यालय भक्तपुरका नाममा परमादेशसमेत जारी हुने।

इजलास अधिकृत: ओजा लामिछाने

इति संवत् २०७६ साल फागुन ६ गते रोज ३ शुभम्।

२

मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या. श्री बमकुमार श्रेष्ठ, *०६९-WO-०४९६, उत्प्रेषण / परमादेश, रत्नहरि कायस्थसमेत वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टंगालसमेत*

विपक्षी अख्तियार दुरूपयोग अनुसन्धान आयोगले मिति २०६९/६/१८ मा भक्तपुर जिल्ला, साबिक दिव्यश्वरी १ (ग) र बालकोट वडा नं. ९ बिचमा रहेको हनुमन्ते खोलालाई साबिककै स्थानबाट बग्न दिई पुलको संरक्षण गर्ने व्यवस्था मिलाउन जिल्ला प्रशासन कार्यालयलाई लेखी पठाउने गरी निर्णय भएको पाइयो । मिसिल संलग्न कागज प्रमाणबाट विपक्षी आयोगले प्रत्यायोजन गरेको अधिकारको प्रयोग गरी आयोगका सचिवले उल्लिखित मिति २०६९/६/१८ मा विवादित निर्णय गरेको देखिन्छ । सचिवले गरेको उक्त निर्णय "अनुचित कार्य" सम्बन्धी त्रुटि सच्याउन गरिएको निर्णय हो भन्ने कुरा स्पष्ट नै छ । नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२० बमोजिम अनुचित कार्य सम्बन्धमा निर्णय गर्न आयोगले आफ्नो सचिवलाई अधिकार प्रत्यायोजन गर्न तथा आयोगका सचिवले सो अधिकार प्रयोग गर्न पाउने देखिँदैन । यस सम्बन्धमा यस अदालतबाट निवेदक श्यामसुन्दर यादवसमेत विरूद्ध विपक्षी अख्तियार दुरूपयोग अनुसन्धान आयोगसमेत भएको (०६७-WS-००३५) निवेदनका सन्दर्भमा मिति २०७५-०८-०५ मा व्याख्या र विवेचना भई सिद्धान्त कायम भइसकेको देखिन्छ । यसरी प्रतिपादित सिद्धान्तसमेतका दृष्टिले हेर्दा विपक्षी अख्तियार दुरूपयोग अनुसन्धान

आयोगका सचिवले गरेको मिति २०६९/६/१८ को निर्णयमा स्पष्टतः अधिकारक्षेत्रात्मक त्रुटि रहेको देखिन आयो। तसर्थ, आफ्नो अधिकार नै नभएको विषयमा आयोगका सचिवले निर्णय गरेको र उक्त निर्णय तत्काल प्रचलित नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२० प्रतिकूल देखिन आउने।

मालपोत ऐन, २०३४ को दफा २४ बमोजिम सरकारी वा सार्वजनिक जग्गा कुनै व्यक्तिको नाममा दर्ता गरिएको रहेछ भने पनि त्यसले मान्यता पाउँदैन, त्यस प्रकारको दर्ता बदर हुन्छ। सरकारी वा सार्वजनिक सम्पत्ति अनधिकृत रूपमा व्यक्तिको उपयोगमा ल्याउन हुँदैन। सरकारी वा सार्वजनिक सम्पत्तिको संरक्षण हुनु पर्दछ। कुनै बहानाबाजी गरेर सार्वजनिक वा सरकारी सम्पत्ति हडप्ने कार्य स्वीकार्य हुँदैन। तर यसलाई नियमन गर्ने कानूनी प्रक्रिया पनि निर्धारित छन्। सम्बन्धित व्यक्तिलाई बुझ्ने / प्रतिवादको मौका दिने, तथ्य र प्रमाणहरूको सङ्कलन र न्यायोचित मूल्याङ्कन गर्ने, निर्णय गर्न कानूनले अधिकार प्रदान गरेका अधिकारीले निर्णय गर्नेलगायतका कुराहरूको पालना गरिनु पर्दछ। प्रस्तुत विवादमा सार्वजनिक सम्पत्ति (खोलाले बहाव परिवर्तन गर्दा उकास भएको जग्गासमेत) निजी प्रयोजनमा ल्याएको र पुल / बाटोसमेतमा असर पर्ने अवस्था रहेकोसम्बन्धी प्रश्नहरू पनि उठाइएका देखिन्छन्। यस पक्षमा राज्यका कानूनी अख्तियारप्राप्त सम्बद्ध निकाय तथा पदाधिकारीहरूको तत्काल ध्यानाकर्षण पनि हुनुपर्दछ। तर यसको तात्पर्य सार्वजनिक सम्पत्तिउपर अतिक्रमण भएको छ भन्ने कुराको आडमा अधिकारक्षेत्र नै नभएको निकाय वा पदाधिकारीले गरेको निर्णयलाई मान्यता दिन मिल्ने नदेखिने।

अतः विपक्षीमध्येको अख्तियार दुरूपयोग अनुसन्धान आयोगका सचिवले गरेको मिति २०६९/६/१८ को निर्णय प्राकृतिक न्यायको सिद्धान्त प्रतिकूल तथा अधिकारक्षेत्रात्मक त्रुटि गरी भएको देखिँदा आयोगको मिति २०६९/६/१८ को विवादित निर्णय र सोबमोजिम भए गरिएका काम कारबाहीसमेत उत्प्रेषणको आदेशले बदर हुने ठहर्छ। अब यसमा हनुमन्ते खोलाको बहाव परिवर्तन भएको वा अन्य कुनै तवरबाट सार्वजनिक वा सरकारी जग्गालाई निजी प्रयोगमा ल्याइएको छ वा छैन भन्ने हेरी, यकिन गरी मालपोत ऐन, २०३४ को दफा २४ समेतलाई दृष्टिगत गरी आवश्यक निर्णय गर्नु भनी विपक्षीमध्येको मालपोत कार्यालय भक्तपुरका नाममा परमादेशसमेत जारी हुने।

इजलास अधिकृत: ओजा लामिछाने

इति संवत् २०७६ साल फागुन ६ गते रोज ३ शुभम्।

३

मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री बमकुमार श्रेष्ठ, *०७०-WO-०५०४, उत्प्रेषण, निलम निरौला वि. पुनरावेदन अदालत विराटनगरसमेत*

स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १४९ मा नगरपालिका क्षेत्रमा उपमहानगरपालिकाको स्वीकृत लिएर मात्र घर निर्माण गर्नुपर्ने भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ। साथै उक्त दफाको स्पष्टीकरण खण्डमा भवन निर्माण भन्नाले नयाँ भवन बनाउने, पुरानो भवन भत्काई पुनः निर्माण गर्ने, तल्ला थप गर्ने, मोहडा फेर्ने वा साबिकमा थपघट गरी झ्याल, ढोका, बार्दली, कौसी, दलान, टहरा, तबेला, ग्यारेज बनाउने वा कम्पाउण्ड लगाउने कार्य सम्झनु पर्छ भनी प्रस्ट्याएकोसमेत देखिन्छ। उक्त कानूनी व्यवस्थाअनुसार पुरानो संरचनालाई फेरबदल गर्दासमेत सम्बन्धित निकायको स्वीकृति लिनुपर्ने भन्ने बाध्यात्मक कानूनी व्यवस्था रहेकोमा यी निवेदकले आफ्नो घरको मौजुदा अवस्थालाई केही परिवर्तन गरी कोठासमेत थप गर्दा सम्बन्धित निकायबाट स्वीकृति लिएको देखिएन। नक्सा पासको लागि निवेदन दर्ता गराई आवश्यक रकमसमेत बुझाइसकेको भन्ने यी निवेदकको जिकिर रहेकोमा तोकिएको प्रक्रिया नै पूरा नभएको अवस्थालाई नक्सा पास भए सरहको वैधानिकता दिन मिल्ने पनि देखिँदैन। स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १६१ (१) मा

नगरपालिका क्षेत्रमा कसैले निर्माण गरेको वा गरिरहेको भवनको सम्बन्धमा तोकिएबमोजिमका कुराहरूको जाँचबुझ गर्न प्रमुखले कुनै इन्जिनियर, ओभरसियर वा कर्मचारीलाई खटाउन सक्ने भन्ने कानूनी व्यवस्थासमेत रहेको छ। साथै उल्लिखित ऐनको दफा १६१ (४) को व्यवस्थाअनुसार सोही दफाको उपदफा (२) बमोजिम पेस गरेको प्रतिवेदनअनुसार कसैले यस ऐनबमोजिम अनुमति नलिई वा सार्वजनिक जग्गा, बाटो, मन्दिर, चोक, ढल, नाला, पोखरी आदि मिची भवन निर्माण गरेको वा गरिरहेको ठहरेमा प्रमुखले सो भवन वा त्यसको कुनै भाग भत्काउने आदेश दिनुपर्ने छ भन्ने कानूनी व्यवस्थासमेत रहेको देखिन्छ। यसरी नगरपालिकाबाट कानूनबमोजिम खटिएको प्राविधिक टोलीले तोकिएको मापदण्डविपरीत कोठासमेत निर्माण गरेको भनी स्थलगत सर्जमिनसहितको प्रतिवेदन दिएको र सोही आधारमा नगरपालिकाबाट मापदण्डविपरीत नक्सा पास नगरी निर्माण गरेको संरचना भत्काउने गरी निर्णय भएको देखिन्छ। स्थानीय स्वायत्त शासन ऐन, २०५५ ले नगरपालिकाले आफ्नो क्षेत्रभित्र निर्माणसम्बन्धी मापदण्ड निर्माण गरी लागु गर्न सक्ने भन्ने कानूनी व्यवस्था रहेको सन्दर्भमा लागु भएको मापदण्डको पालना गर्नु सो क्षेत्रका सम्बन्धित सबैको कर्तव्य हुन आउँछ। यस अवस्थामा निवेदकले निर्माण गरेको भौतिक संरचना स्थानीय स्वायत्त शासन ऐन, २०५५ मा भएको भावना र मर्मअनुकूल तोकिएको कानूनी व्यवस्थाबमोजिम नभएको भन्ने आधारमा सुरू नगरपालिकाले र पुनरावेदन सुन्ने अदालतले समेत फैसला गरेको देखिने।

तत्कालीन नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७ एवं वर्तमान नेपालको संविधान, २०७२ को धारा १३३(२) मा ....अर्को उपचारको व्यवस्था नभएको वा अर्को उपचारको व्यवस्था भए पनि त्यस्तो उपचार अपर्याप्त वा प्रभावहीन देखिएको अन्य कुनै कानूनी हकको प्रचलनका लागि सर्वोच्च अदालतले असाधारण अधिकार क्षेत्रको प्रयोग गर्न सक्ने भन्ने संवैधानिक व्यवस्था रहेको पाइन्छ । प्रस्तुत रिट निवेदनको विषयवस्तुका सम्बन्धमा सुरू नगरपालिका कार्यालयले गरेको निर्णयउपर तत्कालीन पुनरावेदन अदालतमा पुनरावेदन परेकोमा सुरू निर्णय सदर हुने गरी फैसला भएको देखिन्छ। सुरू निर्णय पुनरावेदनको रोहमा सदर भएको अवस्थामा पनि न्याय प्रशासन ऐनले सर्वोच्च अदालतमा प्रवेश गर्ने मार्गलाई बन्द गरेको देखिँदैन । यस अवस्थामा वैकल्पिक मार्ग हुँदाहुँदै यी रिट निवेदकले उल्लिखित कानूनी मार्गको अवलम्बन नगरी रिट क्षेत्रको माध्यमबाट यस अदालतमा प्रवेश गरेको देखिन्छ । वैकल्पिक मार्गको उपचार अपर्याप्त वा प्रभावहीन रहेको भनी निवेदनमा जिकिर लिन सकेको पनि देखिँदैन। अर्थात् वैकल्पिक मार्ग हुँदाहुँदै उक्त मार्गको प्रयोग नगरी रिट क्षेत्रबाट प्रवेश गर्नु परेको तथ्ययुक्त आधार र कारण पनि निवेदकले निवेदनमा उल्लेख गर्न सकेको पनि देखिँदैन । अन्य उपचारको मार्ग खुला रहँदासम्म र त्यस्तो मार्गबाट प्राप्त हुने उपचार अपर्याप्त वा प्रभावहीन भएको भन्ने बेहोरा पुष्टि गर्न नसक्दाका अवस्थासम्म रिटको क्षेत्राधिकार प्रयोग गरी प्रवेश गरेको निवेदनलाई स्वीकार गरी इन्साफ गर्न मिल्ने पनि हुँदैन। वैकल्पिक मार्ग हुँदाहुँदै रिटको क्षेत्राधिकार आकर्षित हुँदैन भन्ने रिटको सर्वमान्य सिद्धान्त पनि हुने।

अतः निवेदकले नगरपालिकाबाट तोकिएको निर्माणसम्बन्धी मापदण्डविपरीत नक्सासमेत पास नगरी भौतिक संरचना निर्माण गरेको भन्ने सम्बन्धमा साधिकार निकायबाट प्रमाण बुझी भएको निर्णय र सुरू निर्णयलाई सदर हुने ठहऱ्याई भएको फैसलाबाट विवादको निरूपण भइसकेको र यी निवेदकले वैकल्पिक उपचारको मार्ग समाप्त भई नसकेको अवस्थामा उक्त मार्गलाई अवलम्बन नगरी रिट क्षेत्रको माध्यमबाट यस अदालतमा प्रवेश गरेको देखिएको र नियमित अदालतबाट कानूनअनुसार भएको निर्णयमा कुनै कानूनी त्रुटि नदेखिएको समेत हुँदा निवेदकको मागबमोजिमको आदेश जारी गर्न मिलेन। प्रस्तुत रिट

निवेदन खारेज हुने।
इजलास अधिकृत : राजेन्द्र वाग्ले
कम्प्युटर : मन्दिरा रानाभाट
इति संवत् २०७६ साल कार्तिक २४ गते रोज १ शुभम्।

४

मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री बमकुमार श्रेष्ठ, *०७५-CR-११९२, जबरजस्ती करणी, नेपाल सरकार वि. परिवर्तित नाम १०-D-६-१४-Z*

पुनरावेदकको पुनरावेदन जिकिर मुख्यत: प्रतिवादीले अदालतसमक्ष आफ्नो उमेर १४ वर्ष भनी लेखाएको विष्णुपादुका गा.वि.स. र धरान उपमहानगरपालिकाले पठाएको जन्मदर्ताको प्रतिलिपिमा मिति २०५७/२/१२ उल्लेख भएको आधार लिई भएको उच्च अदालतको फैसला वि.पि. स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानबाट भएको उमेर जाँचको प्रतिवेदनसमेतको आधारमा त्रुटिपूर्ण रहेको छ भन्ने नै देखिने।

प्रस्तुत मिसिलमा प्रतिवादीको पुनरावेदन परेको भन्ने नदेखिँदा सो सन्दर्भमा थप विवेचना गरिरहन आवश्यक देखिएन । अभियोग पत्रमा प्रतिवादीले आफ्नो उमेर १९ वर्ष रहेको भनी उल्लेख गरे पनि अदालतमा बयान गर्दा भने आफ्नो उमेर १४ वर्ष भनी लेखाएको पाइन्छ। यसका साथै प्रतिवादीले पेस गरेको मिसिल संलग्न विष्णुपादुका गा.वि.स. को मिति २०६७/१/३ को जन्मदर्ताको फोटोकपीबाट प्रतिवादीको जन्ममिति २०५७/२/१२ उल्लेख भएको देखिन्छ भने धरान उपमहानगरपालिकाद्वारा पठाइएको जन्मदर्ताको प्रतिलिपीमा प्रतिवादीको जन्ममिति २०५७/२/१२ नै उल्लेख भएको पाइन्छ। बालसुधार गृह विराटनगरको च.नं. २४ मिति २०७१/७/२७ को पत्रसाथ प्राप्त Age Estimation बाट प्रतिवादीको उमेर १४ वर्ष भएकोमा ६ महिना तल माथि हुन सक्ने भनी चिकित्सकको प्रतिवेदनबाट लेखी आएकोसमेत पाइयो। यसरी प्राप्त भएको जन्मदर्ता प्रमाण पत्र र Age Estimation समेतबाट वारदात मिति २०७१/१/२० मा प्रतिवादीको उमेर १३ वर्ष ११ महिना र ८ दिन रहेको भन्ने देखिँदा निजको उमेर १४ वर्षभन्दा कमको नै देखियो । त्यसकारण प्रतिवादीको उमेर १४ वर्ष पुगी नसकेको यस्तो अवस्थामा यी प्रतिवादीको हकमा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(२) आकर्षित हुने भएबाट पुनरावेदक नेपाल सरकारको पुनरावेदन जिकिर र सो जिकिरलाई समर्थन गरी विद्वान्‌बाट प्रस्तुत भएको बहस जिकिरसँग सहमत हुन नसकिने।

अतः बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(२) मा बालकको उमेर दश वर्षभन्दा माथि र चौध वर्षभन्दा कम रहेछ भने निजलाई कानूनबमोजिम जरिवाना हुने कुनै अपराध गरेकोमा हप्काई, सम्झाई, बुझाई र कैद हुने कसुर गरेकोमा कसुर हेरी ६ महिनासम्म कैद हुन्छ भन्ने व्यवस्था भएकोले र बालबिज्याईं गर्ने प्रतिवादीको उमेर १४ वर्षभन्दा मुनिको देखिएको अवस्था हुँदा सुरू फैसला उल्टी गरी बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(२) बमोजिम प्रतिवादीलाई ६ महिना कैदको सजाय गर्ने गरी उच्च अदालत विराटनगरबाट मिति २०७४/३/२० मा भएको फैसला अन्यथा नभई मिलेको देखिँदा सदर हुने।
इजलास अधिकृत: सृजना गौतम
इति संवत् २०७७ साल जेष्ठ ३२ गते रोज २ शुभम्।

इजलास नं.११

१

मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री सुष्मालता माथेमा, *०६५-WO-०६३३, उत्प्रेषण, सुरेश ढुङ्गाना वि. प्रहरी प्रधान कार्यालय, नक्सालसमेत*

निवेदक नेपाल प्रहरीको प्रहरी निरीक्षक

पदको अधिकृत स्तरको जिम्मेवार व्यक्ति र प्रहरी महानिरीक्षकको सचिवालयमा गहन जिम्मेवारी सम्हालेर देश र जनताको सेवा गर्नुपर्ने जिम्मेवार व्यक्ति भएको कुरामा विवाद रहेन । यस्तो जिम्मेवार व्यक्ति मिति २०६२/१०/१६ गतेदेखि लामो समयसम्म आफ्नो कार्यालयमा गैरहाजिर हुँदा निजको खोजी हुनु स्वाभाविक मान्नुपर्ने हुन्छ । सार्वजनिक पद धारण गरेको जिम्मेवार व्यक्तिले आफ्नो पदसँग सम्बन्धित सेवाका सर्तसम्बन्धी ऐन, नियमले निर्धारण गरेका आचरणका कुरा इमान्दारिताका साथ पालना गर्नुपर्ने हुन्छ । यदि पालना नभएमा विभागीय कारबाहीको व्यवस्था आकर्षित हुन्छ र अधिकार सम्पन्न व्यक्ति वा निकायबाट त्यसको प्रयोग हुन्छ र हुनु पनि पर्दछ। अन्यथा दण्डहीनताले प्रश्रय पाउने।

ताम्टिङ शेर्पाको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी निज सुरेश ढुङ्गानासमेत भएको ठगी मुद्दामा फरार रहेका निजलाई गोरखापत्र दैनिकमा सूचना प्रकाशन गरी सुनुवाइको मौका दिइएको र निजले सो मौकाको उपभोग गरिसकेको अवस्था हुँदा आफूले उपभोग गरिसकेको र कानूनबमोजिमको अधिकारप्राप्त अधिकारीबाट कार्यविधिगत लचकता अपनाई निवेदकलाई गरिएको विभागीय सजायको कार्य कानूनबमोजिम नै भए गरेको देखिँदा गैरकानूनी भयो भन्न नमिल्ने।

निवेदकले २०६२।१०।१६ देखि कार्यालयबाट अनुपस्थित रहेकोमा कुनै विवाद देखिएन। औषधोपचारमा रहेको आफूले बिदा स्वीकृत गराई बसेको हो भन्ने पनि निजको भनाइ रहेको पाइएन । व्यावहारिक रूपमा निजले जुन बिरामी र औषधोपचारको कुरा रिट निवेदनमा उठाएको छ सो पत्यारलायक छैन। प्रहरी महानिरीक्षकको कार्यालयमा कार्यरत प्रहरी निरीक्षकले आफू जिम्मा रहेको गाडी प्रधान कार्यालय नै छाडी र प्रहरी अस्पतालमा उपचार नगराई किन अन्य अस्पतालमा व्यक्तिगत रूपमा गराउँदै हिँड्नु परेको हो, सो कुरा रिटमा भन्न र खुलाउन सकेको पाइँदैन । यस्तो कार्यबाट निज बिरामीको कारण बिदासम्म स्वीकृत नगराई बसेको हो भन्ने नभई आफ्नो कसुर लुकाउन भागेको रहेछ भन्ने अर्थ लाग्छ । यस स्थितिमा पनि सेवामा पुनर्स्थापित हुनुपर्ने भन्ने निवेदकको जिकिर स्वीकारयोग्य नदेखिने।

तसर्थ, माथि उल्लिखित तथ्य, कानूनी व्यवस्था र विवेचनाबाट निजको सेवाका सर्तसम्बन्धी प्रहरी ऐन तथा सोको नियमावलीबमोजिम निवेदकलाई सेवाबाट बर्खास्त गर्ने गरी भए गरिएको विभागीय कारबाहीको निर्णय र सोका आधारमा गरिएको पत्राचार कानूनबमोजिम नै भए गरिएको देखिएबाट निवेदन मागबमोजिमको आदेश जारी गर्न उचित र आवश्यक नदेखिएकोले प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: भिमप्रसाद भुसाल

कम्प्युटर: मञ्जु खड्का

इति संवत् २०७६ साल असार १० गते रोज ३ शुभम्।

- यसै प्रकृतिको ०६९-WO-०९५३, उत्प्रेषण, किरण जोशी वि. प्रहरी प्रधान कार्यालय नक्सालसमेत भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ।

२

मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री सुस्मालता माथेमा, *०६८-CR-०६९४, ठगी, किरण जोशी वि. नेपाल सरकार*

प्रहरी प्रधान कार्यालयको प्रहरी महानिरीक्षकको सचिवालयमा रही काम गर्नुपर्ने जिम्मेवार राष्ट्रसेवक जस्तो पदमा रहेका प्र.नि. सुरेश ढुङ्गाना र प्र.स.नि. किरण जोशीले प्रतिवादी पेम्बादोर्जे शेर्पासँग मिलोमतो गरी प्रतिवादी नरबहादुर शिवाकोटीलाई समेत प्रयोग गरी जाहेरवालाको नागरिकताको प्रमाणपत्रलाई फर्जी हो भनी शक्तिको दुरूपयोग गरी डर, धाक धम्की दिई, गफलतमा पारी आफूहरूलाई नाजायज फाइदा हुने र जाहेरवालालाई नाजायज आर्थिक हानि हुने गरी गैरकानूनी काम भए

गरेको पाइयो । अभियोग दाबीबमोजिम प्रतिवादीहरू पेम्वा दोर्जे शेर्पा, सुरेश ढुङ्गाना र किरण जोशीलाई जाहेरवालाको रू.११,००,०००।- (एघार लाख) ठगीको १ नं. विपरीत ठगी गरेको कसुरमा ऐ. को ४ नं.बमोजिम एक वर्ष कैद र बिगोबमोजिम जरिवाना हुनुका साथै बिगोमध्ये रू.१,५०,०००।- प्रतिवादी पेम्बा दोर्जे शेर्पाबाट रू.८,५०,०००।- (आठ लाख पचास हजार) प्रतिवादीहरू सुरेश ढुङ्गाना र किरण जोशीबाट जाहेरवालालाई भराइदिने तथा पुनरावेदक प्रतिवादीहरूमध्ये नरबहादुर शिवाकोटीलाई ठगीको ५ नं. बमोजिमको कसुरमा सोही ५ नं. बमोजिम ३ महिना कैद, बिगोबमोजिम जरिवाना र निजले लिएको रूपैयाँ एक लाख बिगो जाहेरवालालाई भराइदिनेसमेत ठहर गरी पुनरावेदन अदालत पाटनबाट मिति २०६७/११/८ मा भएको फैसलालाई अन्यथा नदेखिँदा पुनरावेदक प्रतिवादीहरूको पुनरावेदन जिकिर तथा निजहरूको तर्फबाट बहस प्रस्तुत गर्नुहुने विद्वान् कानून व्यवसायीहरूको बहस जिकिरसँग सहमत हुन नसकिने।

जाहेरवाला ताम्टीङ शेर्पाको पुनरावेदन जिकिर सम्बन्धमा विचार गर्दा मिति २०६४।१२।५ मा प्रतिवादी पेम्वा दोर्जे र पुनरावेदक ताम्टीङ शेर्पाको बिच भएको सम्झौता हामीहरूको राजीखुसीले नभएको, सम्झौताबमोजिम म जाहेरवालाले अदालतमा निवेदन दर्ता नगराएपछि पुनः वाइ.सि.एल. कार्यालयमा लगी डर त्रास देखाई ज्यान मार्ने धम्की दिएकाले आफ्नो र परिवारको जिउ ज्यान बचाउनको निम्ति मुद्दा फिर्ता लिने गरी निवेदन दिएको वास्तविकता हो, राजीखुसीले सम्झौता गरेको होइन, यस्तो बाध्यकारी अवस्थामा सम्झौता गरी अदालतमा समेत पेस गरेको कारण आफूलाई सजाय हुनु नपर्ने हो भन्ने जिकिर गरेको देखिन्छ । साथै निज जाहेरवाला र प्रतिवादी पेम्बादोर्जे शेर्पाको बिचमा मिति २०६४/१२/०५ मा भएको सम्झौता मिति २०६५/०२/२९ मा करिब ३ महिनापछि मात्र अदालतमा निवेदनसाथ सनाखत गरी पेस गरेको अवस्था छ । प्रस्तुत मुद्दामा निज जाहेरवालालाई प्रतिवादीहरूले अपहरणको शैलीमा घरबाट उठाई लगेको, जग्गाको बैनाबट्टाको कागज गराएको र डर, धाक, धम्की दिई शक्तिको दुरूपयोग गरी रकम लिई ठगी गरेको अवस्था हुँदा निजहरूले जाहेरवालालाई सोही प्रकृतिले पुनः कागज गराउन र सो कागजलाई प्रमाणको रूपमा अदालतमा पेस गर्न बाध्य बनाउन सक्ने अवस्थासमेतलाई नकार्न नसकिने।

यस स्थितिमा जाहेरवालाले सो काम गर्न सहजै अस्वीकार गर्न नसक्ने हुँदा आफ्नो र परिवारको सुरक्षाको लागि विषम परिस्थितिमा प्रतिवादीहरूसँग भए गरिएको लिखत र सो लिखत कागज अदालतमा पेस गरेकै कारण निजउपर दोष लगाइएको देखियो । निजले सुरूमा दिएको जाहेरी, सनाखत बेहोरा, सुरू अदालतमा गरेको बकपत्र र हाल यस अदालतमा दायर गरेको पुनरावेदनपत्रको बेहोरा एकै मिलानको देखिन्छ । यसरी पटक पटक सत्य साँचो यथार्थ कुरा गरिरहेको पक्ष निज जाहेरवाला ताम्टीङ शेर्पालाई सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २८(२) (क) बमोजिम रू.२,०००।- (अक्षरूपी दुई हजार मात्र) सजाय गर्ने गरी मिति २०६७/११/०८ मा पुनरावेदन अदालत पाटनबाट भएको फैसला सो हदसम्म मिलेको नदेखिँदा केही उल्टी भई निज जाहेरवाला ताम्टीङ शेर्पाले सफाइ पाउने।

इजलास अधिकृत: भिमप्रसाद भुसाल

कम्प्युटर: मञ्जु खड्का

इति संवत् २०७६ साल असार १० गते रोज ३ शुभम्।

इजलास नं.१२

१

मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.डा.श्री मनोजकुमार शर्मा, *०७०-CR-०७४५, ०७१-CR-०१४५, जबरजस्ती करणी र जबरजस्ती चोरी, नेपाल*

सरकार वि. रामजी राउत भेडिहरसमेत, शिवराज राउत भेडिहरसमेत विरूद्ध नेपाल सरकार

जाहेरवालीले जाहेरी दिएपछि जाहेरीमा लेखिएका तथ्यहरूमा अदालतमा आई समर्थित बकपत्र गरिदिएमा तथा अन्य प्रमाणहरूले समेत जाहेरी दरखास्तलाई समर्थन गरेको अवस्थामा वारदात पुष्टि हुने आधार सिर्जना हुन्छ । प्रस्तुत मुद्दामा जाहेरवाली स्वयं अदालतमा आई बकपत्र गर्दा **"मलाई कुनै पनि प्रतिवादीले जबरजस्ती करणी तथा जबरजस्ती चोरी गरेका छैनन् जाहेरी दरखास्त, कागज गर्ने व्यक्तिहरूको कागजात र अभियोग दाबीको बेहोरासमेत झुठा हो ।"** भनी बकपत्र गरिदिएको अवस्थामा "**जाहेरी दरखास्तलाई अदालतले अन्य सङ्कलित प्रमाणको रोहमा परीक्षण नगरेसम्म वा अन्य प्रमाणहरूले समर्थन (Corroborate) नगरेसम्म त्यस्तो जाहेरी दरखास्त आफैँमा स्वतन्त्र प्रमाण हुन सक्तैन । अन्य प्रमाणबाट समर्थित नगरेसम्म जाहेरी दरखास्त केवल अपराध अनुसन्धानको क्रममा मात्र सहयोगी हुन सक्तछ । त्यसैले जाहेरी दर्खास्तलाई अभियोग लगाइएको कुनै पनि व्यक्तिका विरूद्ध प्रमाणको रूपमा ग्रहण गर्नुपूर्व सो जाहेरी दरखास्तको न्यायिक परीक्षण त्यत्तिकै आवश्यक हुने । ...जाहेरी दरखास्तको मूल्याङ्कन गर्ने महत्त्वपूर्ण आधारको रूपमा प्रमाण ऐन, २०३१ को दफा १८ बमोजिम त्यस्तो जाहेरी दिने व्यक्ति अर्थात् जाहेरवाला स्वयं साक्षीका रूपमा अदालतमा उपस्थित भई आफूले जाहेरी दरखास्तमा लेखाएको कुरालाई अदालतमा बकपत्र गरी समर्थन गरेको स्थिति विद्यमान हुनु पर्दछ । अन्यथा कुनै पनि जाहेरीको बेहोराले अपराध पुष्टि गर्ने प्रामाणिक महत्त्व ग्रहण गर्न नसक्ने ।"** भन्ने ने.का.प. २०६९, अङ्क २, नि.नं. ८७६४ मा प्रतिपादित सिद्धान्त प्रस्तुत मुद्दामा आकर्षित हुने देखिन्छ । जबरजस्ती करणी र जबरजस्ती चोरी जस्तो गम्भीर फौजदारी कसुर र अपराधमा वस्तुनिष्ठ प्रमाणको आवश्यक अनिवार्य छ । शंका जतिसुकै बलियो प्रमाणको रूप लिन नसक्ने ।

हाम्रो समाजमा यदाकदा जाहेरवाला वा पीडित अदालतमा आई बकपत्र गर्दाविपरीत तथ्य उजागर गर्ने प्रचलन देखिएको छ । सामान्यतः अरूले लेखिदिएको र विशेषतः अनुसन्धानमा संलग्न व्यक्तिले लेखी सहीछापसम्म गराएको जाहेरीमा कतिपय अवस्थामा वास्तविक तथ्यविपरीतका बेहोरा लेखिएको पाइन्छ । राम्ररी लेखपढ गर्न नजान्ने जाहेरवालाको तर्फबाट जाहेरी बेहोरा लेख्दा अनुसन्धानमा संलग्न व्यक्तिले कुनै पूर्वाग्रहको कारण कतै आफ्नो शक्ति वा प्रभावको आडमा कतै आफ्नो कल्पनानुसारको प्रदर्शन गर्दै वा कतै भनसुनकै कारण पनि वास्तविकताभन्दा फरक बेहोरा लेखिदिने वा प्रमाणले पुष्टि हुनेभन्दा बढी व्यक्तिलाई वारदातमा संलग्न रहेको भनी प्रतिवादी कायम गरिदिने प्रवृत्ति यदाकदा नदेखिएका होइनन् । अर्कोतर्फ पारिवारिक, सामाजिक, आर्थिक, राजनीतिक वा अन्य प्रकृतिको दबाब प्रभावमा परी पीडितले आफ्नो वा आफ्नोतर्फबाट दर्ता गराइएको जाहेरी बेहोरा केही समयको अन्तरालपछि त्यस्तो भएको होइन वा अमूक व्यक्तिले गरेको होइन भनी वारादत र तथ्यमै इन्कार रही अदालतमा आई बकपत्र गर्ने प्रचलन पनि यदाकदा देखिन्छ । यस अवस्थामा अदालतले अवस्था परिस्थितिअनुसार र मिसिल संलग्न प्रमाणहरूको वस्तुनिष्ठ विश्लेषण गरी जाहेरवालाको विपरीत बकपत्रलाई मान्यता दिने वा नदिने भन्ने सम्बन्धमा निष्कर्षमा पुग्नुपर्ने हुन्छ । कतिपय अवस्थामा विपरीत बकपत्रलाई मान्यता दिइएको छ भने प्रमाणले वारदात र प्रतिवादीको संलग्नता पुष्टि गरेको अवस्थामा अदालतले त्यस्तो विपरीत बकपत्रलाई अमान्य गरी प्रतिवादीलाई कसुरदार कायम गरिएको र जाहेरवालालाई झुठ्ठो बकपत्र गरेको परिणाम स्वरूप सजायसमेत गरिएको छ । यस पृष्ठभूमिबाट हेर्दा प्रस्तुत मुद्दामा जाहेरी दरखास्तमा लेखिएका बेहोराहरू मालाकार प्रमाणहरूले पुष्टि

नगरेको र सो बेहोरा खण्डन गर्दै पीडित भनिएकी जाहेरवालीले अदालतमा आई जाहेरी प्रतिकूल बकपत्र गरिदिएको अवस्थामा जाहेरी बेहोरा साँचो हो वा यी पीडितको भनाइ साँचो हो भन्नेबारे यहीँ विश्लेषण अपरिहार्य देखिएको छ। जाहेरवालीले जाहेरी दिएपछि गरेको स्वास्थ्य परीक्षण प्रतिवेदनमा No Bruise, No Swelling or tear in the Private Part. Hymen Intact. No other injuries in the Private Part भनी उल्लेख गरेको देखिएको छ । पीडितलाई चार जनाको संलग्नतामा जबरजस्ती करणी गरिएको भए केही दिनको अन्तरालमै त्यसको चिह्न मेटिने अवस्था थिएन । जाहेरवालीले पनि त्यस्तो कुनै चिह्न रहेको जाहेरीमा देखाएको पनि पाइएन । **पुनरावेदन जिकिरबमोजिम ढिलो जाँच भएकै कारणले जबरजस्ती करणीका चिह्नहरू नभेटिएको भन्न नसकिने, शरीरमा लाग्ने चोटहरू ५ दिनपछि परीक्षण हुँदा मेटिई सक्ने अथवा कन्याजाली च्यातिएकै भए पनि ५ दिनपछि परीक्षण हुँदा सो नदेखिने भनी भन्न नमिल्ने"** भन्ने ने.का.प. २०५९, अङ्क ११/१२, नि.नं. ७१५७ मा व्याख्या भएको छ । यसै प्रकृतिको व्याख्या सुरेन्द्र वि.क. विरूद्ध नेपाल सरकार भएको जबरजस्ती करणी र चोरी मुद्दा ने.का.प. २०७५, अङ्क १२, नि.नं. १०१५२ मा समेत भइरहेको देखिने।

अर्कोतर्फ जाहेरी दरखास्तमा जाहेरवालीले आफ्नो कुर्ता सुरूवाल च्याती, मुख बाँधी हातखुट्टा समाती शिवराज र झपस राउतले पालै पालो करणी गरेको र मैले मुख खोली जोरजोरले चिच्याउँदा मेरो आवाज सुनी गाउँघरका मानिस आउँदा प्रतिवादीहरूले घडी, नाकको फुली, कानमा लगाउने बाली, मुसुरो, नगदसमेत लुटी लगेको भने तापनि अभियोजन पक्षले च्यातिएको कुर्ता र सुरूवाल तथा मुख बाँध्न प्रयोग भएको वस्तु प्रमाण स्वरूप पेस गरेको देखिँदैन । अपराध गरी भाग्दा यी जाहरवालीले लगाएको नाकको फुली, हातको घडी, कानको बालीसमेत लुटेको हो भने शरीरमा त्यसको कुनै प्रकृतिको पनि निशाना नहुनु स्वाभाविक देखिँदैन । घटनास्थल प्रकृति मुचुल्कामा वारदातस्थल भनिएको घरको बिचमा आँगन र चारैतर्फ पाँच कोठा रहेको छ। घरमा कोही नभएको अवस्थामा पूर्वबाट गणना गर्दा ३ नं. को कोठामा जबरजस्ती करणी गरिएको भन्ने जाहेरी बेहोरा छ भने कागज गर्दा पीडितको हजुरआमाले यी प्रतिवादीहरूलाई भाग्दै गरेको अवस्थामा आफ्नै आँखाले देखेको भनेबाट पनि जाहेरी बेहोरा तथा यी जाहेरवालीको हजुरआमाको भनाइमा एकरूपता देखिँदैन । घरमा एक्लै रहेको भन्नु, कागज गर्नेहरूले हजुरआमाले घरमा हो-हल्ला गरेको सुनेको भन्नु र सोही घरबाट हजुरआमासमेतले यी प्रतिवादीहरू भाग्दै गरेको देखेको भन्ने भनाइहरू आपसमा मेल नखाएबाट घटनास्थलमा यी प्रतिवादीहरू रहे भएको तथ्य शंकारहित तवरबाट पुष्टि भइरहेको छैन। यी प्रतिवादीहरू कसुरमा इन्कार रही वारदातको दिन आफूहरू पञ्जाबमा रहेको बयान दिएको, राजनीतिक कारणले आरोप लगाएको भन्ने जिकिर गरेको र यी प्रतिवादीहरू एवं घटनास्थल भनिएको जाहेरवालीको हजुरआमाको घर एवं प्रतिवादीहरू सबै जिल्ला रौतहट, गाउँ विकास समिति मिठुअवा वडा नं. २ कै बासिन्दाहरू भएबाट घटनापश्चात् एकै वडाका यी प्रतिवादी विदेश भागेको तथ्य जाहेरीमा वा कागज गर्ने मानिसहरूले समेत कसैले पनि नखुलाएबाट अभियोजन पक्षबाट पेस भएका प्रमाणको बेहोराहरू मालाकार रूपमा जोडिएको नदेखिने।

फौजदारी मुद्दामा विश्वासिलो र भरपर्दो प्रमाणको आवश्यकता हुन्छ, त्यस्तो प्रमाणको भार वादी पक्षमा रहन्छ । शंका जतिसुकै बलियो भए पनि प्रमाणको स्थान लिन सक्दैन । कसुरको पुष्टि अभियोजन पक्षले शंकारहित तवरले पुष्टि गर्नुपर्छ । अन्यथा शंकाको सुविधा अभियुक्तले पाउने हुन्छ । यसै अदालतबाट **"प्रमाण ऐन, २०३१ को दफा २५ ले फौजदारी मुद्दामा अभियुक्तको कसुर प्रमाणित भार वादीको हुने छ भन्ने कानूनी**

व्यवस्था गरेको सन्दर्भमा प्रस्तुत मुद्दामा वादी पक्षले शंकारहित तवरले आफ्नो दाबी प्रमाणित गर्न सकेको देखिएन । यस्तो अवस्थामा सिर्फ शंकाको आधारमा मात्र जबरस्ती करणी जस्तो गम्भीर प्रकृतिको फौजदारी अपराधमा कसुरदार ठहऱ्याउनु फौजदारी न्यायशास्त्रको विपरीत हुने" भनी नेपाल सरकार विरूद्ध रामबहादुर कार्की भएको मुद्दा (ने.का.प. २०५९, अङ्क ११/१२, नि.नं. ७१५७) मा सिद्धान्त प्रतिपादन भइरहेको पनि छ । यस्तै प्रतिवादी जनक त्रिपाठी विरूद्ध नेपाल सरकार भएको जबरजस्ती करणी मुद्दा (ने.का.प. २०६२, अङ्क ३, नि.नं. ७५०७) मा "अनुसन्धान अधिकारीबाट हुने कानूनअनुसारको अनुसन्धानबाट सङ्कलित यथार्थपरक र वस्तुनिष्ठ प्रमाणहरू नै कसुर ठहर गर्न मद्दत पुग्ने प्रथम खुड्किला हो । त्यो खुड्किला नै कमजोर, आधारविहीन र कानूनअनुरूप भएको छैन र जाहेरवाला र स्वयं पीडित पनि अनुसन्धानको क्रममा प्रहरीमा बयान गर्दा एकै बेहोरा उल्लेख नगरी अदालतमा बकपत्र गर्दा फरक-फरक बयान गरी आफूउपर अपराध नै नभएको बकपत्र गर्दछन् भने अन्य प्रमाणको अभावमा अनुमान र शंकाको भरमा कसुर कायम गरी पीडित व्यक्तिलाई समेत न्याय प्रदान गर्न सरल र सुगम हुन नसक्ने" भनी यस अदालतको पूर्ण इजलासबाट सिद्धान्त प्रतिपादन भएको पनि देखिन्छ । यसरी माथि गरिएको तथ्यहरूको विश्लेषण तथा यस अदालतबाट प्रतिपादित न्यायका मान्य सिद्धान्तहरूसमेतको अवस्थामा केवल एक जाहेरी सो पनि जाहेरवालीबाटै खण्डित भएको अवस्था र अन्य कुनै प्रमाणले वारदातलाई ठोस रूपमा समर्थन नगरेको अवस्थामा प्रस्तुत मुद्दामा प्रतिवादीहरूलाई जबरजस्ती करणी र जबरजस्ती चोरीजस्तो गम्भीर फौजदारी कसुरमा ठहर गरी सजाय गर्न मिल्ने देखिन नआउने ।

अतः माथि विवेचित आधार, कारण, प्रमाण तथा प्रतिपादित सिद्धान्तहरूसमेतबाट प्रस्तुत मुद्दामा शंकारहित तवरले वादी पक्षले आफ्नो दाबी प्रमाणित गर्न नसकेको, प्रमाणहरूले मालाकार रूपमा वारदात स्थापित गर्न नसकेको अवस्थामा शंकाको सुविधा प्रतिवादीले प्राप्त गर्ने नै देखिएकोमा पुनरावेदन अदालत हेटौंडाबाट प्रतिवादीहरू झापस राउत भेडिहर र शिवराज राउत भेडिहरलाई अभियोग मागदाबीबमोजिम मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(३) नं. अनुसार जनही ६ वर्ष कैद र सोही ऐनको १० नं. बमोजिम पीडितलाई २०,०००।– क्षतिपूर्ति भराइदिने ठहर गरी मिति २०७०/३/३१ मा भएको फैसला मिलेको देखिन आएन । उक्त फैसला उल्टी भई प्रतिवादीहरू झापस राउत भेडिहर र शिवराज राउत भेडिहरले आरोपित कसुरबाट सफाइ पाउने ।

इजलास अधिकृत: पाराश्वर कँडेल

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७६ साल वैशाख १६ गते रोज २ शुभम् ।

२

मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.डा.श्री मनोजकुमार शर्मा, *०७५-CI-०२४३, मतगणना बदर पुनः मतगणना, भोजराज झा वि. जिल्ला निर्वाचन कार्यालय, महोत्तरीसमेत*

पुनरावेदक वादीले आफ्नो उजुरीमा आफ्नो मतगणना प्रतिनिधि सुरेशप्रसाद यादव रहेको र एकभन्दा बढी निर्वाचन चिह्नमा मतदान गरिएको झण्डै १०० थान मतपत्र निजहरूको विरोध बाबजुद सदर गरेको र मतगणना सकिएको मिति २०७४/६/४ गते दोहोऱ्याई मतगणना गरिपाउँ भनी लिखित निवेदन दिएकोमा सोउपर आवश्यक कारबाही नगरी राति ९:४५ बजे निर्वाचन परिणाम घोषणा गरेको भन्ने जिकिर लिएको देखिन्छ । स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ५२ को उपदफा (१) मा मतगणना समाप्त नहुँदै वा गणना गरिएको मतपत्र सिलबन्दीअगावै उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिले केही वा सबै मतपत्र दोहोऱ्याई गणना गराई पाउँ भनी तत्काल निर्वाचन अधिकृतसमक्ष कारणसहित

लिखित निवेदन दिनसक्ने व्यवस्था भएबमोजिम यी पुनरावेदक वादी वा निजका मतगणना प्रतिनिधिले कसले कसलाई त्यस्तो लिखित निवेदन दिएका थिए भन्नेबारे वादीको उजुरी तथा पुनरावेदनपत्रमा पनि खुल्न आउँदैन । ऐ. ऐनको दफा ५२ को उपदफा (१) अन्तर्गतको निवेदन नै स्थानीय तहको निर्वाचनमा मतपत्रसम्बन्धी विवादको सुरूवाती कार्यविधि हो । यी पुनरावेदक वादीले त्यस्तो निवेदन पेस गरेको कुनै प्रमाण उच्च अदालत जनकपुरमा उजुरीसाथ संलग्न गरेको वा यस अदालतमा दायर भएको पुनरावेदनसाथ समेत पेस गरेको भन्ने मिसिलबाट देखिँदैन । निर्वाचन अधिकृतको प्रतिउत्तरमा यी पुनरावेदक वादीले त्यस्तो निवेदन नदिएको भनी प्रस्ट उल्लेख गरेकोलाई यी पुनरावेदकले आफ्नो पुनरावेदनमा सो प्रतिउत्तरलाई खण्डन गर्न सकेको देखिँदैन । यी पुनरावेदक वादीले आफूले त्यस्तो निवेदन दिएको भनी उजुरीमा दाबी लिएपछि प्रमाण ऐन, २०३१ को दफा २६ बमोजिम सो दाबी प्रमाणित गर्ने भार यिनै पुनरावेदक वादीको रहेको देखिन्छ । प्रस्तुत पुनरावेदनसँग सम्बन्धित सुरू उजुरी निर्वाचन (कसुर तथा सजाय) ऐन, २०७३ को दफा ४४ बमोजिम निवेदन दिएको भए पनि सो दफाको व्यवस्था स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ५२ सँग आबद्ध रहेको अवस्थामा यी दुई ऐनका दफाहरूलाई स्वतन्त्र रूपमा कार्यान्वयन गर्न सकिने देखिँदैन । कानूनले तोकेको कार्यविधि पूरा गर्नु यी पुनरावेदक वादीको कर्तव्यको विषय पनि हो । यी पुनरावेदक वडा अध्यक्ष जस्तो दैनिक प्रत्यक्ष रूपमा जनतासँग जोडिएर बस्ने जनप्रतिनिधि पदको उम्मेदवार बनी निर्वाचित हुने आकाङ्क्षा बोकी हिँडेको अवस्थामा कानूनले तोकेको कार्यविधि के हो ? कुन अवस्था परिस्थितिमा के कस्तो कार्यविधि अपनाउनुपर्ने हो भन्नेबारे स्पष्ट जानकारी राख्नु अपेक्षित हुन्छ । चुनावमा विजयी भएको भए आफ्ना वडाका बासिन्दाहरूलाई संविधान र कानूनको सम्मान र पालना गराउन अग्रसर हुनुपर्ने जुनसुकै प्रतिनिधिको कर्तव्यको विषय हो । कुनै पनि जनप्रतिनिधिले जनता वा अदालतसमक्ष झुठो कुरा व्यक्त गर्नु स्वीकार्य हुँदैन । यी पुनरावेदकले आफूले मिति २०७४/०६/४ मा दोहोऱ्याई मतगणना गरिपाउँ भनी लिखित निवेदन दिएको भनी अदालतमा प्रवेश गरे पनि त्यसको कुनै प्रमाण देखाउन नसकेको र विपक्षीहरूले सो सम्बन्धमा गरेको इन्कारीलाई खण्डन गर्न नसकेबाट यी पुनरावेदकको दाबी झुठो प्रमाणित भइरहेको छ । झुठको आडमा राजनीति गर्नेलाई न जनताले स्वीकार्छ न त अदालतले नै सहयोग गर्न सक्ने ।

यसरी जनताको पीडा र आवश्यक्ताबारे कुरा सुन्न र कानूनले तोकेको कार्यविधि अपनाई कारबाही गर्ने गराउनेतर्फ प्रतिबद्ध रहनुपर्ने जिम्मेवारी लिन तयार रहेको जनप्रतिनिधि बन्ने आकांक्षी यी उम्मेदवारले कानूनले तोकेको कार्यविधि बाध्यात्मक रूपमा अपनाएको प्रमाण पेस गरी दोहोऱ्याई मतगणनाको माग गर्नुपर्नेमा सो प्रारम्भिक कार्यविधि नै नअपनाइएको अवस्थामा तथ्यभित्र पसी अरू कुनै कुराको विवेचना गर्नुपर्ने आवश्यकता देखिँदैन । अब यी पुनरावेदक वादीका कानून व्यवसायीले आफ्नो पक्षको तर्फबाट पेस गरिएको निवेदन लुकाई मिसिलसाथ राखिएन भनी लिनु भएको दाबी सम्बन्धमा विचार गर्दा एकै पटक १०० मतपत्रमा विवाद उठान भएको नभई पटकपटक नै गरी त्यस्तो अवस्था सिर्जना भएको अवस्थामा एक दुईवटा मतपत्रमा विवाद उत्पन्न हुनासाथ तत्कालै त्यसबारे निर्वाचन अधिकृतसमक्ष निवेदन अपेक्षित हुन्छ । सम्बन्धित अधिकृतले त्यस्तो निवेदन नलिएमा वा लिए पनि त्यस्तो निस्सा नदिई लुकाएमा त्यसको सम्पूर्ण बेहोरा खुलाई स्थानीय तह निर्वाचन विवाद निरूपण निर्देशिका, २०७५ को दफा ५ को उपदफा (१) बमोजिम पनि उजुरी दिन सक्नेसमेत देखिन्छ । यी पुनरावेदकले त्यस्तो कुनै उजुरी दिएको पनि देखिँदैन । त्यसबाहेक यी पुनरावेदक वादीका प्रतिनिधि मतगणनामा स्थलमा बसी मत परिणाम घोषणा हुँदा मुचुल्कामा सही नगरी गएबाट स्थानीय

तह निर्वाचन नियमावली, २०७३ को नियम ३६(५) ले तोकेको मतगणना प्रतिनिधिले गर्नुपर्ने कर्तव्य पनि पूरा नगरेको अवस्थामा उच्च अदालत जनकपुरको फैसलालाई अन्यथा भन्न मिल्ने अवस्था नदेखिने।

तसर्थ, उल्लिखित आधार, कारणसमेतबाट उच्च अदालत जनकपुरबाट मिति २०७४।१२।५ मा भएको फैसला मनासिब देखिँदा सदर हुने।

इजलास अधिकृत: पाराश्वर कडेल

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७६ साल जेष्ठ १५ गते रोज ४ शुभम्।

इजलास नं.१३

१

मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री सपना प्रधान मल्ल, *०७२-CI-१२६६, दर्ता बदर दर्ता, किशोरीप्रसाद साहसमेत वि. द्रौपती देवी*

पुनरावेदक रामइश्वर साहका बाबु सुकेश्वर साह र वादी द्रौपतीदेवीका पति स्व. जितन साह एकाघर सगोलको दाजुभाइ भएकोमा कुनै विवाद रहेको देखिँदैन। वादीले उक्त विवादित जग्गा आफ्ना पति जितन साहको अंश भागमा परेकाले साबिक दर्ता बदर गरी आफ्ना नाममा दर्ता गरिपाउँ भन्ने नै मुख्य दाबी लिएको अवस्था छ। उक्त जग्गाको फिल्डबुकको जग्गाधनी महलमा सुकेश्वर साह कलवार, जोताहा महलमा जितन साह कलवार, किसान महलमा यो जग्गा मेरो दाजु सुकेश्वर साह कलवारको नम्बरी हो। मेरो अंश भागमा परी जोती खाएको छु भनी उल्लेख हुनुका साथै कैफियत महलमा यो जग्गा धनगढा बस्ने सुकेश्वर साह कलवारको नम्बरी हो, जितन साह कलवारको जोत हो भनी प्रमाणित गर्ने वा.स.मुनेश्वर राय यादव भनी उल्लेख भएको देखिन्छ। मिसिल संलग्न मालपोत कार्यालय, सर्लाहीबाट मिति २०७१।१।२१ मा सर्लाही जिल्ला अदालतलाई लेखेको पत्रका साथै पत्रसाथ संलग्न कागज प्रमाणबाट विवादित कि.नं.४२६ को जग्गा सर्भे नापीमा सुकेश्वर साह कलवारको नाममा २०२४ सालमा नै नापी दर्ता कायम भएको, उक्त जग्गा कित्ताकाट भई विभिन्न मितिमा विभिन्न बेहोराबाट कि.नं.७८३ किशोरीप्रसाद साहका नाममा, कि.नं.६७४ रामदेवप्रसाद साहका नाममा, कि.नं.९२६ नन्दलालप्रसाद साहको नाममा, कि.नं.९२७ सुरेन्द्रप्रसाद साहको नाममा, कि.नं.९२८ शिव शंकरप्रसाद साहको नाममा दर्ता कायम भएको देखिन्छ। विवादित जग्गाको दर्ता परिवर्तन भइसकेको अवस्थामा सुरू जिल्ला अदालतले वादी दाबी नपुग्ने गरी फैसला गर्दा हाल दर्ता कायम रहेका जग्गाधनीहरूलाई बुझेको मिसिल संलग्न कागजबाट देखिन आउँदैन। यसरी विवादित जग्गाको साबिक दर्तावाला परिवर्तन भई जग्गाको स्वामित्व सम्बन्धमा विवाद उत्पन्न भएको अवस्थामा निर्णय गर्ने अधिकारीले सो जग्गाको साबिक दर्तावालाका साथै हालको दर्तावाला व्यक्तिलाई समेत अनिवार्य रूपमा बुझी वा सत्य तथ्य भन्न पाउने अवसर प्रदान गरी निर्णय गर्दा न्यायोचित देखिने हो। हाल कायम रहेका जग्गाधनीलाई नबुझीकन केबल साबिकमा कायम रहेका जग्गाधनीलाई मात्र बुझी निर्णय गर्नु प्राकृतिक न्यायको सिद्धान्तको मर्मअनुकूल गरेको मान्न मिल्ने भएन। प्रस्तुत मुद्दामा सुरू अदालतबाट विवादित कि.नं.४२६ कित्ताकाट भई कायम भएका कित्ताका जग्गाधनीलाई नबुझी निर्णय भएको देखिँदा कित्ताकाट भई दर्ता कायम भएका व्यक्तिहरूलाई बुझी पुनः निर्णय गर्नका लागि सुरू अदालतमा पठाउने गरी भएको पुनरावेदन अदालत जनकपुरको फैसलालाई अन्यथा भन्न नमिल्ने देखिँदा प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः विवेचित आधार, कारणबाट विवादित कि.नं.४२६ को जग्गा कित्ताकाट भई विभिन्न व्यक्तिको नाममा दर्ता कायम रहेको देखिँदा हाल कायम रहेका जग्गाधनीलाई नबुझी भएको सुरू सर्लाही जिल्ला

अदालतको मिति २०७१।१।२९ को फैसला मिलेको नदेखिँदा सो फैसला बदर गरी कित्ताकाट भई दर्ता कायम भएका व्यक्तिहरूलाई बुझी पुनः निर्णय गर्नका लागि पक्षहरूलाई तारेख तोकी मिसिल सुरू अदालतमा पठाउने गरी पुनरावेदन अदालत जनकपुरबाट मिति २०७२।३।३० मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः मुना अधिकारी ढकाल

इति संवत् २०७६ साल कार्तिक ३ गते रोज १ शुभम्।

२

मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री पुरूषोत्तम भण्डारी, *०७२-CR-०६७१, जबरजस्ती करणी, नेपाल सरकार वि. पंकज जनालासमेत*

जबरजस्ती करणी मुद्दामा सामान्यतया प्रत्यक्षदर्शी साक्षीको उपस्थिति नहुने हुँदा पीडित नै घटनाको आधारभूत गवाह हो। जाहेरवालीले मौकामा दिएको जाहेरी बेहोरा मिसिल संलग्न अन्य स्वतन्त्र र विश्वसनीय प्रमाणबाट समर्थित भएको खण्डमा मात्र प्रमाणमा लिन मिल्ने हुन्छ। पीडितले अदालतसमक्ष प्रतिवादी खगेन्द्र सिंह कठायतले आफूलाई जबरजस्ती करणी गरेको भन्ने जाहेरी बेहोरालाई नै खण्डित हुने गरी जबरजस्ती करणी गरेकोमा अस्वीकार गरी बकपत्र गरेको देखिएको छ। प्रतिवादीले मौकामा बयान गर्दा पीडितलाई सहमतिमा करणी भएको बेहोरा उल्लेख गरे पनि अदालतको बयानमा जबरजस्ती करणी गरेकोमा इन्कार रही बयान गरेको देखिन्छ। पीडित स्वयंले आफूलाई प्रतिवादीमध्येका खगेन्द्र सिंह कठायतले जबरजस्ती करणी गरेको भनी अदालतसमक्ष नै बकपत्र गरिदिएको अवस्थामा प्रतिवादी खगेन्द्र सिंह कठायतलाई कसुरदार ठहऱ्याउन न्यायोचित देखिएन। तसर्थ माथि उल्लेख गरिएको तथ्य, प्रमाण र प्रतिपादित सिद्धान्तसमेतको आधारमा यी प्रतिवादी खगेन्द्र सिंह कठायतले धनगढी "पी" लाई जबरजस्ती करणी गरेको पुष्टि हुन नसकेबाट प्रतिवादीलाई आरोपित कसुरबाट सफाइ दिने गरी भएको पुनरावेदन अदालतको फैसलालाई अन्यथा भन्न नमिल्ने।

प्रतिवादी पदम नेपालीसमेतको सहयोग र सहकार्यमा पीडितलाई जबरजस्ती करणी भएको तथ्य पुष्टि भइरहेको अवस्थामा निज प्रतिवादीलाई अभियोग दाबीबाट सफाइ दिने गरी भएको फैसला मिलेको छैन भन्ने पुनरावेदन जिकिरका सन्दर्भमा हेर्दा, मलाई दिदीको घरमा पुऱ्याउन प्रतिवादी पंकज जनालाको मोटरसाइकलमा बसी यी प्रतिवादीसमेत सँगै गएकोमा जङ्गलमा पुगेपछि निजहरूले डरत्रास देखाई पंकज जनालाले जबरजस्ती करणी गरेको हुँदा आवश्यक कारबाही गरिपाउँ भनी पीडितको जाहेरी परेको देखियो। पीडितले दिएको जाहेरी बेहोरामा प्रतिवादी पंकज जनालाले निजलाई जबरजस्ती करणी गरेको भनी खुलाएको देखिन्छ। स्वयं पीडितले अदालतसमक्ष बकपत्र गर्दा प्रतिवादी पंकज जनालाको बाइकमा पदम नेपालीसमेत बसी दिदीको घरतर्फ गएका थियौं। निज प्रतिवादीहरूले चौमालामा बाइक रोकी होटलमा गएर रक्सी खान थाले। पदम नेपाली सोही होटलमा बस्यो र पंकज जनालाले मलाई मोटरसाइकलमा राखी दिदीको घरमा पुऱ्याउन गयो। चौमाला जङ्गलमा मलाई जबरजस्ती करणी गर्ने कार्यमा पंकज जनालाको मात्र संलग्नता रहेको भनी बकपत्र गरेको अवस्था छ। प्रतिवादी पदम नेपालीले मौकामा अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा पीडितलाई दिदीको घर पुऱ्याउन पंकज जनालाको बाइकमा तीनजना सँगै गएकोमा म चौमाला बजारमा बसेको र पंकज जनालाले जाहेरवालीलाई मोटरसाइकलमा बसाली निजको दिदीको घरतर्फ पुऱ्याउन गएका हुन्। निज जाहेरवालीलाई मैले जबरजस्ती करणी गरेको होइन भनी कसुरमा इन्कार रहेको र अदालतमा समेत पीडितलाई दिदीको घर पुऱ्याउन पंकज जनालासँग सँगै गए तापनि जबरजस्ती करणी गर्ने कार्यमा आफ्नो कुनै संलग्नता नभएको भनी कसुरमा इन्कार रहेको र

निजको सो इन्कारी बयान निजका साक्षी मथुरादेवी तिखातरीले गरेको बकपत्रबाट समर्थित भएको देखियो। त्यस्तै वस्तुस्थिति मुचुल्कामा कागज गर्ने बसन्तबहादुर परियारसमेतका व्यक्तिहरूले पीडित पंकज जनाला र पदम नेपालीसँग मोटरसाइकलमा बसी आफ्नो घरतर्फ आएकीमा चौमाला बजारमा मोटरसाइकल रोकी तीनैजनाले नास्ता खाई पदम नेपाली सोही होटलमा बसी पंकज जनालाले पीडितलाई दिदीको घर पुऱ्याई दिन्छु भनी मोटरसाइकलमा लगी चौमालास्थित वासुदेव शिव सोरानी सामुदायिक वन जंगलमा लगी जबरजस्ती करणी गरेको हो भन्ने सुनी थाहा पाएका हौं भनी कागज गरेको र सोही तथ्यलाई अदालतमा समेत व्यक्त गरी बकपत्र गरिदिएसमेतका प्रमाणहरूबाट पीडितलाई जबरजस्ती करणी गर्ने कार्यमा यी प्रतिवादीको संलग्नता रहेको नदेखिएको अवस्थामा निज प्रतिवादीलाई समेत अभियोग दाबीअनुसार नै सजाय हुनुपर्दछ भन्ने वादी पक्षको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

प्रतिवादी पंकज जनालाले पीडित वर्ष १५ की नाबालिकालाई जबरजस्ती करणी गरेको तथ्य मिसिल संलग्न प्रमाणहरूबाट पुष्टि भइरहेको अवस्थामा निजलाई ५ वर्ष मात्र कैद सजाय गर्ने गरी पुनरावेदन अदालतबाट भएको फैसला मिलेको छैन भन्ने जिकिरका सम्बन्धमा पीडित जाहेरवालीले यी प्रतिवादीको मोटरसाइकलमा प्रतिवादी पदम नेपाली र आफूसहित तीनैजना बसी दिदीको घर गएकोमा चौमालानजिक जङ्गलमा पुगेपछि प्रतिवादीहरूले डर, त्रास देखाई प्रतिवादीमध्येका पंकज जनालाले आफूलाई जबरजस्ती करणी गरेकाले निजलाई पक्राउ गरी आवश्यक कारबाही गरिपाउँ भनी किटानी जाहेरी दिएकी र मौकामा प्रतिवादीहरू पदम नेपाली र पंकज जनालाको बाइकमा बसेर दिदीको घरतर्फ गएकोमा प्रतिवादीहरूले चौमालामा बाइक रोकी होटलमा गएर रक्सी खान थाले। पदम नेपाली सोही होटलमा बस्यो र पंकज जनाला मलाई मोटरसाइकलमा राखी दिदीको घरमा पुऱ्याउन गयो। निजले मैले भनेको बाटोमा नलगी अपरिचित जङ्गलको बाटो लगी तँ अब मेरो कान्छी बुढी बन्, तँ अब खगेन्द्रसँग जान सक्दैनस्, मसँग यौनसम्पर्क गर्न देउ, नत्र यो जंगलमा मारी दिन्छु भन्ने डर, धाक धम्की देखाई ३ पटक जबरजस्ती करणी गरेको हो भनी कागज गरेकी र अदालतसमक्ष सोही बेहोराको बकपत्र गरेबाट जाहेरी बेहोरा थप पुष्टि भएको देखिन्छ। निज प्रतिवादीले मौकामा आफूले चलाएको मोटरसाइकलमा पीडित र पदम नेपालीसमेत बसी निज जाहेरवालीको घरतर्फ जाने क्रममा जाहेरवालीले म घरमा जान्न, दिदीको घरमा पुऱ्याइदेउ भनेपछि पदम नेपालीलाई चौमाला बजारमा नै बस्न लगाई दिदीको घरमा पुऱ्याउन जाँदा बाटोमा पर्ने जङ्गलमा दुवैजनाको सहमतिले यौनसम्पर्क गरेको हो भनी पीडित र आफूबिचमा शारीरिक सम्पर्क भएको तथ्यलाई स्वीकार गरी बयान गरेको देखिन्छ । प्रतिवादीले पीडितसँग सहमतिमा शारीरिक सम्पर्क भएको भनी मौकामा व्यक्त गरे पनि पीडितले सो तथ्यलाई इन्कार गरेको देखिन्छ। प्रतिवादी निर्दोष भए सो निर्दोषिता पुष्टि गर्ने वस्तुनिष्ठ प्रमाणहरू पेस गर्नुपर्ने दायित्व निज प्रतिवादीमा नै रहन्छ। तर प्रस्तुत मुद्दामा निज प्रतिवादीले आफू निर्दोष रहेको भनी प्रमाणित गर्न सकेको देखिएन । अधिकारप्राप्त अधिकारीसमक्ष भएको निजको बयान कागजको बेहोरा खण्डित हुने कुनै आधार प्रमाण पेस गर्न नसकेको अवस्थामा निज प्रतिवादीको मौकाको साबिती बयानलाई अन्यथा मान्नुपर्ने हो कि भन्ने अवस्थाको विद्यमानता देखिएन। पीडित धनगढी "पी" को योनि वरिपरि सुन्निएको तथा रातो डाम देखिएको, योनि च्यातिएको भनी स्वास्थ्य परीक्षण प्रतिवेदनमा उल्लेख भएको देखिन्छ। पीडितले जाहेरीमा आफ्नो उमेर १५ वर्ष भनी उल्लेख गरेकीमा निजको स्वास्थ्य परीक्षण रिपोर्टबाट औसत उमेर १५-१६ वर्ष भनी खुलाएको अवस्था छ । यसका साथै मिसिल संलग्न पीडितको जन्मदर्ताको प्रमाणपत्रमा निजको जन्ममिति २०५१।५।४ मा भएको भन्ने

उल्लेख भएको देखिन्छ । वादी नेपाल सरकारले वर्ष १५ की पीडितलाई यी प्रतिवादीसमेतले जबरजस्ती करणी गरेको भन्ने पुनरावेदन जिकिर लिए तापनि पीडितको जन्मदर्ताको प्रमाणपत्रबाट वारदात हुँदाको मितिमा निज पीडित १६ वर्ष पूरा भइसकेको देखिन आएबाट पीडितको उमेर सम्बन्धमा वादी नेपाल सरकारले लिएको पुनरावेदन जिकिर तथ्ययुक्त देखिन आएन। अब यी प्रतिवादीले गरेको कसुरका सम्बन्धमा कानूनमा भएको व्यवस्था अध्ययन गर्दा मुलुकी ऐन, जबरजस्ती करणी महलको दफा ३(४) मा "सोह्र वर्ष वा सोभन्दा बढी बिस वर्षभन्दा कम उमेरकी महिला भए पाँच वर्षदेखि आठ वर्षसम्म" कैद सजाय गर्नुपर्दछ भनी उल्लेख भएको अवस्था हुँदा पीडितको उमेरअनुसार प्रतिवादीलाई भएको कैद सजाय मनासिब नै देखियो। पीडितलाई प्रतिवादीबाट मनासिब माफिकको क्षतिपूर्ति भराउनुपर्नेमा रू.५०,०००।- मात्र भराउने गरी भएको फैसला मिलेको छैन भन्ने जिकिरका सम्बन्धमा वादी पक्षबाट प्रतिवादीहरू खगेन्द्रसिंह कठायत र पंकज जनालाबाट पीडितलाई मनासिब माफिकको क्षतिपूर्ति भराइपाउँ भन्ने दाबी भए तापनि प्रतिवादी खगेन्द्रसिंह कठायतको पीडितलाई जबरजस्ती करणी गर्ने कार्यमा संलग्नता नै नदेखिई आरोपित कसुरबाट सफाइ पाएको अवस्थामा कसुरदार ठहर भएका प्रतिवादीबाट पीडितलाई रू.५०,०००।– क्षतिपूर्ति भराइदिने गरी पुनरावेदन अदालत दिपायलबाट भएको फैसलालाई अन्यथा भन्न नमिल्ने।

तसर्थ, माथि विवेचित आधार, कारण एवं प्रमाणबाट प्रतिवादी पंकज जनालाले पीडित धनगढी "पी" लाई जबरजस्ती करणी गरेको तथ्य पुष्टि हुन आएकाले निज प्रतिवादीलाई मुलुकी ऐन, जबरजस्ती करणी महलको ३(४) नं. बमोजिम ५(पाँच) वर्ष कैद र पीडितलाई निज प्रतिवादीबाट रू.५०,०००।- (पचास हजार) क्षतिपूर्तिसमेत भराइदिनु पर्ने ठहऱ्याई पुनरावेदन अदालत दिपायलबाट मिति २०७२।०२।२६ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः मुना अधिकारी ढकाल

इति संवत् २०७६ साल कार्तिक ८ गते रोज ६ शुभम्।

इजलास नं.१४

१

मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री डम्बरबहादुर शाही, ०७३-CR-०६७२, *बहुविवाह, नेपाल सरकार वि. कुसुम तामाङ*

जाहेरवालीले भवानी बडालले प्रतिवादी कुसुम तामाङउपर किटानी जाहेरी दिए तापनि यी प्रतिवादी कुसुम तामाङ बडालले अधिकारप्राप्त अधिकारी र अदालतसमक्ष बयान गर्दा जाहेरवाली अमितराज बडालको जेठी श्रीमती रहेको कुरा आफूलाई थाहा नभएको भनी बयान गरेको देखिन्छ । प्रतिवादी अमितराज बडालले अधिकारप्राप्त अधिकारी र अदालतसमक्ष बयान गर्दा मेरो विवाह भएको कुरा यी प्रतिवादी कुसुम तामाङ बडाललाई जानकारी थिएन भनी बयान गरेको, प्रतिवादी कुसुम तामाङ बडालको माइतीको वतनमा जिल्ला संखुवासभा, चैनपुर रहेको देखिन्छ र प्रतिवादी अमितराज वडालको वतन जिल्ला काभ्रेपलाञ्चोक, कानपुर गाउँ विकास समिति वडा नं. ८ रहेको मिसिल संलग्न रहेको निजहरूको बयान बेहोराबाट उल्लेख भएको पाइन्छ । प्रतिवादीहरूको वतन फरकफरक रहेको देखिन्छ भने सो कुरा अन्यथा रहेको भनी वादी पक्षले पुष्टिसमेत गर्न सकेको नदेखिने।

बाझिएका मानिस सूर्य कुमार लामाले बकपत्र गर्दा जाहेरवालीको अमितराजसँग विवाह भएको कुरा यी प्रतिवादीलाई थाहा थियो थिएन हामीलाई थाहा भएन भनी बकपत्र गरेको देखिन्छ । इश्वरी लामाले बकपत्र गर्दा यी प्रतिवादीलाई पहिलो श्रीमती रहेको थाहा थियो भनी भन्न सकेको देखिँदैन । यी

प्रतिवादीका साक्षी कमला श्रेष्ठले बकपत्र गर्दा हामीले तिम्रो सौता छ भनेपछि मात्र अमितराजको पहिलो विवाहबारे थाहा भएको हो भनी प्रतिवादीको इन्कारी बयानलाई समर्थन हुने गरी बकपत्र गरेको देखिन्छ । मुलुकी ऐन, विवाहवारीको १० नं. मा स्वास्नी मानिसले जानी जानी विवाह गरेमा वा स्वास्नी भई बसेमा सजाय हुने कानूनी प्रावधान रहेको अवस्थामा प्रतिवादीले जाहेरवाली भवानी बडाल पहिलो श्रीमती रहेको कुरा जानी जानी विवाह गरेको भन्ने कुरामा मिसिल संलग्न प्रमाणबाट पुष्टि हुन सकेको देखिँदैन । यसरी ठोस सबुद प्रमाणको अभावमा यी प्रतिवादीलाई आरोपित कसुरबाट कसुरदार कायम गर्न मिल्नेसमेत नदेखिने।

तसर्थ, माथि विवेचित आधार, कारणबाट प्रतिवादी कुसुम तामाङ बडालले प्रतिवादी अमृत भन्ने अमितराज बडालको घरमा जेठी श्रीमती जाहेरवाली छन् भन्ने जानीजानी विवाह गरेको भन्ने ठोस सबुद प्रमाणको अभावमा यी प्रतिवादी कुसुम तामाङ बडाललाई कसुर ठहर गरी १ वर्ष कैद र रू.२५,०००।– जरिवाना हुने गरी सुरू काभ्रेपलाञ्चोक जिल्ला अदालतबाट मिति २०७२।३।८ मा भएको फैसला उल्टी भई प्रतिवादी कुसुम तामाङ बडालको हकमा अभियोग दाबीबाट सफाइ पाउने ठहर्छ भनी पुनरावेदन अदालत पाटनबाट मिति २०७२।१२।०४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः नारायण सापकोटा

कम्प्युटर : सरस्वती दाहाल

इति संवत् साल २०७६ पौष २ गते रोज ४ शुभम्।

२

मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री टंकबहादुर मोक्तान, ०७१-CR-०९९८, *डाँका चोरी, नेपाल सरकार वि. सुरेश पासवानसमेत*

निज प्रतिवादीहरूका नाममा किटानी जाहेरी रहेको प्रतिवादी सुरेश पासवान, रामकिशोर पासवान, सुब्बा पासवान र सन्जीव पासवान मौकामा अधिकारप्राप्त अधिकारीसमक्ष कसुरमा साबित भई बयान गरेको पाइन्छ । जाहेरवाला उत्तमकुमार श्रेष्ठ सुरू अदालतमा आई बकपत्र गर्दा यी प्रतिवादीहरूले सुनका गरगहना र नगदसमेत गरी रू.३,४७,६००।- बराबरको धनमाल मेरो घरबाट डाँका चोरी गरेका हुन् भनी किटानीसाथ बकपत्र गरिदिएका छन् । त्यसैगरी प्रहरीमा कागज गर्ने अमृतकुमार श्रेष्ठ, नैनाकुमारी श्रेष्ठ, सुन्तली श्रेष्ठले पनि यी प्रतिवादीहरूले जाहेरवालाको घरबाट सुनका गरगहना र नगदी गरी रू.३,४७,६००।- बराबरको धनमाल डाँका चोरी गरेका हुन् भनी गरिदिएको बकपत्रबाट पनि जाहेरी बेहोरा समर्थन भएको पाइन्छ । प्रतिवादीहरू अदालतमा आरोपित कसुरमा इन्कार रहे तापनि माथि उल्लिखित आधारमा प्रतिवादीहरू सुरेश पासवान, रामकिशोर पासवान, सुब्बा पासवान र सन्जीव पासवानलाई चोरीको १ नं. र ६ नं. को कसुरमा ऐ.१४(४) नं. अनुसार ६ वर्ष कैद र बिगो रू.३,४७,६००।- को डेढी जरिवाना गरी चोरीको २१ नं. बमोजिम बरामद नगद रू.२४,२८९।- जाहेरवालालाई फिर्ता दिलाई नपुग रू.३,२३,३११।- ऐ.को १०(३) नं. अनुसार प्रतिवादीहरूबाट जाहेरवालालाई भराइदिने ठहऱ्याएको सुरू फैसला सदर गरेको पुनरावेदन अदालत बुटवलको फैसला अन्यथा भन्न मिल्ने नदेखिने।

अब प्रतिवादीहरू सुरेश पासवान, रामकिशोर पासवान, सन्जीव पासवानउपर दोस्रो पटक कायम हुने गरी र प्रतिवादी सुब्बा पासवानको हकमा तेस्रो पटक कायम गरी सजाय गरिपाउँ भन्ने अभियोग मागदाबी भएकोमा पटक कायम नगरेको हदसम्म वादी नेपाल सरकारको पुनरावेदन जिकिरतर्फ हेर्दा, मिति २०६७।४।२९ गते राति अन्दाजी १२:३० बजेदेखि १ बजेको समयमा प्रस्तुत मुद्दाका जाहेरवाला उत्तमकुमार श्रेष्ठ र अर्का जाहेरवाला फत्तेसिंह रानाको घरमा डाँका वारदात भएको भनी अलगअलग जाहेरी परे तापनि सो डाँका वारदात एकै ठाउँका बासिन्दाहरूको

घरमा उनै प्रतिवादीहरूले एउटै समयको अन्तरालमा गरेको र सो अपराध गर्नको लागि अलगअलग समयमा अलगअलग योजना बनाएको भन्ने कुरा मिसिल संलग्न कागजातहरूबाट देखिँदैन । यी प्रतिवादीहरू एकैसाथ पक्राउ परी अभियोगपत्रसमेत एकैसाथ पेस भएको पाइन्छ । अतः यी प्रतिवादीहरूले फत्तेसिंह रानाको घरमा डाँका वारदात गरी अन्यत्र आई बसी पुनः योजना बनाई फेरी उत्तमकुमार श्रेष्ठको घरमा गई डाँका चोरी गरेको नभई एकै ठाउँका बासिन्दाहरूको एकै पटक एकै समयमा एउटै समूहबाट वारदात घटेको पाइन्छ । यस सम्बन्धमा खगेन्द्र चौहानसमेतको जाहेरीले वादी नेपाल सरकार र प्रत्यर्थी प्रतिवादी पुष्पराज राईसमेत भएको डाँका मुद्दामा **"कुनै अपराधको वारदातको पटक कायम गर्नुपर्दा उक्त वारदातको कार्यरूप प्राप्त गरेको अवस्थालाई मात्र विचार गरेर हुँदैन । सो वारदातको कार्यरूप लिनुभन्दा अगाडि बनाएको योजना र अपराधसँग सम्बन्धित अन्य तथ्यहरूसमेतलाई विचार गर्नुपर्दछ । चोरीको अपराधको पटक गणना गर्दा एकै चोटी योजना बनाई एउटै मितिमा एकै समयको अन्तरालमा एउटै अपराधीहरूको समूहबाट भएको वारदातलाई पटकपटक अपराध गरेको भन्न सो कानूनको मनसाय हुन नसक्ने**" भनी नेपाल कानून पत्रिका २०६७, जेठ महिना, अङ्क २, नि.नं. ८३१४ मा मुलुकी ऐन चोरीको ११ नं. को कानूनी व्यवस्थाका सम्बन्धमा व्याख्या भई प्रतिपादित सिद्धान्तसमेतका आधारमा प्रस्तुत मुद्दामा पटके दाबी लिएको हदसम्मको वादी दाबी नपुग्ने ठहऱ्याएको सुरू इन्साफ सदर गर्ने गरेको साबिक पुनरावेदन अदालत बुटवलको फैसला न्यायको रोहमा मिलेकै देखिँदा पटक कायम गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

अब अर्का सहप्रतिवादी घनश्याम पौडेललाई सफाइ दिएको फैसला मिलेन बदर हुनुपर्दछ भन्ने पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिरतर्फ विचार गर्दा, यी प्रतिवादी घनश्याम पौडेलउपर किटानी जाहेरी नपरेको, निजले मौकामा बयान गर्दा डाँका गर्न अन्य सहप्रतिवादीहरूलाई बोलाएको होइन भनी बयान गरेका र आफ्नो इन्कारी बयानलाई साक्षी प्रमाणबाट समर्थन गराएको देखिन्छ । जाहेरवाला उत्तमकुमार श्रेष्ठले सुरू अदालतमा बकपत्र गर्दा प्रतिवादीहरू राति आएका हुनाले चिन्ने कुरा भएन मिडियामा आएपछि निजहरूको नाम थर ठेगाना थाहा भएको हो भन्ने बेहोरा उल्लेख गरेको देखिन्छ । निज प्रतिवादी घनश्याम पौडेलको पनि सो घटना वारदातमा उपस्थिति रहेको र सो घटना वारदात निजले कुनै भूमिका निर्वाह गरेको भन्ने किटानीसाथ खुलाई बकपत्र गरेको देखिँदैन । मौकामा बरामद भएका दसीका सामानहरू निज प्रतिवादीले आफैँले लुकाई राखेको, आफैँले प्रयोग गरेको घरकोठाबाट बरामद भएको नभई निजले सञ्चालन गरेको गेष्ट हाउसको कोठामा सहप्रतिवादीहरू सुरेश पासवानसमेत बसेको तथ्य स्थापित रहेको र हतियारसमेतका दसीका सामान ती व्यक्तिहरू बसेको कोठाबाट बरामद भएको देखिएको छ । सहप्रतिवादीहरूले अनुसन्धानको क्रममा पोल गरेकोमा अदालतमा पोल गरेको अवस्था नरहेको र मौकाको पोल स्वतन्त्र प्रमाणबाट पुष्टि हुन सकेको देखिँदैन । यी प्रतिवादीले सञ्चालन गरेको गेष्ट हाउसमा बसेका अन्य प्रतिवादीहरूले गरेको डाँका चोरीको कसुरमा यी प्रतिवादीको समेत संलग्नता रहेको पुष्टि हुने ठोस प्रमाणको अभावमा केवल अनुमान र आशङ्काको आधारमा मात्र डाँका चोरी जस्तो गम्भीर मुद्दामा यी प्रतिवादीलाई कसुरदार ठहर गर्नु फौजदारी न्यायको सिद्धान्तविपरीत हुन्छ । अतः यी प्रतिवादी घनश्याम पौडेलउपरको अभियोग शंकारहित ठोस प्रमाणबाट अभियोजन पक्षले पुष्टि गर्न सकेको नपाइएकोले निज प्रतिवादी घनश्याम पौडेललाई अभियोग दाबीबाट सफाइ दिने ठहऱ्याएको सुरू रूपन्देही जिल्ला अदालतको फैसलालाई सदर गर्ने गरेको साबिक पुनरावेदन अदालत बुटवलको मिति २०६९।१२।५ को फैसला मिलेकै देखिँदा निज

प्रतिवादी घनश्याम पौडेललाई सफाइ दिएको फैसला मिलेन बदर हुनुपर्दछ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ, विवेचित आधार र कारणहरूबाट प्रतिवादी सुरेश पासवान, रामकिशोर पासवान, सुब्बा पासवान र सन्जीव पासवानको हकमा पटक कायम गरी सजाय ठहर गर्न नमिल्ने र प्रतिवादी घनश्याम पौडेलको हकमा अभियोग मागदाबीबाट सफाइ दिने ठहरी सुरू रूपन्देही जिल्ला अदालतबाट मिति २०६८।३।२७ मा भएको फैसलालाई सदर गरेको साबिक पुनरावेदन अदालत बुटवलको मिति २०६९।१२।५ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : सूर्यप्रसाद भण्डारी

कम्प्युटर : चन्द्रावती तिमल्सिना

इति संवत् २०७६ साल असार १६ गते रोज २ शुभम्।

इजलास नं.१५

१

मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री बमकुमार श्रेष्ठ, *०७१-RB-०००३, बैंकिङ कसुर, प्रदीपकुमार मेहता वि. नेपाल सरकार*

प्रतिवादी प्रदिपकुमार मेहताले आफ्नो शरीर खानतलासी लिँदा सवारी अनुमति पत्र बरामद भएको छैन भनी पुनरावेदन जिकिर लिएको देखिए तापनि यी प्रतिवादी प्रदिपकुमार मेहताको मौकामा शरीर खानतलासी गर्दा संगमलाल यादवको नामको ०३-२१६३४ नं. को सवारी चालक अनुमति पत्र बरामद भएको भन्ने देखिन्छ । सो सवारी चालक अनुमति पत्रमा रहेको फोटो यिनै प्रतिवादीको देखिन्छ। बरामदी मुचुल्कामा रोहवरमा बसी सनाखत गरेकाले उक्त सवारी चालक अनुमति पत्रमा रहेको फोटोको आकृति र यी प्रतिवादीको अनुहारको आकृति समान रही संगमलाल यादवको नाउँमा प्रयोग भएको सवारी चालक अनुमति पत्र यिनै प्रतिवादीले प्रयोग गरेको तथ्यमा कुनै विवाद रहेन । सोही सवारी अनुमति प्रयोग गरी संगमलाल यादवको नाउँमा नबिल बैंक दमक शाखामा खाता खोली रू.२०,००,०००।- निकालेका, संगमलाल यादवको नाम उल्लेख गरी मेरो फोटो टाँसी अजय भन्ने बौवालाल महतोले सवारी चालक अनुमति पत्र बनाएको र सोही अनुमति पत्र प्रयोग गरी दमक शाखामा खाता खोलेको बेहोरा स्वीकार गरी अनुसन्धान अधिकारीसमक्ष बयान गरेको पाइन्छ । निजको अनुसन्धान अधिकारीसमक्ष भएको बयानलाई स्वीकार गर्दै प्रदिपकुमार मेहताको फोटो टाँसी संगमलाल यादवको नाउँमा सवारी चालक अनुमति प्रमाण पत्र अजय भन्ने बौवालाल महतोले बनाई प्रदिपकुमार मेहतालाई दिएको हो भनी प्रतिवादी विजयकुमार महतोले उल्लेख गरेको पाइन्छ। विजयकुमार महतोको बयानमा यी बैंकमा काम गर्ने भएकाले चेकबाट दस्तखत नमूना निकाल्ने तरिका प्रदिपकुमारलाई सिकाएको र सोहीबमोजिम प्रदिपकुमारले रकम निकाली यी प्रतिवादीलाई रू.२५,०००/- दिएको देखिन्छ । प्रदिपकुमार महतोको अदालतमा भएको बयानमा आफ्नो फोटो टाँसेको सवारी चालक अनुमति पत्रमा संगमलाल यादव उल्लेख भएको स्वीकार गर्दै नबिल बैंकबाट रू.२०,००,०००/- निकाली शंकर देवलाई दिई आफूले रू.१,००,०००/- लिएको स्वीकार गरेका छन्। अनुसन्धान अधिकारीसमक्ष भएको केही बयान बेहोरा अस्वीकार गरे तापनि सो अस्वीकार बयानलाई पुष्टि हुने कुनै पनि प्रमाण पेस भएको पाइँदैन । अनुसन्धानका सिलसिलामा बुझिएका मानिसहरू विनोद श्रेष्ठ, गौतम श्रेष्ठसमेतका व्यक्तिहरू अदालतमा उपस्थित भई बकपत्र गर्दा जाहेरी बेहोरालाई समर्थन हुने गरी बकपत्र गरी वारदातलाई पुष्टि गरेको पाइन्छ । सहप्रतिवादी विजय महतोले अनुसन्धानको क्रममा र अदालतमा बयान गर्दा प्रतिवादीहरूको आरोपित कसुरमा संलग्नता देखाई बयान गरेको र निजको बयान अन्य सहप्रतिवादीहरूको बयानले एक आपसमा तादम्यता देखाई सो बयानलाई

अनुसन्धानका सिलसिलामा बुझिएका व्यक्तिहरू विनोद श्रेष्ठसमेतको बकपत्रबाट पुष्टि भइरहेको पाइने।

प्रतिवादी प्रदिपकुमार मेहताको कसुरको सम्बन्ध सहप्रतिवादी विजय महतोसँग पनि रहेको देखिन्छ । निजले तिरूपति टेलिकम सोलुसन प्रा. लि.मा कार्यरत मुकेशकुमार मेहतालाई नक्कली खाता खोल्न र भिन्दा भिन्दै शाखामा रकम जम्मा गर्न सिकाएको पाइन्छ, सोहीबमोजिम मुकेशकुमारले आफूले चोरी गरेको चेकहरू प्रदिपलाई दिएको देखिन्छ। सो कुराको यी प्रतिवादीको बयानबाट पुष्टि भएको छ। मिसिल संलग्न प्रमाणबाट पनि यी प्रतिवादीले बयानमा उल्लेख गरेबमोजिमको कार्यहरू भएको पाइन्छ। मिसिल संलग्न टेलिफोन कल डिटेलबाट पनि प्रतिवादी विजयको प्रदिपकुमार महतोसँग फोन सम्पर्क भएको देखिएको अवस्थामा आरोपीत कसुर गर्नमा यी प्रतिवादी प्रदिपकुमार महतोको प्रमुख भूमिका देखिन आयो। यी प्रतिवादीले आफ्नो फोटो टाँसी संगमलाल यादवको नाउँमा खाता खोली मुकेशकुमारसँगबाट प्राप्त चेकबाट एन.आई.सी. बैंक दमक शाखामा रहेको खातामा रकम जम्मा गरी पुन: झिकी खाई मासेको कसुर बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ३ र ५ बमोजिम सजाय ठहर गरेको पुनरावेदन अदालत पाटनको फैसला मनासिब नै देखिने।

तसर्थ, उल्लिखित तथ्य र विवेचित आधार, कारणबाट प्रदिपकुमार महतोले आफ्नो फोटो राखी संगमलाल यादवको नाउँमा सवारी अनुमति पत्र बनाई एन.आई.सी. शाखा, दमकमा खाता खोली सो शाखामा रहेको आफ्नो खातामा पैसासमेत जम्मा गरेको कसुर बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ३ को (क)(ख) र ऐ. को ५(क)(ख) बमोजिमको कसुर गरेको ठहराई ऐ. को दफा १५(२)(ख) बमोजिम यी प्रतिवादी प्रदिपकुमार मेहतालाई कैद वर्ष १ र बिगो रू.२१,३०,०००/- जरिवाना र निजबाट बिगो रू.२१,३०,०००/- को दामासाहीले जाहेरवालालाई भराइदिने ठहराई भएको पुनरावेदन अदालत पाटनको मिति २०७०।६।६ को फैसला मनासिब देखिँदा सदर हुने।

इजलास अधिकृतः दुर्गाप्रसाद भट्टराई
कम्प्युटर: राधिका घोरासाइने
इति संवत् २०७५ साल मङ्सिर २३ गते रोज १ शुभम्।

२

मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री डम्बरबहादुर शाही, *०७२-CI-०९५०, उत्प्रेषण, सुरेन्द्रकुमार शर्मासमेत वि. दामोदर आचार्यसमेत*

पानी निकास तथा बाटो खुलाई पाउँ भन्ने सम्बन्धित विवादको विषयमा उजुर सुन्ने निकाय भनेको न.पा. नभई जिल्ला अदालत भएकाले क्षेत्राधिकारविहीन निर्णय बदर गरिपाउँ भन्ने मुख्य पुनरावेदन जिकिर रहेको छ। यी पुनरावेदकले मिति २०६०।३।३१ मा बाटोको रूपमा प्रयोग गर्न हक छाडी दिएको जग्गाको मन्जुरीनामालाई प्रश्न उठाएको पाइन्छ। सो मन्जुरीनामाको कागज आफैँले गरी सो कागज मुलुकी ऐन, रजिस्ट्रेसनको १ नं. र अ.बं.७८ नं. को प्रक्रिया पूरा भएको छैन भनी दाबी लिए तापनि सो कागज बदर गराउनेतर्फ कुनै पहल कदमी भएको पाइँदैन । उक्त कागज आफ्नो मन्जुरीले नै गरेको पाइन्छ । उक्त मितिको मन्जुरीनामाबमोजिम जग्गा खरिद गर्ने व्यक्तिहरूलाई निर्विवाद रूपमा भोग चलन गर्न पाउने गरी प्रत्येक कित्ताबाट १३० मि. चौडा र ६५ मि. लम्बाइ भएको जग्गा बाटो प्रयोजनको हक छाडी दिएको सहमति दिई मन्जुरीनामा गरेको मिसिल संलग्न मन्जुरीनामाको प्रतिलिपिबाट देखिन्छ । सो मन्जुरीनामा कसैको कर दबाबमा गरेको नभई स्वेच्छाले नै गरेकोमा सो मन्जुरीनामा बदर गर्नेतर्फ कुनै कदम नचालेबाट पुष्टि हुन्छ। मालपोत कार्यालय बाँकेको मिति २०६१।४।५ को र.नं. ६३, ६४ र ६५ बाट पारित राजीनामाको कैफियत महलमा बाटो निकास प्रयोग गर्न पाउने गरी हक छाडिदिएको भन्ने बेहोरा उल्लेख भएबाट मिति २०६०।३।३१ को मन्जुरीनामा कागजलाई पुष्टि गरेको पाइन्छ। उक्त रजिस्ट्रेसनको

बेहोरालाई यी पुनरावेदकले होइन छैन भनी खण्डन गर्न सकेको पनि नपाइने ।

पुनरावेदकले पानी निकास तथा बाटोसम्बन्धी विवादको विषयमा उजुर सुन्ने निकाय नगरपालिका नभई जिल्ला अदालत हो भनी जिकिर पनि लिएको पाइन्छ । सो सम्बन्धमा हेर्दा, स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १६५(१)(क) मा *अर्कालाई दुःख दिने नियतले बाधा अवरोध पुऱ्याउने गरी ढल निकास, चर्पी सेफ्टीट्याङ्की बनाउने, राख्ने जस्ता कार्य गरेमा नगरपालिकाले त्यस्तो कार्य रोक्न, भत्काउन वा हटाउन आदेश दिन सक्ने* छ भन्ने व्यवस्था रहेको पाइन्छ । उक्त व्यवस्थाका आधारमा दामोदर आचार्यले बाटो खुलाई पाउँ भन्ने उजुरीका उपर नेपालगन्ज उपमहानगरपालिकाले बाटो खुलाई दिने निर्णय गरेको देखिन्छ । त्यसैगरी स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १६५(७) मा *यस दफाबमोजिम नगरपालिकाले गरेको सजायमा चित्त नबुझ्ने पक्षले त्यस्तो निर्णय थाहा पाएको मितिले पैंतीस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ* भन्ने व्यवस्था गरेको पाइन्छ । दण्ड सजायका सम्बन्धमा तजबिजी र स्वविवेकीय अधिकार ऐनले निर्णय कर्तामा नै दिएको पाइन्छ। दण्ड सजाय नतोक्दैमा विपक्षीलाई सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन गर्न जान नमिल्ने भन्न मिल्ने अवस्था रहँदैन । पुनरावेदकले बाटो निकासको लागि दिएको पूर्ण सहमतिबमोजिम बाटो अवरोध गरेका कारण सो अवरोध खुलाई चलन चल्तीको बाटोलाई पूर्ववतः अवस्थामा पुऱ्याई कायम गरिपाउँ भन्ने दिएको निवेदनको आधारमा दैनिक रूपमा आवत जावत गर्दै आइरहेको बाटो खुलाउने निर्णय भएको देखिन्छ । नगरपालिकाले पुनरावेदकहरूको हक स्वामित्वमा रहेको जग्गामा नयाँ बाटो खुलाएको नभई स्थानीय स्वायत्त शासन ऐन, २०५५ बमोजिम आफूमा रहेको अधिकार प्रयोग गरी चलन चल्तीमा रहेको साबिक बाटो अवरूद्ध भएकोमा सोको प्रचलनसम्म गराएको देखिन आउँछ । नयाँ बाटो कायम गरेको हो भन्ने पुनरावेदकको जिकिर पनि नपाइने ।

नेपालगन्ज उपमहानगरपालिकाको मिति २०७१।१२।२३ को निर्णयमा स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १६५ बमोजिमको क्षेत्राधिकार ग्रहण गरी निर्णय गरेको देखिन आउँछ । उक्त दफाको उपदफा (१)(७) मा थाहा पाएको मितिले ३५ दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ भन्ने स्पष्ट कानूनी व्यवस्था भइरहेको देखियो । उक्त कानूनी व्यवस्थाबमोजिम चित्त नबुझ्ने पक्षले कानूनमा व्यवस्था भएबमोजिमको वैकल्पिक उपचारको मार्ग खोजी आफ्नो कानूनी उपचार खोज्नु पर्नेमा असाधारण क्षेत्रभित्र प्रवेश गरी उपचारको माग गरेको देखिन आयो । उल्लिखित विवेचनाबाट नेपालगन्ज उपमहानगरपालिको मिति २०७१।१२।२३ को निर्णय कानूनसम्मत ठहर गरेको पुनरावेदन अदालतको आदेश न्यायको रोहमा मनासिब नै देखने ।

तसर्थ, उल्लिखित तथ्य, विवेचना, कानूनको आधार, कारणबाट नेपालगन्ज उपमहानगरपालिको मिति २०७१।१२।२३ को निर्णयउपर कानूनले तोकेको साधारण उपचारको वैकल्पिक मार्ग हुँदाहुँदै असाधारण उपचारको मार्ग रिट क्षेत्रमा प्रवेश गरी उपचार माग गरेको निवेदन खारेज गरेको पुनरावेदन अदालत नेपालगन्जको मिति २०७२।५।९ को आदेश कानून तथा न्यायसम्मतै देखिँदा सदर हुने ।

इजलास अधिकृतः दुर्गाप्रसाद भट्टराई

इति संवत् २०७५ साल असोज ७ गते रोज १ शुभम् ।

३

मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री डम्बरबहादुर शाही, *०७३-CI-११८९, उत्प्रेषण / परमादेश, सनपत यादव वि. जिल्ला प्रहरी कार्यालय, चन्द्रगढी झापासमेत*

प्रहरी ऐनबमोजिम मलाई विभागीय कारबाही नगरिकनै एकैसाथ जागिरबाट हटाउने गरी भएको जिल्ला प्रहरी कार्यालयको मिति २०७२।४।२४ को

निर्णय र सो निर्णयलाई सदर गर्ने गरेको अञ्चल प्रहरी कार्यालय मेचीको मिति २०७२।११।१३ को निर्णय बदर गराई पाउँ भन्ने मुख्य पुनरावेदन जिकिर रहेको देखिन्छ। उल्लिखित जिकिरको सन्दर्भमा निवेदकलाई विभागीय कारबाही नगरिकनै सेवाबाट बर्खास्त गरेको हो, होइन सो सन्दर्भमा मिसिल संलग्न कागजात हेर्नुपर्ने देखियो । निज ताप्लेजुङ प्रहरी कार्यालयमा कार्यरत रहेको अवस्थामा सोही कार्यालयमा कार्यरत प्रहरी जवान महेन्द्रबहादुर तामाङको मोबाइल चोरी गरी बेचेको कसुरमा सफाइको मौकासमेत दिई स्पष्टीकरण माग गरेकोमा बनावटी स्पष्टीकरण पेस गरेको भनी कारबाहीको सिलसिलामा हिरासतमा राखिएको अवस्थामा पुनः अनुसन्धानको सिलसिलामा रहेका व्यक्तिको खल्तीबाट रू.६२०/- चोरी गरी पटकपटक अनुशासनहिन काम गरेको भनी मिति २०६८।२।१८ मा नसिहत दिएको देखिएको, मिति २०६८।४।२७ मा तल्लो टाइम स्केलमा घटुवा गरेको, जिल्ला प्रहरी कार्यालय झापाको पत्रले मिति २०७०।३।७ मा निलम्बन गरेको, मिति २०७०।१२।१० को पत्रले निलम्बन फुकुवा जस्ता कारबाही गरिसकेको हो भनी खुलाएको देखिन्छ । उल्लिखित विभिन्न पत्रबाट निजलाई विभागीय कारबाही गरिसकेको अवस्थामा निजले प्रहरी राष्ट्रसेवकले आफ्नो व्यवहारमा सुधार ल्याउनु पर्नेमा आफूसँगै अनुसन्धानको सिलसिलामा बसेका थुनुवाको पैसा चोरी गर्ने, समान दर्जाका साथीको मोबाइल चोरी गर्ने जस्ता अनुशासनहिन कार्य पटकपटक कार्य गरेको देखिन आयो। निजको वैयक्तिक विवरणको अभिलेखमा अनुशासनहिन कार्य पटकपटक गरेको पाइएको भनी निजलाई प्रहरी नियमावली, २०७१ (संशोधनसहित) को नियम ११३ को खण्ड (क)(ख)(ग) र (घ) को कसुरमा ऐ. को ११९ को २(ख) बमोजिम ऐ.ऐ. को नियम १०९ को (ख)(१) बमोजिम भविष्यमा सरकारी सेवाको लागि अयोग्य नठहरिने गरी नोकरीबाट हटाउने भनी जिल्ला प्रहरी कार्यालय झापाबाट मिति २०७२।४।२४ मा निर्णय भएको पाइन्छ । सो निर्णयउपर यी पुनरावेदकले पुनरावेदन गरेकोमा निजलाई भएको सजाय कानूनसम्मत् भएको भनी निजको पुनरावेदन मिति २०७२।११।१३ खारेज गरेको पाइने।

माथि उल्लिखित तथ्यबाट निजले पुनरावेदन जिकिर लिएबमोजिम विभागीय कारबाही नगरी स्पष्टीकरणको मौकासमेत नदिई एकै पटक सेवाबाट बर्खास्त गरेको भन्ने देखिएन । प्राकृतिक न्यायको सिद्धान्तबमोजिम निजले गरेको कसुरको बारेमा स्पष्टीकरण सोधी सुनुवाइको पर्याप्त मौका प्रदान गरी तल्लो स्केलमा घटुवा, निलम्बन, निलम्बन फुकुवासमेत गरी सकेको अवस्थामा पनि सहकर्मी साथीको मोबाइल चोरी गर्ने जस्तो कार्य गरेको स्वीकारोक्ति र घटनास्थल प्रकृति मुचुल्काहरूको आधारमा भविष्यमा सरकारी सेवाको लागि अयोग्य नठहरिने गरी प्रहरी सेवाबाट बर्खास्त गर्ने गरेको निर्णय कानूनसम्मत् ठहर गरेको पुनरावेदन अदालत इलामको आदेश न्यायसम्मत नै देखिने।

तसर्थ, उल्लिखित तथ्य, विवेचित आधार, कारणबाट पटकपटक अनुशासनहिन कार्य गरेको भनी स्पष्टीकरण सोधी विभिन्न सामान्य सजाय दिइसकेको अवस्थामा पुनः चोरी गर्ने कार्यमा संलग्न भएको भनी प्रहरी नियमावली, २०७१ (संशोधनसहित) को नियम ११३ को खण्ड (क)(ख)(ग) र (घ) को कसुरमा ऐ. को ११९ को २(ख) बमोजिम ऐ.ऐ. को नियम १०९ को (ख)(१) बमोजिम भविष्यमा सरकारी सेवाको लागि अयोग्य नठहरिने गरी नोकरीबाट हटाउने भनी जिल्ला प्रहरी कार्यालय झापाबाट मिति २०७२।४।२४ मा भएको निर्णय न्याय र कानूनसम्मत ठहराइएको उच्च अदालत विराटनगर, इलाम इजलासको मिति २०७३।५।१२ को आदेश मनासिब देखिँदा सदर हुने।

इजलास अधिकृतः दुर्गाप्रसाद भट्टराई

कम्प्युटर: राधिका घोरासाइने

इति संवत् २०७५ साल असोज ७ गते रोज १ शुभम्।

४

मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना, *०७२-CI-०६३२, उत्प्रेषण / परमादेश / निषेधाज्ञा, सूर्यनारायण साह वि. जिल्ला शिक्षा कार्यालय, सिराहासमेत*

निवेदकले लिएको पुनरावेदन जिकिरमा आफूले गैरकानूनी तरिकाले गठन भएको विद्यालय विघटन गर्न जिल्ला शिक्षा समिति सिराहामा दिएको निवेदनउपर कुनै कारबाही नभएकोले नै रिट लिई अदालतमा आएकोले मागबमोजिम रिट जारी नगर्ने पुनरावेदन अदालत राजविराजको त्रुटिपूर्ण फैसला बदर गरी मेरो निवेदन मागबमोजिम रिट जारी गरिपाउँ भनी उल्लेख भएको देखिन्छ । विधिसम्मत तरिकाले सदस्यहरूको मनोनयन भएको भनी विपक्षी विद्यालय व्यवस्थापन समितिको लिखित जवाफ रहेको र विद्यालय व्यवस्थापन समितिले तोकेबमोजिमको कार्य नगरे शिक्षा ऐन, २०२८ बमोजिम उचित कार्यविधि अपनाई जिल्ला शिक्षा समितिबाट कारबाही हुन सक्ने व्यवस्था हुँदाहुँदै त्यसतर्फ गएको बेहोरा निवेदकले वस्तुनिष्ठ प्रमाणद्वारा पुष्टि गर्न सकेको देखिँदैन । विद्यालय व्यवस्थापन समिति विघटन नहुँदा निवेदकको आधारभूत मौलिक हक हनन् हुन पुगेको अवस्था पनि देखिँदैन । कानूनबमोजिम कुनै समिति वा निकायले काम नगरे त्यसलाई के गर्नु पर्छ भन्ने कुरा तत्सँग सम्बन्धित कानूनमै उल्लेख भएको अवस्थामा सामान्य कार्यविधि र अधिकार क्षेत्र प्रयोग नगरी असाधारण अधिकार क्षेत्रको प्रयोग गरी उपचार माग गरेको प्रस्तुत विवादमा निवेदन खारेज गर्ने गरी भएको पुनरावेदन अदालत राजविराजको फैसला कानूनसम्मत मिलेकै देखिन्छ । पुनरावेदक निवेदकको पुनरावेदन जिकिर न्यायोचितसमेत नदेखिने ।

तसर्थ, माथि विवेचित मुद्दाको तथ्य, आधार र कारणहरूबाट समेत निवेदन खारेज हुने ठहऱ्याएको पुनरावेदन अदालत राजविराजको मिति २०७१।११।१७ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: मुकुन्द आचार्य
कम्प्युटर: अमिररत्न महर्जन
इति संवत् २०७६ साल पुस ६ गते रोज १ शुभम् ।

इजलास नं.१६

मा.न्या.श्री पुरूषोत्तम भण्डारी र मा.न्या.श्री सुष्मालता माथेमा, ०७२-CI-०९०९, अंश, महरून निसासमेत वि. नसरन निसासमेत

विवादित कि.नं. ६३७ र कि.नं. ६३८ का जग्गाहरू मूल व्यक्ति अब्दुल रसिदले निजको जीवनकालमा बद्रीप्रसाद श्रीवास्तवबाट खरिद गरी लिएको भई स्वआर्जनको सम्पत्ति भए तापनि निज अब्दुल रसिदका छोराहरूको लागि उक्त जग्गाहरू सगोलकै पैतृक सम्पत्ति मान्नुपर्ने हुन्छ । यसरी आफूसमेत सबै छोराहरूको अंशबन्डा लाग्ने सम्पत्तिलाई अब्दुल रसिदले आफूखुसी वादीसमेतका अन्य अंशियारहरूको सहमतिबेगर केही अंशियार तथा प्रतिवादी पुनरावेदकलाई मात्र बकसपत्र गरी दिन कानूनः मिल्ने नदेखिने ।

विवादित कि.नं. ६३७ र कि.नं. ६३८ का जग्गाहरू अब्दुल रसिदले आफूखुसी गर्न पाउने सम्पत्ति नभई वादी प्रतिवादीहरूको लागि पैतृक सम्पत्ति भएको अवस्थामा उक्त जग्गाहरू प्रतिवादीहरूमध्ये जेठी बुहारी महरून निशा र माइला छोरातर्फका नाती अब्दुल महफुजलाई अलग अलग बकसपत्रको लिखत गरी दिँदा यी वादीको मन्जुरी लिएको वा निजलाई साक्षी राखेको नदेखिँदा उक्त बकसपत्रलाई कानूनतः मान्यता दिन मिल्ने पनि नदेखिने ।

प्रस्तुत मुद्दामा एकासगोलमा रहे बसेको अवस्थामा अब्दुल रसिदले सगोलकै अंशियार महरून निसा र अब्दुल महफुज खाँलाई बकसपत्र गरी सगोलको पैतृक सम्पत्तिको हक हस्तान्तरण गरेको कार्य कायम रहने हो भने त्यस्तो सम्पत्तिमा

अन्य अंशियारको सम्पत्तिसम्बन्धी समान हकमा आघात पुग्न गई अंशसम्बन्धी हक नै समाप्त हुन जाने हुन्छ । यस्तो अवस्थामा उक्त विवादित बकसपत्रको लिखतको अस्तित्व स्वतः समाप्त भई उक्त लिखतबाट हस्तान्तरित सगोलका कि.नं. ६३७ र कि.नं. ६३८ का जग्गाहरू सगोलकै अंशियारमा रहे भएमा सगोलको सम्पत्ति देखिएबाट अंशियार जसको नाममा भए पनि अंशियारहरूबिच बन्डा लाग्ने नै देखिँदा उक्त जग्गाहरूसमेत बन्डा लाग्ने ठहर गरेको तत्कालीन पुनरावेदन अदालत बुटवलबाट भएको फैसला अन्यथा नदेखिने ।

तसर्थ, प्रतिवादीहरू महरून निसा र अब्दुल महफुज खाँले अब्दुल रसिदबाट हालैको बकसपत्रबाट पाएको कि.नं. १२६ बाट कित्ताफोड भएको कि.नं.६३७ र ६३८ का जग्गाहरू निजी आर्जन भनी बन्डा गर्नु नपर्ने ठहरी सुरू कपिलवस्तु जिल्ला अदालतबाट मिति २०७१।०३।१५ मा भएको फैसला सो हदसम्म उल्टी गरी उक्त कि.नं. ६३७ र ६३८ का जग्गाहरू पैतृक सम्पत्ति भई बन्डा लाग्ने प्रकृतिका भएको हुँदा सो कि.नं.६३७ र ६३८ समेतबाट वादीहरूले ५ भागको १ भाग अंश पाउने ठहर्छ भनी तत्कालीन पुनरावेदन अदालत बुटवलबाट मिति २०७२।०२।०७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः हेमा पाण्डे

इति संवत् २०७६ साल फागुन २८ गते रोज ४ शुभम् ।

इजलास नं.१७

मा.न्या.श्री बमकुमार श्रेष्ठ र मा.न्या.श्री कुमार रेग्मी, *०७१-CR-०१८८, जालसाज, मुनेश्वर शाह वि. इसैर साहसमेत*

पुनरावेदक वादी मुनेश्वर साह तेली वादी भएको र प्रतिवादीहरू सुवालाल साह तेली, इसैर साह तेली, शिवशंकर साह तेली तथा फेकनी देवी साहसमेत भएको २०५७ सालको दे.नं.१२६५ को अंश दर्ता मुद्दा सुरू सिराहा जिल्ला अदालतबाट मिति २०५८।२।८ गते फैसला भएको भन्ने प्रमाण मिसिलबाट देखिन्छ । उक्त फैसलाबाट वादी मुनेश्वर साह तेलीले २ भागको १ भाग अंश पाउने ठहर भएको देखिन्छ । तत्पश्चात् उक्त फैसलाउपर पुनरावेदन परी तत्कालीन पुनरावेदन अदालत राजविराजबाट मिति २०५९।२।२९ मा सुरू फैसला सदर हुने ठहर गरी फैसला भई सो अंशदर्ता मुद्दा अन्तिम भई बसेको देखिन आउने ।

यसरी उक्त अंश दर्ता मुद्दा फैसला भई अन्तिम भई बसेको अवस्थामा यी पुनरावेदक वादी मुनेश्वर साहले फैसला कार्यान्वयनमा कुनै चासो नदेखाई बसेको अवस्था छ । तत्कालीन मुलुकी ऐन, दण्ड सजायको ४६ नं. को कानूनी व्यवस्थालाई मध्यनजर गर्दा फैसलाअनुसार आफूले प्राप्त गर्ने अंश सो उल्लिखित दण्ड सजायको ४६ नं. को म्यादभित्र वादीले आफ्नो भाग छुट्टाउन निवेदन गर्नुपर्ने भन्ने व्यवस्था भएबमोजिम फैसला कार्यान्वयनमा वादीले कुनै कारबाही नगरेको अवस्था छ । तत्पश्चात् प्रतिवादी सुवालाल साह तेलीले उक्त अंश दर्ताको फैसला अनुसारको अंश छुट्टाई पाउँ भनी मिति २०६२।२।८ मा सुरू अदालतमा निवेदन दिएको र सुरू सिराहा जिल्ला अदालतबाट बिगो नं.६८४।१७४ को मिसिलबाट फैसला कार्यान्वयनको कारबाही प्रक्रिया अगाडि बढाएको देखिने ।

मिसिल संलग्न बिगो नं. ६८४।१७४ को मिसिल दृष्टिगत गर्दा अंशबन्डा छुट्याइदिन आउनु भनी वादी मुनेश्वर साह तेलीका नाममा १५ दिने म्याद मिति २०६२।३।२७ मा तामेल भएको देखिन्छ । सो म्यादमा यी पुनरावेदक वादी उपस्थित नभई म्यादै गुजारी बसेको देखिन्छ । यसबाट पुनरावेदक वादी मुनेश्वर साहलाई अंशबन्डा छुट्याउने प्रयोजनका लागि उपस्थित हुन सूचना दिएको पाइन्छ । सो सूचनालाई बेवास्ता गरी पुनरावेदक वादी अदालतमा उपस्थित हुन आएको देखिएन । यस्तो अवस्थामा निजले आफूले सूचना नै नपाएको भनी लिएको पुनरावेदन जिकिर तर्कसङ्गत र

न्यायसङ्गत देखिन आएन।

मिसिल संलग्न मिति २०६२।५।३० गतेको बन्डा मुचुल्कालाई मध्यनजर गर्दा, फैसलाबाट ठहर भएको वादी मुनेश्वर साह तेलीको २ भागमध्ये १ भाग सम्पत्ति नरम गरम मिलाई, गोलासमेत हाली वादी प्रतिवादीको रोहवरमा बन्डा मुचुल्का भएको देखिन्छ । उक्त बन्डा मुचुल्कामा रोहबरमा बसेपनि पुनरावेदक वादीले सहीछाप गरेको देखिएन । वादी मुनेश्वर साह तेलीका पत्नी गुलाब देवी साह तथा छोरा विनोदकुमार साहसमेतको नाममा जग्गा राखी बन्डा मुचुल्का सहीछाप गरेको देखिन्छ । बन्डा मुचुल्कामा वादी मुनेश्वर साह तेलीको अंश भागमा परी निजकै नाममा दा.खा.दर्ता हुने जग्गा भनी वादीको हकको जग्गासमेत छुट्टाई बन्डा मुचुल्का भएको देखिँदा वादी मुनेश्वरको हकमा असर परेको भनी मान्न सकिने अवस्था देखिँदैन । उक्त बन्डा मुचुल्कामा रोहवरमा बसे पनि पुनरावेदक वादीले सहीछाप नगरेको भन्ने बेहोरा परेबाट वादीको उपस्थिति रहेको भन्ने देखिँदा पुनरावेदक वादीले जालसाजीपूर्ण तरिकाबाट बन्डापत्र भएको भन्ने कुरा आफूले मिति २०६७।५।२४ मा नक्कल लिई हेर्दा थाहा पाएको भन्ने भनाइको कुनै सार्थकता र सान्दर्भिकता देखिन नआउने।

तत्कालीन मुलुकी ऐन, दण्ड सजायको ४६ नं. को देहाय १८ नं. मा **"वादीले अंश पाउने ठहरी अन्तिम फैसला भएको मुद्दामा अन्य प्रतिवादी अंशियारहरूले पनि आफ्नो अंश छुट्याई लिन दरखास्त दिएमा कानूनबमोजिम लाग्ने कोर्ट फी लिई फैसलाबाट ठहरेबमोजिमको सम्पत्तिबाट अंश छुट्याई दिलाई दिनुपर्छ"** भन्ने कानूनी व्यवस्था भएको पाइन्छ । प्रतिवादी सुवालाल साह तेलीको सोही कानूनी व्यवस्थाअनुरूप बन्डा छुट्याइपाउँ भनी निवेदन परी सुरू सिराहा जिल्ला अदालतबाट कानूनबमोजिम बन्डा मुचुल्का खडा गरी अंशबन्डा गरिदिएको देखिन्छ । सो बन्डा मुचुल्का भएउपर पुनरावेदक वादीले तत्कालीन मुलुकी ऐन, दण्ड सजायको ६१ नं. बमोजिमको उपचारको बाटोसमेत अवलम्बन गरेको देखिन नआउने।

फैसला कार्यान्वयनको विषयलाई गम्भीरताका साथ लिनुपर्छ । फैसला कार्यान्वयन नै न्यायको अन्तिम लक्ष्य हुने भएकाले न्यायको अनुभूति दिलाउन पनि फैसला कार्यान्वयन समयमा नै सम्पन्न हुन अति जरूरी छ। अदालतको जनआस्था अभिवृद्धि गर्न फैसला कार्यान्वयनले अहम् भूमिका निर्वाह गर्दछ । वादी स्वयंले फैसला कार्यान्वयनलाई ध्यान नदिने, प्रतिवादीको कानूनबमोजिम दरखास्त परी फैसला कार्यान्वयनको सन्दर्भमा कानूनसम्मत रूपमा बन्डा मुचुल्का तयार गरिएको छ । फैसला कार्यान्वयनको सिलसिलामा तयार भएको बन्डा मुचुल्कालाई जालसाजको संज्ञा दिन मिल्ने देखिएन। अत: मिति २०६२।५।३० को बन्डा मुचुल्का जालसाज घोषित गर्नुपर्नेमा वादी दाबी नपुग्ने ठहर गरेको तत्कालीन पुनरावेदन अदालत राजविराजको फैसला बदर गरिपाउँ भन्ने वादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः विवेचित आधार, कारणबाट वादी दाबी पुग्न नसक्ने ठहऱ्याई फैसला गर्नुपर्नेमा वादी दाबीको मिति २०६२।५।३० को बन्डा मुचुल्का जालसाजी ठहऱ्याई प्रतिवादीहरूलाई किर्ते कागजको १० नं. बमोजिम रू.१५०।- जरिवाना हुने ठहऱ्याई सुरू सिराहा जिल्ला अदालतबाट मिति २०६८।३।२० मा भएको फैसला मिलेको नदेखिँदा उल्टी भई वादी दाबी पुग्न नसक्ने ठहर गरी भएको तत्कालीन पुनरावेदन अदालत राजविराजको मिति २०७०।९।८ को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृतः- भरतकुमार दाहाल

इति संवत् २०७६ साल मङ्सिर १८ गते रोज ४ शुभम्।

- यसै लगाउको ०७१-CI-०१७८, बन्डापत्रको लिखित बदर दर्ता बदर दर्ता, मुनेश्वर शाह वि. इसैर शाह तेलीसमेत भएको मुद्दामा यसैअनुसार फैसला भएको छ।